सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ असार २०८०, बुधबार (28 June 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ७६ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

बालेनलाई दोहोरो झड्का

अवहेलनासम्बन्धी मुद्दामा लिखित जवाफ दिन सर्वोच्चको आदेश



उच्चले भन्यो- चलचित्र रोक्ने क्षेत्राधिकार महानगरको होइन

(विस्तृत पृष्ठ २)

विदेश जाने विद्यार्थीको संख्या बढेपछि ५३९ क्याम्पस बन्द हुने अवस्थामा



विद्यार्थीको खडेरी पर्न थालेपछि क्याम्पसहरू गाभिने प्रक्रियामा, दुईवटा क्याम्पसले दिए मर्जरमा जान निवेदन

(विस्तृत पृष्ठ ३)

विद्रोही समूहपछि आपराधिक गिरोहसँग वार्ता गर्दै कोलम्बिया



वर्तमान पेट्रो सरकारले आफ्नो 'पूर्ण शान्ति' रणनीतिअन्तर्गत आपराधिक समूहसँग वार्ताको प्रयास सुरु गरेको छ

(विस्तृत पृष्ठ ७)

पेट्रोल, डिजेल र विद्युत्को विकल्प बन्ला हाइड्रोजन ?



खाना पकाउन, गाडी चलाउन, हवाईजहाज उडाउन पनि हाइड्रोजन ऊर्जाको प्रयोग गर्न सकिने

(विस्तृत पृष्ठ ८)

देशैभर विद्युत् ट्रिपिङको समस्या, जलविद्युत्को चक्र प्रभावित



प्रसारण लाइन अभाव भएपछि उत्पादन घटाउन जलविद्युत् आयोजनालाई प्राधिकरणको निर्देशन

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ सिआइबीले फेरि खोल्यो ललितानिवासको फाइल

१३ अर्बको हिनामिनामा तीन सयभन्दा धेरै प्रतिवादी

■ पक्राउ पर्न थाले हाई प्रोफाइल, चार मुद्दामा ४०६ विरुद्ध पक्राउ पुर्जी



● **किरण बज्राचार्य**
एआइजी तथा सिआइबी निर्देशक

सरकारी कागजात किर्ते गरी सरकारी जग्गा हिनामिना गरेको अभियोगअन्तर्गत केही आज (मंगलबार) पक्राउ परे, अरू पनि पक्राउ पर्छन्। सोहीअनुसार प्रहरीका टोली खटिएका छन्। बुधबारसम्म पक्राउ पर्ने संख्या अझ बढ्नेछ।

● **ललितानिवास जग्गा हिनामिना छानबिन समितिका संयोजक शारदाप्रसाद त्रिताल भन्छन्–**



जग्गा हिनामिनाका लागि धेरै कागजातहरू किर्ते भएको छ। सक्कली कागजपत्रहरू हटाउने र नक्कली राख्ने काम भएको छ। हुँदै नभएको मोही कायम गरिएको छ। भूमाफिया, कर्मचारी र नेताको त्रिपक्षीय सञ्जालबाट भएको अपराध हो यो। त्यसकारण अहिलेको अनुसन्धानले धेरै कुराको पर्दाफास गर्नेछ भन्ने विश्वास छ।

पूर्वमन्त्रीहरू पनि छन् सिआइबीको अनुसन्धान घेरामा

नवराज मैनाली, टेकराज थामी

भूमाफिया, कर्मचारी र राजनीतिक नेतृत्वको त्रिपक्षीय मिलेमतोमा भएको बालुवाटारस्थित ललितानिवासको १४३ रोपनी जग्गा हिनामिनाको फाइल खोलेर प्रहरीले फेरि अनुसन्धान अघि बढाएको छ। 'हाई प्रोफाइल' जोडिएको यो अनियमितताको अनुसन्धान पाँच वर्षदेखि हुँदै आए पनि राजनीतिक दबाबका कारण मुद्दा दायर हुन सकेको छैन।



मीनबहादुर गुरुङ




सुधीरकुमार शाह

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले मंगलबार यो प्रकरणका केही अभियुक्तलाई पक्राउ गरेर मुद्दालाई अदालत पुऱ्याउने तयारी गरेको छ। सिआइबीले भाटभटेनी सुपरमार्केटका मालिक मीनबहादुर गुरुङ, पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह,

» पृष्ठ ११ मा क्रमशः

■ बालुवाटारको १४३ रोपनी जग्गा यसरी टुक्राटुक्रा पारेर गरिएको थियो हिनामिना



- सरकारले अधिग्रहण गरेको जग्गालाई जफत गरिएको व्याख्या गरेर ०४९ मा सुवर्णशमशेरको परिवारलाई फिर्ता गरिएको ११२ रोपनी
- बिचौलियाले ०६२ मा छुट दर्ताको नाममा व्यक्तिका नाममा पुऱ्याएको १२ आना २ पैसा जग्गा
- विशिष्ट व्यक्तिको निवास क्षेत्र विस्तारका नाममा व्यक्तिमा पुगेको १४ रोपनी १० आना जग्गा
- बिचौलियाकै पहलमा सट्टाभर्नाका नाममा व्यक्तिमा लगिएको करिब १० रोपनी जग्गा
- पशुपति टिकिन्छा गुठीका नाममा नक्कली मोही खडा गरी बिक्री भएको साढे पाँच रोपनी जग्गा

कांग्रेसका संस्थापक नेता सुवर्णशमशेर राणाका परिवारको २९९ रोपनी नौ आना तीन पैसा जग्गा १५ मंसिर ०२१ मा सरकारले जग्गा प्राप्ति ऐनअनुसार क्षतिपूर्ति दिएर अधिग्रहण गरेको थियो। सोही जग्गामा प्रधानमन्त्री, सभामुख र प्रधानन्यायाधीशको निवास तथा राष्ट्र बैंकको कार्यालय छ। प्रधानमन्त्रीनिवासँगै जोडिएको १४३ रोपनी जग्गा पटक-पटक किर्ते कागजपत्र बनाएर व्यक्तिको नाममा पास गरिएको सिआइबी अनुसन्धानको निष्कर्ष छ। प्रहरीले पाँच वर्ष र अख्तियारले दुई वर्ष लगाएर अनुसन्धान गरेको थियो। अख्तियारले साढे तीन वर्षअघि नै मुद्दा दायर गरिसकेको छ। प्रहरीले भने रोकिएको फाइल पुनः खोलेर तीन सयभन्दा बढी प्रतिवादी र १३ अर्बभन्दा धेरै बिगो दाबीसहित मुद्दा दायर गर्ने तयारी गरेको छ।

■ सिआइबीको त्यो 'सेक्रेट प्लान'

विशेष टोलीको नेतृत्वमा १५ सहायक टोली परिचालन गरेर पक्राउ गरिए हाई प्रोफाइल

पटक-पटकको प्रयासपछि पनि ललितानिवास जग्गा प्रकरणसँग सम्बन्धित मुद्दा अघि नबढेपछि सिआइबी हैरान थियो। किनकि घटनामा 'हाई प्रोफाइल' अभियुक्त संलग्न थिए। सिआइबीले घटनालाई फरक ढंगले अनुसन्धान गर्न यसअघि पनि कोसिस नगरेको होइन। तर, सूचना चुहावटका कारण खुलेको फाइल पनि पटक-पटक बन्द भए। किनकि अभियुक्तको चलखेल चर्को थियो। त्यसो हुँदा अभियुक्त खुलेआम हिँडिरहेका थिए।

सिआइबी घटनाको फाइल पुनः खोल्ने मनस्थितिमा पुग्यो। सूचना लिक हुन सक्ने संशयबीच सिआइबीले महिना दिनअघि पाँच उच्च अधिकृत सम्मिलित विशेष टिम गठन गऱ्यो। घटनामा जोडिएका हाई प्रोफाइल अभियुक्त छनोट गऱ्यो। जसमध्ये हिट लिस्टका १५ अभियुक्त सिआइबीको 'रेड जोन'मा परे। त्यसमा पनि अग्रपंक्तिमा राखिएको थियो- भाटभटेनी सुपरमार्केटका मालिक मीनबहादुर गुरुङको नाम।

टिमले उनीहरू बस्ने ठाउँ, बोक्ने टेलिफोन नम्बर, चढ्ने गाडी, हिँड्ने सडक, काम गर्ने कार्यालय गोप्य रूपमा 'लोकेट' गऱ्यो। कथंकदाचित सूचना चुहावट भए उनीहरू भाग्न सक्ने र लुक्न सक्ने ठाउँको समेत सिआइबीले लोकेसन लियो। अभियुक्त हाई प्रोफाइल भएकाले उनीहरूले चलखेल गर्न सक्ने ठाउँ तथा पक्राउपछि आउन सक्ने दबाब र चुनौतीको पनि सिआइबीले विश्लेषण गऱ्यो।

जब अप्रेसन 'मुभ' हुने अवस्थामा पुग्यो। त्यसपछि सिआइबीले छुट्टाछुट्टै १५ वटा अर्को उपटिम गठन गऱ्यो। प्रत्येकलाई फरक-फरक व्यक्तिको फोटोसहित लोकेसन, टेलिफोन नम्बर, गाडी नम्बर उपलब्ध गरायो। र, उनीहरूलाई पक्राउ गर्न 'कन्साइन्मेन्ट' दियो। सोही 'कन्साइन्मेन्ट' पूरा गर्न सिआइबीका १५ उपटिम चार दिनदेखि सक्रिय थिए। जसमध्ये सिआइबीको सात 'टार्गेट' सफल भयो। बाँकी आठ टार्गेट भने विविध कारणले पूरा हुन सकेन।

आज न्यायपरिषद् बैठक

उच्चमा २७ र सर्वोच्चमा ६ न्यायाधीश नियुक्त गर्न सक्ने

काठमाडौं/ सर्वोच्च र उच्च अदालतमा रिक्त न्यायाधीश पदमा नियुक्तिका लागि बुधबार न्यायपरिषद् बैठक बस्दै छ। परिषद्ले उच्च अदालतमा २७ र सर्वोच्चमा ६ न्यायाधीश नियुक्त गर्न सक्ने सम्भावना छ।



सम्मानजनक नियुक्ति गर्न बारको ध्यानाकर्षण

सोमबार बसेको परिषद् बैठकमा पनि न्यायाधीश नियुक्ति हुन सकेको थिएन। भागबन्डाको राजनीतिले लामो समयदेखि न्यायाधीश नियुक्ति अवरुद्ध हुँदै आएको छ।

परिषद्का अनुसार गत वर्ष साउनमा उच्चका २७ न्यायाधीशका लागि आवेदन आह्वान भएकोमा संक्षिप्त सूचीसमेत तयार भइसकेको छ। त्यसलाई अन्तिम रूप दिन बाँकी छ।

सहमति जुटे सर्वोच्चमा पनि न्यायाधीश नियुक्तिको सिफारिस गर्ने तयारी छ। हाल सर्वोच्चमा ६ न्यायाधीशको दरबन्दी रिक्त छ। उच्चमा ४१ जना न्यायाधीशको पद रिक्त छ।

पहिलोपटक परिषद्ले न्यायाधीश नियुक्तिको निर्देशिकाअनुसार उच्चको न्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाएको छ। परिषद्ले १० साउन ०७९ मा संविधान, न्यायपरिषद् ऐन र न्यायाधीश नियुक्तिको मापदण्डबमोजिम योग्यता पुगेका नेपाली नागरिकलाई १० दिनभित्र विवरण पेस गर्न सूचना निकालेको थियो। त्यसमा अढाई सयभन्दा बढी इच्छुक देखिएका थिए। सूचीमा रहेकामध्ये अन्तिम सूची प्रकाशित भएको छैन।

उच्चमा न्यायाधीश नियुक्तिको विषयमा नेपाल बार एसोसिएसनले चासो राखेको छ। कानुन व्यवसायी पृष्ठभूमिबाट पनि न्यायाधीश नियुक्ति गर्न बारले न्यायपरिषद्लाई स्मरण गराएको छ।

बारकी महासचिव अञ्जिता खनालले मंगलबार

» पृष्ठ ११ मा क्रमशः



डलर अर्बपति ज्याक मा काठमाडौंमा

बत्तीसपुतलीस्थित होटेल द्ववारिकाजमा बसेका ३३ अर्ब ६० करोड डलरका मालिक ज्याक माको भ्रमण कार्यक्रमबारे केही सार्वजनिक गरिएको छैन

मीनराज बसन्त/नयाँ पत्रिका

चिनियाँ धनाढ्य एवं अलिबाबा समूहका संस्थापक ज्याक मा काठमाडौं आएका छन्। सात सदस्यीय टोलीसहित उनी मंगलबार दिउँसो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएका हुन्। अध्यागमन विभागका सूचना अधिकारी खिमराज भुसालका अनुसार ज्याक मा बंगलादेशबाट चार्टर फ्लाइटमा आएका हुन्। उनले १५ दिनको अनअराइभल पर्यटन भिसा लिएका छन्।

बत्तीसपुतलीस्थित द्ववारिकाज होटेलमा बसेका ज्याक माको भ्रमण कार्यक्रमबारे केही सार्वजनिक गरिएको छैन। उनी नेपालमा कति दिन बस्छन्, कहाँ-कहाँ जान्छन् र कस-कसलाई भेट्छन् भन्ने खुलाइएको छैन। यद्यपि, नेपाल बसाइका क्रममा उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्ने कार्यक्रम रहेको स्रोतको भनाइ छ।

प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले ज्याक मासँग प्रधानमन्त्रीको भेट तय भइनसकेको बताए। 'कुराकानी भइरहेको छ, तर भेट्ने तयचाहिँ भइसकेको छैन,' उनले भने, 'वैधानिक ढंगबाट नेपालमा लगानी गर्न चाहनेलाई नेपाल सरकारले स्वागत गर्छ, प्रधानमन्त्री यस मामिलामा सकारात्मक हुनुहुन्छ, समय मिलेसम्म उहाँसँग भेट हुन सक्छ।' निजी क्षेत्रसँग पनि ज्याक माको कुनै बैठक वा भेटघाट तय भएको छैन। नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक गोकर्ण अवस्थीले ज्याक मासँग महासंघको कुनै भेट तथा छलफल कार्यक्रम तय नभएको बताए।



■ को हुन् ज्याक मा ?

१० सेप्टेम्बर १९६४ मा चीनको हाङ्जाउमा जन्मिएका ज्याक मा बाल्यकालदेखि नै अंग्रेजी भाषाप्रति लगाव राख्थे। त्यसकै कारण उनी नौ वर्षको हुँदा टुरिस्ट गाइड गर्न २७ किलोमिटर साइकल चलाएर जान्थे। यसरी उनले अंग्रेजी भाषा सुधार गरेका थिए।

ग्राजुएसनपछि ज्याक माले अंग्रेजी शिक्षकका रूपमा करिअर सुरु गरे। जागिरका लागि ३० पटकभन्दा बढी आवेदन दिँदा पनि उनले असफलता मात्रै पाए। केही सीप नलागेपछि प्रहरीमा भर्ती हुने उनको कोसिस पनि व्यर्थ भयो। कतिसम्म भने एकपटक चीनमा खुलेको केएफसीको ब्रान्चमा जागिरका लागि ज्याक माले अन्तर्वार्ता दिए। तर, २४ जनामध्येबाट २३ जना छनोट भए, उनी मात्रै फालिएका थिए।

सन् १९९५ मा ज्याक मा आफ्ना केही साथीसहित अमेरिका पलायन भए। त्यहाँ पुगेपछि उनले इन्टरनेटमा चीनबारे सामग्री खोजे। आफूले खोजेको चिज नभेटेपछि पुनः चीन फर्केर इन्टरनेट कम्पनी सुरु गरे। यसमा लगानीकर्ता तुरुन्तै लगानी गर्न राजी भए। ज्याक मा आफैंलाई कम्प्युटरबारे खासै जानकारी थिएन। तर, 'खाने मुखलाई जुँगाले छेक्दैन'

» पृष्ठ ११ मा क्रमशः

■ महानगरको नजर अब प्लस टु तहतर्फ

११ र १२ कक्षामा लाग्ने शुल्क नियमन सुरु

काठमाडौं/ काठमाडौं महानगरपालिकाले महानगरमा सञ्चालित सबै संस्थागत (निजी) विद्यालयले ११ र १२ कक्षामा अध्ययनरत विद्यार्थीबाट लिने शुल्कको विवरण माग गरेको छ। महानगरले सोमबार सूचना जारी गर्दै शैक्षिक सत्र ०८०/८१ मा ११ कक्षामा भर्ना हुने विद्यार्थीसँग कुन शीर्षकमा कति शुल्क लिने भन्ने विवरण माग गरेको हो।

महानगरपालिका शिक्षा ऐन, ०७५ को दफा २७ (९) बमोजिमको विद्यालय व्यवस्थापन समितिको निर्णयसहित शुल्क प्रस्तावको विवरण असार मसान्त ०८० भित्र महानगरपालिकाको शिक्षा विभागमा उपलब्ध गराउन निर्देशन दिइएको छ। ११ र १२ कक्षामा निजी स्कुलहरूले मनपरी शुल्क असुल्ने गरेको र गुणस्तरीयतामा ध्यान नदिएको भन्दै महानगर कार्यालयमा गुनासो भएपछि उक्त सूचना जारी गरेको जनाइएको छ। 'काठमाडौं महानगरपालिकामा सञ्चालित सबै संस्थागत (निजी) विद्यालयले शैक्षिक सत्र ०८०/८१ मा ११ कक्षामा भर्ना गरिने विद्यार्थीसँग के-के शीर्षकमा कति शुल्क लिने हो महानगरपालिका शिक्षा ऐनबमोजिमको व्यवस्थापन समितिको निर्णयसहित शुल्क प्रस्ताव असार मसान्त ०८० भित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं।'

■ समाधान होला भद्रगोल ?

देशभर चार हजार तीन सय १० सामुदायिक विद्यालय, आठ सय ७७ निजी र संस्थागत विद्यालय छन्। यी विद्यालयमा करिब ६ लाख विद्यार्थी अध्ययनरत छन्। तर, ११ र १२ कक्षामा अध्यापन गराउने शिक्षक एकजना पनि स्थायी छैनन्। यसबारे सरकारी निकायले चासो नदिँदा प्लस टु तह भद्रगोल अवस्थामा छ। निजी मात्रै होइन, प्लस टु तह अध्यापन हुने ४३ सय १० सामुदायिक विद्यालयमा अध्यापनरत सबै शिक्षक पनि अस्थायी हुन्। सरकारले सामुदायिक विद्यालयमा कार्यरत राहत, करार र अस्थायी दरबन्दीका कुनै पनि शिक्षकलाई स्थायी गर्न सकिरहेको छैन। जसका कारण सरकारले १२ कक्षासम्मको पढाइ निःशुल्क भए पनि धेरैजसोले शुल्क लिएर पठनपाठन गराइरहेका छन्।

■ ०४९ सालदेखि एकजना पनि छैनन् स्थायी शिक्षक

सरकारले ०४६ मा उच्च मावि शिक्षा नियमावली ल्याएपछि ०४९ मा उच्च माध्यमिक विद्यालय तह पठनपाठन सुरु गरेको थियो। यस हिसाबले ३० वर्ष बित्दासमेत सरकारले उमावि तहमा एकजना शिक्षकलाई पनि स्थायी दरबन्दी कायम गर्न सकेको छैन। नेपालको संविधान ०७२ ले १२ कक्षासम्मको पढाइ निःशुल्क हुने व्यवस्था गरेको छ।

तर, शिक्षकहरूलाई स्थायी नगर्दा र आवश्यक मात्रामा शिक्षक नियुक्त नगर्दा सामुदायिक उमाविहरूले विद्यार्थीबाट शुल्क उठाएर व्यवस्थापन गर्दै आइरहेका छन्। हाल सरकारले ११ र १२ कक्षा पढाइ हुने सामुदायिक विद्यालयका लागि भन्दै राहत कोटा र करार दरबन्दीमा ६ हजार शिक्षक तोकेको छ। तर, राहत र करार सेवामै पनि पुग्दो मात्रामा शिक्षक नभएपछि उमाविहरूले अस्थायी प्रक्रियाबाट शिक्षक राखेर विषयगत पढाइ सञ्चालन गरिरहेको प्लस टुमा अध्यापन गराउँदै आएका शिक्षक अर्जुनप्रकाश भुसालले जानकारी दिए। उनले प्लस टु तहलाई सरकारले जिम्मा नलिँदा यो तहको पढाइसमेत अव्यवस्थित बनेको बताए।

■ बालेनलाई दोहोरो झड्का

अवहेलनासम्बन्धी मुद्दामा लिखित जवाफ दिन सर्वोच्चको आदेश

शिवहरि घिमिरे/ नयाँ पत्रिका

भारतीय चलचित्र 'आदिपुरुष'को प्रदर्शनसम्बन्धी विवादमा कानुनलाई चुनौती दिएका काठमाडौंका मेयर बालेन साहलाई एकै दिन अदालतबाट दोहोरो झड्का लागेको छ। भारतीय चलचित्र प्रदर्शन नरोक्न उच्च अदालतले मंगलबार पुनः अन्तरिम आदेश दिएको छ भने अवहेलनासम्बन्धी मुद्दामा सर्वोच्चले साहसँग लिखित जवाफ मागेको छ।

सर्वोच्च अदालतले अदालतको अवहेलनासम्बन्धी मुद्दामा काठमाडौंका मेयर साहसँग लिखित जवाफ मागेको छ। मंगलबार न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले प्रारम्भिक सुनुवाइ गर्दै लिखित जवाफ मागेको हो।



मेयर साहले भारतीय चलचित्र प्रदर्शनमा रोक लगाएपछि चलचित्र निर्माता अदालत गएका थिए। उच्च अदालत पाटनले बिहीबार काठमाडौंका हलमा भारतीय फिल्मको प्रदर्शन नरोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेलगत्तै काठमाडौंका मेयर बालेन्द्र साहले त्यसलाई चुनौती दिएका थिए।

आदेश आफ्नो पक्षमा नआएपछि मेयर साहले सरकार र अदालत भारतको गुलाम रहेको अभिव्यक्ति दिएका थिए। 'जहाँ सवाल देशको सार्वभौमिकता र स्वाधीनताको आउँछ, म कुनै कानुन र अदालतलाई मान्नेवाला छैन। 'फिल्मलेखकले नेपाल भारतको अधीनमा थियो भनिसकेपछि उनीहरूको नियत थाहा हुन्छ। यो कुरालाई नेपाल सरकारले स्टन्ट भन्नु र अदालतले फिल्म चल्न दिनु भनेको नेपाल भारतको अधीनमा थियो, अदालत र सरकार भारतको गुलाम भएको बुझिन्छ। यसका लागि जुनसुकै सजाय भोग्न तयार छु, तर फिल्म चल्दैन र चल्न दिइनेछैन,' मेयर साहले लेखेका थिए।

उच्चले भन्यो– चलचित्र रोक्ने क्षेत्राधिकार महानगरको होइन



चलचित्र संघले दायर गरेको रिटमा यसअघिकै अन्तरिम आदेशलाई निरन्तरता दिँदै उच्च अदालत पाटनले महानगरले भारतीय चलचित्र प्रदर्शनमा रोक लगाउन नहुने आदेश जारी गरेको छ। महानगरका मेयर साहले भारतीय चलचित्र 'आदिपुरुष' महानगरभित्रका फिल्म हलहरूमा सञ्चालन हुन नदिने निर्णय गरे पनि चलचित्र संघले रिट दायर गरेको थियो।

७ असारमा उच्चका न्यायाधीश धीरबहादुर चन्दको इजलासले भारतीय चलचित्रमा रोक नलगाउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो। मंगलबार दुवै पक्षलाई छलफलमा बोलाएको अदालतले पुरानै आदेशलाई निरन्तरता दिएको हो। अदालतको आदेशमा चलचित्र रोक्ने क्षेत्राधिकार महानगरको नभएको उल्लेख छ। मंगलबार न्यायाधीशहरू हरिप्रसाद पौडेल र नारायणप्रसाद पौडेलको इजलासले सो अन्तरिम आदेश जारी गरेको हो। महानगरपालिकाले भारतीय चलचित्र 'आदिपुरुष'मा 'सीता भारतीय छोरी हुन्' भन्ने आशयको संवाद मूल संस्करणमा नसच्याएको भन्दै काठमाडौंका चलचित्र भवनमा भारतीय चलचित्रको प्रदर्शनमा रोक लगाएको थियो।

मंगलबार उपत्यकामा

बबरमहल : नारी शक्तिको जागरण गराउने भन्दै करिब पाँच करोड र सय तोलाभन्दा बढी सुन एवं सुनका गरगहना ठगी गरेको अभियोगमा दोलखा घर भई भक्तपुरको मध्यपुरथिमि नगरपालिका-४, गट्ठाघर बस्ने ४८ वर्षीय शिवसुत गौरीभक्त भन्ने पुरुषोत्तम काफ्लेलाई प्रहरीले पक्राउ गरेको छ। काफ्लेसमेतले काठमाडौंस्थित हाम्रो अभियान नेपाल र ओम आश्रम नेपाल नामक संस्था खोली पीडितहरूलाई रकम लगानी गर्न अभिप्रेरित गराउने, संस्थाको सदस्य बनाउने, धैरै मुनाफाको प्रलोभन देखाउने र लगानीको सुनिश्चितता नगरी पटक-पटक लगानी थप्न दबाब दिने गरेको उजुरीका आधारमा केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जबाट खटिएको प्रहरीले उनलाई कञ्चनपुर गड्डाचौकीबाट पक्राउ गरेको हो। उनीविरुद्ध ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन)सम्बन्धी कसुर मुद्दामा जिल्ला अदालत काठमाडौं बबरमहलबाट सात दिन म्याद लिई आवश्यक अनुसन्धान भइरहेको छ।

मीनभवन : अनलाइन ग्याम्बलिङ-अनलाइन क्यासिनोमा बाजी राख्न लगाई सट्टाबाजीमा संलग्न रहेको अभियोगमा प्रहरीले चारजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बारा जितपुर सिमरा उपमहानगरपालिका-९ घर भई काठमाडौं महानगरपालिका-१४, कंलकी बस्ने २४ वर्षीय राजा चौधरी, बारा जितपुर सिमरा उपमहानगरपालिका-८ घर भई हाल काठमाडौं महानगरपालिका-१४ कंलकी बस्ने २५ वर्षीय विवेक चौधरी, काठमाडौं महानगरपालिका-२६, ठमेल बस्ने २५ वर्षीय रितेन्द्र प्रधान र नवलपरासी त्रिवेणी सुस्ता गाउँपालिका-२, कुरिया घर भई काठमाडौं महानगरपालिका-२६, ठमेल बस्ने २४ वर्षीया आशा गुरुङ रहेका छन्। राजा चौधरीसमेतका व्यक्तिहरूले सट्टाबाजी खेलाउने गरेको भन्ने विशेष सूचनाका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले विभिन्न स्थानबाट पक्राउ गरेको हो। उनीहरूले मोबाइल एपमार्फत विभिन्न अनलाइन क्यासिनो गेममा रकमको बाजी लगाई सट्टाबाजी गराई खेल खेलाउने गरेको खुलेको प्रहरीको भनाइ छ। थप कारबाही एवं अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको प्रहरीको भनाइ छ।

उपराष्ट्रपति यादवद्वारा ६ सर्जक सम्मानित

काठमाडौं/ उपराष्ट्रपति रामसहायप्रसाद यादवले विभिन्न जाति, भाषा, वर्ग, समुदायको मौलिक परम्परा र संस्कृतिको संरक्षण, संवर्द्धनमा योगदान गर्ने ६ जना सर्जकलाई सम्मान गरेका छन्। उपराष्ट्रपति कार्यालय लैनचौरमा मंगलबार आयोजित 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार, ०७९' का अवसरमा उनले सम्मान गरेका हुन्।

समारोहमा वरिष्ठ संगीतकर्मी विजयकुमार श्रेष्ठ, वरिष्ठ गायक गीतकार तथा संगीतकार गणेश रसिक, नाट्य समालोचक तथा अनुसन्धानदाता प्रा.डा. रामचन्द्र पोखरेल, वरिष्ठ नृत्य निर्देशक कुलमान नेपाली, वरिष्ठ लोकगायक नवीनकिशोर राई र वरिष्ठ रंगकर्मी भैरव क्षेत्रीलाई सम्मान गरिएको हो। सम्मान समर्पण समारोहमा उनले मौलिक गीत, संगीत, कला, संस्कृतिको संरक्षणमा जोड दिन सर्जकहरूलाई आग्रह पनि गरे। उनले गीत, संगीत, नाट्य विधाको संरक्षण, संवर्द्धनसहित सर्वांगीण विकास तथा अध्ययन-अनुसन्धानमा अहोरात्र खटिने सर्जकलाई सम्मानित गर्न कन्जुस्याइँ गर्न नहुने धारणा व्यक्त गरे।

उपराष्ट्रपति यादवले भने, 'मुलुकको संवैधानिक व्यवस्थाले बहुजाति, भाषा, संस्कृति र वेशभूषालगायत संरक्षण तथा संवर्द्धनसहित समग्र भूगोल, वर्ग, धर्म, समुदाय र संस्कृतिलाई एक-आपसमा जोड्ने काम गरेको छ, विविधताको एकता हाम्रो मौलिक पहिचान हो, यसलाई नै आत्मसात् गरी अघि बढे राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकता बलियो भई समग्रमा देश समृद्ध बन्छ भन्नेतर्फ हामी सबैको ध्यान जान आवश्यक छ।' अग्रज स्रष्टा एवं सर्जक सम्मानित एवं पुरस्कृत गर्ने संस्कारलाई निरन्तरता दिनुपर्ने औंल्याउँदै उनले सम्मानित सर्जकलाई बधाई र आयोजक नाट्य प्रतिष्ठानलाई धन्यवाद दिए। रासस

जग्गा सम्याउने नाममा जनप्रतिनिधिले नै सार्वजनिक जग्गा मिचेको आरोप

ललितपुर/ जग्गा सम्याउने बहानामा गोदावरी नगरपालिकाका जनप्रतिनिधिले वन, राजकुलो, सरकारी जग्गा मिचेको आरोप लागेको छ। नगरपालिकाका सबैजसो वडामा भइरहेको जग्गा प्लटिङमा मेयर, उपमेयर, वडाअध्यक्षलगायत जनप्रतिनिधि सार्वजनिक वन, राजकुलो, सरकारी जग्गा मिच्न लागिपरेको स्थानीयको आरोप छ।

स्थानीय सामाजिक संस्था गोदावरी सचेत नागरिक सरोकार समूहका अनुसार कतिपय प्लटिङ त अनुमतिसमेत नलिई गरिएको छ। यस्ता अवैध प्लटिङले कृषियोग्य जग्गा नष्ट मात्र नभई स्थानीयको उठीवाससमेत लाग्ने जोखिम छ। नागरिकको उठीवास लगाउन जनप्रतिनिधि नै संलग्न भएको भन्दै उनीहरूविरुद्ध समूहले गरिएको प्लटिङले दुई सय मिटर राजकुलो मिचेको छ। वडा १२ र १३ मा रहेको प्लटिङले पनि वन, पाखा मिचेको आरोप छ। नगरपालिकाको वडा नम्बर १ र १४ छुट्याउने गोदावरी खोलाको दायाँ-बायाँ मापदण्डअनुसार १० मिटर छाड्नुपर्नेमा खोलाको बीचमै आरसिसी ढलान गरी अतिक्रमण भएको छ। सार्वजनिकस्थल मासेर बस्ती नै धरापमा पर्दासमेत स्थानीय सरकार मुकदर्शक बनेको छ।

■ आयोगको निर्देशन लत्याउँदै नगरपालिका

करिब दुई वर्षअघि नगरपालिकाको १३ वडास्थित आरुबोटको खेतीयोग्य जग्गामा प्लटिङ हुन थालेपछि आफ्नो घर जोखिममा परेको भन्दै स्थानीयले अख्तियारमा उजुरी गरेका थिए। अख्तियारले



अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएको छ। उजुरीमा हजारौं रोपनी कृषियोग्य जग्गा सम्याउने नाममा प्लटिङ गर्न अनुमति दिँदा सार्वजनिक वन, सामुदायिक वन, पाखा, कुवा, राजकुलो, बस्ती, जैविक विविधतालगायतमा असर पुगेको उल्लेख छ। 'संस्थागत भ्रष्टाचार गर्न बढावा दिन नगरसभाबाट संघीय कानुनलाई समेत बर्खिलाप हुने गरी नीति-नियम, कार्यविधि बनाई, आर्थिक लोभमा परेर पदको दुरुपयोग गरी सार्वजनिक वन, पाखा, राजकुलो मास्न सहयोग गर्ने कार्यमा नगरप्रमुख, उपप्रमुख, पूर्व र हालका प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरूलगायतको प्रत्यक्ष संलग्नताका साथै मिलेमतो देखिएकाले सम्पूर्णमाथि सूक्ष्म ढंगले अनुसन्धान गरी कारबाही गरी सार्वजनिक वन पाखा, सार्वजनिक सम्पत्ति, राजकुलो, चिहानलगायतलाई जोगाईदिनुहुन विनम्र अनुरोध गर्दछौं,' समूहले गरेको उजुरीमा भनिएको छ।

■ एउटै वडामा दर्जनभन्दा बढी प्लटिङ

नगरपालिकाको एउटै वडामा १२ भन्दा धेरै ठाउँमा प्लटिङ भइरहेको छ। जसअन्तर्गत नगरपालिकाको विशंखुनारायण, गोदावरीमा वन र चिहान मिचिएको छ। वडा नम्बर ४ बडीखेलमा वन र सार्वजनिक जग्गा मिचिएको छ भने वडा ५, ६, ७ र ९ मा सार्वजनिक तथा सामुदायिक वन मिच्ने काम भएको छ। यस्तै, वडा नम्बर १० मा कानुनअनुसार निगरानी तथा आवश्यक कारबाही गर्न भन्दै नगरपालिकालाई १२ असोज ०७८ मा पत्रसमेत पठाएको थियो। पत्रमा अख्तियारले सहरी विकास मन्त्रालयको बस्ती विकास तथा सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, ०६४ को दफा १३ को ६ र १ अनुसार काठमाडौं उपत्यका विकास प्राधिकरणको स्वीकृति नलिई जग्गा प्लटिङ तथा कित्ताकाट नगर्न र नगराउन निर्देशन दिएको थियो। उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालयसँग मात्रै प्लटिङको अनुमति दिन पाउने व्यवस्था छ। तर, नगरपालिकाले नगरसभाले नै पारित गरी केन्द्रीय सरकारको ऐनलाई बेवास्ता गर्दै प्लटिङ गर्न अनुमति दिने निर्णय गरेको छ। १० माघ ०७५ मा भएको नगरपालिकाको हिउँदे नगरसभाको निर्णय नम्बर ३ मा प्लटिङसम्बन्धी उल्लेख छ। उक्त निर्णयमा दुई रोपनीसम्म जग्गा सम्याउँदा तोकिएको दस्तुर लिई वडा कार्यालयबाटै अनुमति दिने र त्यसभन्दा माथिको क्षेत्रफल भएमा नगर प्रमुखबाट नै अनुमति लिनुपर्ने भनिएको छ। नगरपालिकाले जग्गा सम्याउनका लागि ५० रोपनी क्षेत्रफलको मापदण्ड लगाएको छ। तर, नगरभरि एउटै प्लटिङ ५० रोपनीभन्दा बढीको जग्गा सम्याउने नाममा भइरहेको छ। कैयौंले जनप्रतिनिधि र कर्मचारीसँगको मिलेमतोमा प्लटिङ गर्ने काम गरिरहेका छन्।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लहान, सिरहाको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०३/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (सावित्रि एन.सी.सी बैंक लि.) शाखा कार्यालय लहान, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनावाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहाहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनावाट जानकारी गराइएको छ।

तपसिल:

ऋणीहरुको विवरण:

ढोरहाइ यादवको नातिनी, सिरीलाल यादवको छोरी, लक्ष्मी नारायण यादवको पत्नी, सिरहा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ०४ (हाल लहान न.पा. वडा नं. २१) वस्ने **निर्मला देवी यादव** (ना.प्र.नं. ३०८/१५३००९/३०८, जारी मिति २०६३/१०/२९, जिल्ला प्रशासन कार्यालय सिरहा).....१ र मनाई यादवको नाति, दुखी यादवको छोरा, निर्मला देवी यादवको पति, सिरहा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ०४ (हाल लहान न.पा. वडा नं. २१) वस्ने **लक्ष्मी नारायण यादव** (ना.प्र.नं. ११७२, जारी मिति २०५८/०५/१२, जिल्ला प्रशासन कार्यालय सिरहा).....१ समेत जना २।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. ढोरहाइ यादवको नाति, दुखी यादवको वुहारी, सिरीलाल यादवको छोरी, लक्ष्मी नारायण यादवको पत्नी सिरहा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ०४ (हाल लहान न.पा. वडा नं. २१) वस्ने **निर्मला देवी यादव** (ना.प्र.नं. ३०८/१५३००९/३०८ जारी मिति २०६३/१०/२९ जिल्ला प्रशासन कार्यालय सिरहा)।

२. मनाई यादवको नाति, दुखी यादवको छोरा, निर्मला देवी यादवको पती, सिरहा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ०४ (हाल लहान न.पा. वडा नं. २१) वस्ने **लक्ष्मी नारायण यादव** (ना.प्र.नं. ११७२ जारी मिति २०५८/०५/१२, जिल्ला प्रशासन कार्यालय सिरहा)

धितो सुरक्षणको विवरण:

१. **निर्मला देवी यादव**को नाममा मालपोत कार्यालय, लहानमा दर्ता कायम रहेको सिरहा जिल्ला, सिंग्राही मटिअर्वा गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १६०८ को जग्गा क्षेत्रफल ०-०-९.५-० (बिगाह) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय लहान, सिरहा फोन नं. ०३३- ५६५५०६

Invitation for Quotations

Dhunibeshi Municipality, Dhading

Invitation for Quotations for the Construction of Ward Karyalaya Bhawan Marmat (Ward No 4 ko bhawan marmat tatha rangrogan)

Contract Identification No: 43/WARD/SQ/DM/079/080

1st date of Notice publication: 7th June 2023

second Date of publication: 28th June 2023

1. The Dhunibeshi Municipality, Dhading invites sealed quotations for the construction of **Ward Karyalaya Bhawan Marmat(ward no 4 ko bhawan marmat tatha rangrogan)**. The estimated amount for the works is **NRs. 1294019.63 without vat**.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Dhunibeshi Municipality, Dhading** may visit PPMO website www.bolpatra.gov.np.]
3. "Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit **Rs. 1,000.00** the cost of bidding document in the following account

   Name of the Bank: Rastriya Banijaya Banka, Khanilhola, Dhading
   Office Account no.: 1080100301010003
4. Electronic bids must be submitted to the office Dhunibeshi Municipality, Dhading through insert the name of e-GP system i.ewww.bopatra.gov.np/egp on or before **12:00 on 13th July 2023**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at before **14:00 on 13th July 2023**. at the office of [insert the office address]. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs 44,900/-**.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय परासी, नवलपरासीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०३/१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंम कदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकममात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	
सुखै अहिरको नाती, अयोध्या अहिर यादवको छोरा, नवलपरासी जिल्ला, सावित्रि मंझरीया गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १० वस्ने **इन्द्र भवन यादव** (ना.प्र.नं. १०५८८, जारी मिति २०४९/०१/२१, जि.प्र.का. नवलपरासी)।	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. अयोध्या अहिर यादवको नाती, इन्द्र भवन यादवको छोरा, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १० वस्ने **रामअचल यादव** (ना.प्र.नं. ३६-०१-७३-००९७५, जारी मिति २०७३/०२/०४, जि.प्र.का. नवलपरासी)।	२. अयोध्या अहिर यादवको बुहारी, इन्द्र भवन यादवको पत्नी, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १० वस्ने **सारदा देवी यादव** (ना.प्र.नं. ७१३७३, जारी मिति २०६०/०८/२९, जि.प्र.का. नवलपरासी)।
३. अयोध्या अहिर यादवको नाती, इन्द्र भवन यादवको छोरा, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १० वस्ने **निरन्जन यादव** (ना.प्र.नं. ३६-०१-७६-०६०४९, जारी मिति २०७६/१०/१४, जि.प्र.का. नवलपरासी)।	
धितोको विवरण	
१. अयोध्या अहिर यादवको बुहारी, इन्द्र भवन यादवको पत्नी, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १० वस्ने सारदा देवी यादव (ना.प्र.नं. ७१३७३, जारी मिति २०६०/०८/२९, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, सावित्रि मंझरीया गा.वि.स. वडा नं. ९ क हाल रामग्राम न.पा. वडा नं. ९ स्थित कि.नं. ११५२, १२५७ र ६०७ को क्षेत्रफल क्रमशः ०-०-१-३, ०-०-५-० र ०-६-०-० (बिगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।	
२. अयोध्या अहिर यादवको बुहारी, इन्द्र भवन यादवको पत्नी, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १० वस्ने सारदा देवी यादव (ना.प्र.नं. ७१३७३, जारी मिति २०६०/०८/२९, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, सावित्रि मंझरीया गा.वि.स. वडा नं. ९ ख हाल रामग्राम न.पा. वडा नं. ९ स्थित कि.नं. १७० को क्षेत्रफल ०-१-१०-० (बिगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।	

Siddhartha Bank

शाखा कार्यालय : परासी, नवलपरासी
फोन नं. ०७८-५२०५४७
Website : www.siddharthabank.com

विदेश जाने विद्यार्थीको संख्या बढेपछि ५३९ क्याम्पस बन्द हुने अवस्थामा

विद्यार्थीको खडेरी पर्न थालेपछि क्याम्पसहरू गाभिने प्रक्रियामा, दुईवटा क्याम्पसले दिए मर्जरमा जान निवेदन

शिवहरि घिमिरे/नयाँ पत्रिका

उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीहरूको संख्या बढेपछि नेपालका क्याम्पसहरूमा विद्यार्थीको अभाव हुन थालेको छ। कक्षा १२ को पढाइपछि गुणस्तरीय शिक्षा र रोजगारीको अवसर खोज्दै विदेश जानेको संख्या बढ्न थालेसँगै त्यसको असर नेपालका क्याम्पसमा देखिन थालेको हो।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार ०७९ कात्तिकयता ०८० जेठ समान्तसम्म ७१ हजार ६ सय विद्यार्थीहरू उच्च शिक्षाका लागि विदेश गएका छन्। छोटो समयमा यति धेरै विद्यार्थी बाहिरिँदा नेपालका क्याम्पसमा भर्ना हुन पुग्ने विद्यार्थीको संख्या कम हुँदै गएको हो।

सानोठिमीस्थित नो अब्जेक्सन सर्टिफिकेट (एनओसी)को कार्यालयमा गत वर्ष (०७९) असारयता एनओसी लिने विद्यार्थीको संख्या ८२ हजार सात सय रहेको छ। हाल अनलाइनबाटै सेवा सुचारु भएपछि दैनिक एक हजारसम्मले एनओसी लिने गरेको एनओसी शाखाप्रमुख वासुदेव वस्तीले जानकारी दिए। उनले कोभिडको समयमा अध्ययनका लागि विदेश जाने विद्यार्थीको संख्या घट्दै गए पनि पछिल्ला वर्षहरूमा सो संख्या बढ्दै गइरहेको बताए। 'एनओसी लिने विद्यार्थीको संख्या बढ्दै गइरहेको छ। यो यहाँका स्कुल-क्याम्पसका लागि चुनौतीको कुरा हो,' उनले भने।

शिक्षाविद् विद्यानाथ कोइरालाले उच्च शिक्षा अध्ययन गर्न मात्रै नभएर पढाइ नै ड्रप गरेर विदेश जानेको जमात ठूलो देखिएकाले यहाँका स्कुल-क्याम्पसहरूले त्यसतर्फ चासो दिन आवश्यक रहेको बताए। 'विदेश गएको मानिसबाट के फर्काएर ल्याउने र उनीहरूलाई विदेश जानबाट रोक्न हाम्रो करिकुलम पनि सोहीअनुसारकै हुनुपर्छ,' उनले भने, 'तर, परम्परात ढर्रामा स्कुल-क्याम्पस चलाइराख्ने हो भने विदेश जाने विद्यार्थीको संख्या अझै बढ्छ, विद्यार्थीलाई यही अवसर र सम्भावना र आत्मनिर्भरताको बाटो देखाउन सकेनौं।' अहिले धेरैजसो क्याम्पसमा विद्यार्थी संख्या कम छ। हाल नेपालमा ११ वटा विश्वविद्यालय सञ्चालनमा छन्। त्यसका आंगिक कलेजको संख्या एक सय ५०, सामुदायिक कलेज संख्या पाँच सय ३७ र सम्बन्धन प्राप्त निजी क्याम्पस सात सय ५३ गरी मुलुकभर एक हजार ४४० क्याम्पस छन्। यीमध्ये धेरै क्याम्पसा विद्यार्थीको संख्या कम छ भने केहीमा जनशक्तिको समेत अभाव देखिएको छ।

विश्वविद्यालय अनुदान आयोगले गरेको अध्ययनअनुसार देशभर एक सयभन्दा कम विद्यार्थी भर्ना रहेका क्याम्पसको संख्या धेरै छ। आयोगले ६ महिनाअघि गरेको अध्ययनमा दुई सय १८ सामुदायिक, तीन सय निजी र २१ आंगिक क्याम्पस गरी पाँच सय ३९ क्याम्पसमा विद्यार्थी संख्या एक सयजनाभन्दा कम छ। यी क्याम्पसले विद्यालय खर्च व्यवस्थापनसमेत गर्न नसकेको अध्ययनले देखाएको छ। सरकारी तथ्यांकअनुसार हाल देशभरिका विभिन्न क्याम्पसका कुल चार लाख ६२ हजार विद्यार्थी उच्च शिक्षा हासिलको क्रममा छन्।



■ **प्रा.डा. धर्मकान्त बाँस्कोटा** उपकुलपति, त्रिवि



■ **विद्यानाथ कोइराला**, शिक्षाविद्



विदेश जाने विद्यार्थीको संख्या बढेसँगै क्याम्पसहरूमा विद्यार्थीको खडेरी हुन थालेपछि मर्जर प्रक्रिया अघि बढेको छ। त्रिभुवन विश्वविद्यालय अनुदान आयोगमा हाल मर्जरका लागि दुईवटा निवेदन परेका छन्। त्रिविले मर्ज हुन चाहने क्याम्पसहरूलाई असार मसान्तसम्म निवेदन र विवरण पेस गर्न २९ जेठमा सूचना जारी गरेको थियो। त्यसपछि मर्जर प्रक्रियामा सरिक हुन कलेजहरूले विवरण पठाउन थालेका छन्। शिक्षक जनशक्ति र विद्यार्थी अभाव भएका विश्वविद्यालयलाई गाभिन त्रिविले आह्वान गरेपछि धेरै क्याम्पसले गाभिने इच्छा देखाएको त्रिवि योजना निर्देशनालयका निर्देशक ध्रुव गौतमले जानकारी दिए। उनका अनुसार असार अन्तिमसम्म निवेदन दिएका कलेज तथा क्याम्पसहरूलाई प्रक्रिया पुऱ्याएर एकिकरण गरिने छ। 'हालसम्म दुईवटा क्याम्पसले मर्ज हुन निवेदन दिएका छन्, निवेदन कम परे पनि निवेदन दिनसक्ने समय धेरै रहेकाले गाभिने क्याम्पसहरूको संख्या बढ्ने हाम्रो अनुमान छ,' उनले भने, 'अहिले विद्यार्थी नभएर र शिक्षक जनशक्तिको अभावमा धेरै क्याम्पसहरूलाई कठिन भइसकेको छ।'

यसअघि आयोग र त्रिविले दुई महिनाअघि मर्ज हुन चाहने विभिन्न क्याम्पसहरूलाई सहभागी गराएर गोष्ठी गरेको थियो। गोष्ठीका क्रममा ठूलो संख्यामा क्याम्पसहरूले गाभिने इच्छा देखाएका थिए। विभिन्न क्याम्पसका प्रमुख र शिक्षाविद्हरूले कार्यपत्रसमेत प्रस्तुत गरेका थिए। अन्तर्राष्ट्रिय मान्यताअनुसार पनि समस्यामा भएका स्कुल क्याम्पस गाभिँदा सहज हुने कार्यपत्र प्रस्तुतकर्ताहरूको भनाइ थियो।

त्रिवि उपकुलपति धर्मकान्त बाँस्कोटाका अनुसार क्याम्पसहरूले गाभिने इच्छा देखाएकाले सूचना जारी भएको हो। 'अहिले धेरै क्याम्पसमा विद्यार्थी नभएर समस्या छ, कतिपयमा शिक्षकको पनि समस्या छ, त्यस्ता क्याम्पसहरू एक-आपसमा गाभिएर सहकार्य गर्न तयार भएमा हामी उनीहरूलाई त्यो अनुमति दिन्छौं,' उनले भने, 'तर, यसमा दुवै पक्षबीच पर्याप्त निर्णय र छलफल भएको हुनुपर्छ।' उनका अनुसार त्रिविको राष्ट्रिय विकास समस्या समाधान समिति र आयोगले निवेदनका आधारमा क्याम्पसहरूलाई मर्जर प्रक्रियामा लैजानेछन्। उक्त प्रक्रिया साउनबाट सुरु हुनेछ।

■ गाभिन के-के गर्नुपर्छ ?

हाल स्थानीय तहले पनि समायोजन हुन चाहने विद्यालयलाई रोडम्याप मागिरहेको छ। त्यसैगरी, विश्वविद्यालयमातहतका क्याम्पसहरूलाई गाभिन पनि रोडम्याप बनाइएको छ। कलेज गाभ्नेबारे आयोग र समितिले मापदण्ड नै तयार पारेको छ। मर्जर हुन चाहने कलेजहरूले असार महिनाभरि निवेदन दिइसक्नुपर्नेछ। मर्जर हुन चाहने दुवै क्याम्पसका सञ्चालक समिति र क्याम्पस प्रमुखको निर्णयको माइन्युट कपी, साधारणसभा गरेको रिपोर्ट, नवीकरण भएको, वित्तीय इमानदारितालगायत प्रमाणहरू चाहिनेछ। यी प्रमाण बुझाएपछि त्यसमाथि थप छानबिन गरी आयोग र त्रिविको राष्ट्रिय विकास समस्या समाधान समितिले मर्जर प्रक्रियामा लैजानेछ। त्यस्तै, गाभिने कलेजहरूले आ-आफ्नो मार्गचित्र प्रस्तुत गर्दै गाभिएपछिको योजना र लक्ष्य प्रस्तुत गर्नुपर्नेछ।



शिक्षा मन्त्रालयका अनुसार देशभरका कुल एक हजार ४४० मध्ये झन्डै ६५ प्रतिशत कलेजमा विद्यार्थीको संख्या न्यून छ। यसमध्ये पनि सामुदायिक कलेजहरूमा विद्यार्थीको खडेरी नै हुन थालेको छ। त्रिविका अनुसार २१८ वटा सामुदायिक कलेजमा विद्यार्थी संख्या कम छ। यी क्याम्पसहरूलाई गाभ्नुपर्ने अवस्था देखिएको छ। हाल देशभर रहेका ५३७ सामुदायिक क्याम्पस छन्। यीमध्ये धेरै क्याम्पसमा विद्यार्थी संख्या न्यून भएपछि क्याम्पसहरूको शैक्षिक कार्यक्रमसमेत प्रभावकारी हुन सकेको छैन। सामुदायिक विद्यालयका विद्यार्थीको संख्या यकिन गर्न, अनुदान छुट्याउन र गाभ्न अनुदान आयोगले ६ महिनाअघि अध्ययन गरेको थियो। जसअनुसार ग्रामीण तथा पहाडी जिल्लाका केही सामुदायिक क्याम्पसमा विद्यार्थी संख्या न्यून देखिएको थियो। सरकारले गैरनाफामूलक सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर सुधारका लागि भन्दै हरेक वर्ष सात लाख रुपैयाँ अनुदानसमेत दिँदै आएको छ। तर, पनि केही सामुदायिक क्याम्पसमा विद्यार्थी संख्या कम हुँदै गएको छ। जसको विकल्प मर्जर नै देखिएको त्रिविको ठहर छ।

■ काठमाडौं विश्वविद्यालयमा कोटाभन्दा कम विद्यार्थी

तथ्यांकअनुसार काठमाडौं विश्वविद्यालय (केयू)मा यस वर्ष स्नातक तहमा सोसल वर्क विषयमा भर्ना हुने विद्यार्थी संख्या जम्मा तीनजना थिए। उक्त विषयका लगि २४ सिट कोटा छुट्याइएको निकै कम संख्यामा विद्यार्थी भर्ना हुन आएपछि पठनपाठनमै समस्या भएको छ। २१ वटा सिट खाली रहे पनि विषयलाई टिकाउन कक्षा सञ्चालन भइरहेको केयूले जनाएको छ। केयूमै स्नातक तहमा बुद्धिस्ट विषयमा ३० कोटा रहेकोमा चारजना विद्यार्थी मात्रै भर्ना हुन आए अन्य २६ सिट खाली छन्।

■ एक सय ५० क्याम्पस नवीकरण गर्न आएनन्

त्रिविअन्तर्गतका निजी, आंगिक र सामुदायिक गरी एक सय ५० वटा क्याम्पसले नवीकरण नै गरेका छैनन्। नियमअनुसार हरेक वर्ष १ असारसम्म नवीकरण गरिसक्नुपर्ने भए पनि धेरै क्याम्पस नवीकरणका लागि नआएका हुन्। क्याम्पसहरूले आ-आफ्ना शैक्षिक कार्यक्रमअनुसार सम्बन्धित डिन कार्यालयमा पुगेर नवीकरण गर्नुपर्ने कानुनी व्यवस्था छ।

राजस्व अनुसन्धान विभागमा एक वर्षमै फेरिए चार महानिर्देशक

प्रशासनिक अस्थिरताले कामकारबाहीसमेत प्रभावित

नयाँ पत्रिका

राजस्व अनुसन्धान विभागको महानिर्देशक फेरिएका छन्। मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले विभागका महानिर्देशक नारायणप्रसाद सापकोटालाई कार्यालय तानेर त्यहाँ सहसचिव नवराज ढुंगानालाई पठाएको हो।



नवराज ढुंगाना

गत २३ माघमा विभागको महानिर्देशक बनेर गएका सापकोटा पाँच महिना पनि नपुग्दै सरुवा भएका छन्। पछिल्लो समय यस विभागमा तीव्र प्रशासनिक अस्थिरता देखिएको छ। सापकोटकाअघि विभागको महानिर्देशक रहेका मदन दाहालको तीन महिनामै सरुवा भएको थियो। १६ कात्तिकमा विभाग आएका दाहालको २२ माघमा सरुवा भएको थियो। दाहालभन्दा केही बढी समय बसे पनि सापकोटा पनि अस्थिरताको सिकार बने।

मदन दाहालअघि विभागको महानिर्देशक रहेका झलकराम अधिकारी पनि साढे चार महिनामै सरुवा भएका थिए। १ असार ०७९ मा विभाग आएका अधिकारीको १६ कात्तिकमा सरुवा भएको थियो। अधिकारीअघिका विभागका महानिर्देशक प्रकाश पौडेल भने साढे आठ महिना टिकेका थिए। उनी १८ असोज ०७८ देखि ३१ जेठ ०७९ सम्म विभागको महानिर्देशक थिए।

चुहावट छानबिन अनुसन्धान गरी अभियोजनको महत्त्वपूर्ण जिम्मेवारी बोकेको विभागको नेतृत्व छिटोछिटो सरुवा हुँदा त्यसले प्रशासनिक अस्थिरता सिर्जना गरेको छ। त्यसको असर राजस्व विभागको कामकारबाहीमा समेत परेको विभागका अधिकारीहरू बताउँछन्। पछिल्लो महानिर्देशक सापकोटाले त आफैंले सुरु गरेर एउटै मुद्दा पनि टुंग्याएर दायर गर्न पाएनन्। पाँच महिनाको अवधिमा दुई मुद्दा उच्च अदालतमा दायर गरे पनि ती दुवै उनी आउनुअघि नै छानबिन सुरु गरिएका मुद्दा थिए। त्यसअघि अर्थ मन्त्रालयमातहत रहेको विभागका कामकारबाहीलाई प्रभावकारी बनाउन भन्दै तत्कालीन प्रधानमन्त्री केपी ओलीले प्रधानमन्त्री कार्यालयअन्तर्गत ल्याएका थिए। प्रधानमन्त्री कार्यालयअन्तर्गत ल्याइए पनि पछिल्लो समय विभागमा प्रशासनिक अस्थिरता बढेको छ।

प्रधानमन्त्री प्रचण्डको निजी सचिव रहेका ढुंगानालाई विभाग पठाएपछि नयाँ निजी सचिवमा सहसचिव अर्जुन भण्डारी आएका छन्। २० पुसमा प्रधानमन्त्रीको निजी सचिव बनेका ढुंगाना ६ महिना नपुग्दै बाहिरिएका हुन्। नयाँ निजी सचिव बनेर आएका भण्डारी प्रधानमन्त्री कार्यालयमै कार्यरत थिए। कार्यालयले मंगलबार भण्डारीलाई प्रधानमन्त्रीको निजी सचिवको जिम्मेवारी तोकेको हो।

सवा करोड गैरकानुनी सम्पत्ति आर्जन गर्ने जनस्वास्थ्य निरीक्षकविरुद्ध मुद्दा दायर

भ्रष्टाचारको सम्पत्तिबाट दुई पत्नीलाई काठमाडौं र पोखरामा घर, दुई व्यावसायिक फर्म र कारसमेत किने

नयाँ पत्रिका

स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनस्वास्थ्य निरीक्षक (सार्तौं तह)का एक कर्मचारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। एक करोड ३० लाख ४५ हजार सात सय ६० रुपैयाँबराबरको सम्पत्तिको स्रोत नभेटिएपछि अख्तियारले सर्लाही बलरा नगरपालिकाका जनस्वास्थ्य निरीक्षक कौशलेन्द्र मिश्रविरुद्ध मंगलबार मुद्दा दायर गरेको हो।

८ असार ०५७ मा हेल्थ असिस्टेन्ट (सहायक पाँचौं तह)बाट सरकारी सेवामा प्रवेश गरेका मिश्रले करिब २२ वर्षको अवधिमा उक्त सम्पत्ति जोडेका हुन्। अख्तियारले उनको सरकारी सेवामा प्रवेशदेखि ३२ असार ०७९ सम्मको अवधिको आम्दानी र खर्च तथा लगानीमाथि छानबिन गरेको थियो। 'व्ययको तुलनामा निजले प्राप्त गरेको आय रकम एक करोड ३० लाख ४५ हजार सात सय ६० रुपैयाँबराबरको खर्च तथा लगानीको वैधानिक स्रोत खुलेन,' आरोपपत्रमा अख्तियारले भनेको छ।

परीक्षण अवधिमा उनको पारिश्रमिक बचत, अन्य भत्ता, विभिन्न बैंक तथा वित्तीय संस्था, व्यक्तिबाट लिएको कर्जा, घरजग्गा बिक्री, अंशबन्डाबाट प्राप्त रकम, व्यवसायको आम्दानी, छोरीको पारिश्रमिक, कृषि आय,



घरबहाल, बिमालगायतबाट एक करोड १३ लाख ४५ हजार आठ सय पाँच रुपैयाँ आम्दानी देखिएको आरोपपत्रमा उल्लेख छ। सोही अवधिमा खर्च तथा लगानीतर्फ जग्गा खरिद, घर निर्माण, शैक्षिक खर्च, कर्जाको साँवा तथा ब्याज भुक्तानी, सवारीसाधन र सेयर खरिद, उद्योग व्यवसायमा लगानीसमेत दुई करोड ४३ लाख ९१ हजार पाँच सय ६५ रुपैयाँ खर्च भएको देखिएको छ।

उनको नाममा दुईवटा व्यावसायिक फर्मसमेत देखिएका छन्। उनले दुईजना पत्नीका नाममा काठमाडौं महानगरपालिका वडा नं. १४ र पोखरा महानगरपालिका वडा नं. २६ मा एक-एकवटा घर किनिदिएको आरोपपत्रमा उल्लेख छ। कास्कीमा दुई र बारामा पनि उनको जग्गा भेटिएको छ। त्यस्तै, ३७ लाखमा गाडी पनि खरिद गरेको देखिन्छ।

मिश्रले सार्वजनिक सेवाको पदमा बहाल रहँदा पदीय हैसियतको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोप अख्तियारको छ। स्रोत नखुलेको त्यही रकमलाई बिगो कायम गरेर अख्तियारले मुद्दा दायर गरेको हो। गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति निजको नाममा दर्ता रहेको सम्पत्तिबाट जफत गरी पाउन पनि अख्तियारको माग दाबी छ।

गैरकानुनी रूपमा आर्जित र त्यसबाट बढे-बढाएको सम्पत्ति पत्नीहरू सरोज कुमारी र तुलसीकुमारी मिश्र शर्माको नाममा राखिएको देखिएपछि बिगो जफत प्रयोजनका लागि पत्नीद्वयलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ।

त्यस्तै, कृषि सिँचाइ योजनामा नभएको काम कागजमा देखाएर गलत प्रतिवेदनका आधारमा १२ लाख ८३ हजार रुपैयाँ भुक्तानी दिने/लिने कार्यमा संलग्न कृषि विकास कार्यालय मुगुका तत्कालीन निमित्त कार्यालय प्रमुखसहित ६ जनाविरुद्ध अख्तियारले मंगलबार नै अर्को मुद्दा दायर गरेको छ।

कांग्रेसको सदस्यता अब अनलाइनबाटै

काठमाडौं/ कांग्रेसले परम्परागत प्रणालीलाई परिवर्तन गर्दै अनलाइनमार्फत सदस्यता वितरण थालेको छ। महामन्त्री गगन थापा संयोजकत्वको सदस्यता व्यवस्थापन समितिले मंगलबारबाट अनलाइनमार्फत सदस्यता वितरण थालेको हो।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले सदस्यता वितरणमा रहँदै आएको प्रक्रियागत झन्झटलाई कम गर्न अनलाइन प्रणालीको सुरुवात गरिएको जानकारी दिए। आवेदन र सदस्यता शुल्क अनलाइनबाटै बुझाउन सकिनेछ। 'इच्छाएको व्यक्तिले पार्टी सदस्यता नपाउने र सदस्यता लिएका पनि क्रियाशील छन्/छैनन् भन्ने अवस्था रह्यो। सदस्यता वितरणको परम्परागत प्रणालीलाई परिवर्तन गरेर डिजिटल प्रणालीमा रूपान्तरण गरेका हौं। यसले सदस्यता वितरणको प्रक्रियागत झन्झटलाई अन्त्य गर्नेछ,' उनले भने।

■ **मीन विश्वकर्मा**
प्रमुख, कांग्रेस प्रचार विभाग



इच्छाएको व्यक्तिले पार्टी सदस्यता नपाउने र सदस्यता लिएका पनि क्रियाशील छन्/छैनन् भन्ने अवस्था रह्यो। सदस्यता वितरणको परम्परागत प्रणालीलाई परिवर्तन गरेर डिजिटल प्रणालीमा रूपान्तरण गरेका हौं। यसले सदस्यता वितरणको प्रक्रियागत झन्झटलाई अन्त्य गर्नेछ।

कार्यवाहक मुख्यसचिव डा. प्रदीप पराजुलीका अनुसार केन्द्रीय कार्यालयले आवश्यक प्रक्रिया पूरा गरी अनलाइनबाटै फोटोसहितको सदस्यता कार्ड उपलब्ध गराइनेछ। सदस्यताका लागि २० रुपैयाँ शुल्क लाग्नेछ। केन्द्रले उपलब्ध गराउँदै आएको क्रियाशील सदस्यता कार्डसमेत अब जिल्ला कार्यसमितिले नै प्रिन्ट गरी उपलब्ध गराउनेछ। यससँगै क्रियाशील सदस्यता नवीकरणको नियमित प्रक्रियासमेत अनलाइनबाटै हुने उनले जानकारी दिए। नवीकरणका लागि जिल्लाबाटै प्रक्रिया पूरा गरी कार्ड उपलब्ध गराइनेछ।

कांग्रेसले निरन्तर सदस्यता वितरणको काम हुने जनाएको छ। 'अनलाइनबाटै क्रियाशील सदस्यता पनि भर्न पाउने गरी आवश्यक प्राविधिक तयारी गरिसकिएको छ। यसका लागि विधान र नियमावलीमा रहेका केही विषयमा संशोधनको प्रक्रिया पूरा गरेपछि क्रियाशील सदस्यताको आवेदन पनि पार्टीको वेबसाइटबाट अनलाइनमै भर्न सकिनेछ,' पराजुलीले भने। कांग्रेसको तथ्यांकमा १५ लाखभन्दा बढी साधारण सदस्य र आठ लाख ६५ हजारभन्दा बढी क्रियाशील सदस्य छन्। यो संख्या अद्यावधिक हुने क्रममा रहेको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ।

विवाहमण्डपमै बेहुलाले ५० लाख दाइजो मागेपछि...

नयाँ पत्रिका

सोमबार बेलुका नक्सालस्थित लिसारा रिसेप्सन पार्टी प्यालेसमा धुमधाम बिहे हुँदै थियो। जन्ती आएर खानपिनमा लागेका थिए। मण्डपमा वैवाहिक कार्यक्रम अघि बढ्दै थियो। त्यही क्रममा बेहुला पक्ष र बेहुली पक्षबीच विवाद हुन थाल्यो। विवाद यसरी चर्कियो कि बेहुलीमाथि हातपातसमेत भयो। दुई पक्षबीच झगडाकै अवस्था आयो र विवाह रद्द भयो।

यसरी विवाह नै रद्द गराउने विषय थियो- दाइजो। ५० लाख रुपैयाँ दाइजो नदिए विवाह रद्द गर्ने धम्की दिँदै बेहुला पक्षले तनाव सुरु गरेको थियो। बेहुली पक्षले दिन नसक्ने बताएपछि विवाद चर्किएको हो। त्यसपछि विवाह रद्द हुन पुग्यो भने बेहुला यतिबेला प्रहरी हिरासतमा पुगेका छन्।

दाइजोका कारण झगडा भएको र बेहुलीमाथि हातपात भएको सूचनाका आधारमा प्रहरी वृत्त मालीगाउँले बेहुला सुनसरी दुहबी नगरपालिका- ६ स्थायी



अनुराग रौनियार

घर भई काठमाडौंको ताहाचल बस्ने ३२ वर्षीय अनुराग रौनियारलाई मंगलबार बिहान २ बजे पक्राउ गरेको हो। दाइजो माग्नु अपराध भएकाले उनलाई विवाहमण्डपबाटै पक्राउ गरिएको जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख एसएसपी दानबहादुर कार्कीले बताए। 'देशको राजधानीमै दाइजो माग्दै धम्क्याउनु अचम्मको घटना हो,' उनले भने, 'हामीले बेहुलालाई विवाहसम्बन्धी कसुर मुद्दामा कारबाही अघि बढाएका छन्, बेहुलाका अन्य परिवारमाथि पनि अनुसन्धान जारी छ।' दाइजो मात्र होइन, जन्तीलाई राम्रो सत्कार र खानपिनसमेत नभएको भन्दै उनीहरूले झैंझगडा गरेका थिए।

प्रहरीका अनुसार बेहुला पक्षले २२ लाख दाइजो लिइसकेका थिए। केटा अमेरिकाको ग्रिनकार्ड होल्डर भएको भन्दै उनीहरूले ५० लाख दाइजो मागेका हुन्। तर, बेहुली पक्षले दाइजो नदिई विवाह नै रद्द गर्ने हिम्मत गरेका छन्। साथै, बेहुलाविरुद्ध प्रहरीमा उजुरीसमेत दिएका छन्।

■ जसपा विधान अधिवेशन

अधिवेशनले टुंग्याएन विधान

समूहगत सुझाव समेटी उपेन्द्र यादव नेतृत्वको समितिलाई टुंग्याउने अधिकार

अनिल यादव / नयाँ पत्रिका

जनता समाजवादी पार्टीको विधान अधिवेशनमा प्रस्तावित मस्यौदालाई लिएर फरक-फरक सुझाव आएपछि संशोधन गरेर टुंग्याउने अधिकार अध्यक्ष उपेन्द्र यादवलाई दिइएको छ। अधिवेशनमा आएका सुझावमाथि अध्ययन गरेर संशोधनसहित विधान प्रमाणीकरण गर्न अध्यक्ष यादवको संयोजकत्वमा ६ सदस्यीय समिति गठन भएको हो।

करिब आठ सय प्रतिनिधि सहभागी विधान अधिवेशनमा विधानमाथि छलफल गर्न १० वटा छुट्टाछुट्टै समूह बनाइएको थियो। समूहका नेताहरूले मंगलबार अधिवेशनको अन्तिम दिन विधानमाथि आएका सुझावका विस्तृत रूपमा 'ब्रिफिङ' गरेका थिए। ती सुझावहरूलाई अध्ययन गरेर विधानलाई अन्तिम रूप दिन अध्यक्ष यादवको संयोजकत्वमा वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ, कार्यकारिणी सदस्यहरू लालबाबु राउत, रकम चेम्जोङ, सुशीला श्रेष्ठ र नेता दीपेन्द्र झा सदस्य रहेको समिति गठन भएको हो। यो समितिले प्रमाणीकरण नगरेसम्म विधान कार्यान्वयनमा आउनेछैन।

'विधानमा प्राप्त सुझावअनुसार परिमार्जन गरी प्रमाणीकरण गर्ने अधिकार समितिलाई दिइएको छ। धेरै बुँदामा संशोधनका सुझाव छन्। समितिले अध्ययन गरेर आवश्यक महसुस भएको दफालाई परिमार्जन गर्नेछ,' जसपाका प्रवक्ता मनीष सुमनले नयाँ पत्रिकासँग भने।

अधिवेशनमा एक समूहका नेता तोकिएका सुमनले संघीय परिषद् खारेज या अधिकार वृद्धि, ७० वर्षे उमेरहद, केन्द्रीय समितिको आकारलगायतका दफामा संशोधनको सुझाव आएको बताए। '७० वर्षे उमेरहदले पार्टीमा लामो समयदेखि योगदान दिएका नेता-कार्यकर्तालाई अन्याय हुने कुरा उठेको छ,' प्रवक्ता सुमनले भने, 'अहिले ४१० सदस्यीय केन्द्रीय समिति एकैपटक १५१ मा नझारौं, कम्तीमा २५१ सम्म पुऱ्याऔं भन्ने सुझाव छ। यसले पार्टीभित्र नेता-कार्यकर्ता व्यवस्थापनमा सहज हुन्छ भन्ने छ।' प्रस्तावित विधान मस्यौदामा ७० वर्ष उमेर पुगेका व्यक्ति केन्द्रदेखि जिल्ला तहसम्मको समितिमा पदाधिकारी बन्न नपाइने प्रस्ताव उल्लेख छ।



समितिले आवश्यकताअनुसार परिमार्जन गर्नेछ



● **मनीष सुमन**, प्रवक्ता, जसपा

प्रस्तावित विधानमाथि छलफल हुँदा धेरै बुँदामा संशोधनका सुझाव आएका छन्। ती सबैलाई समितिले अध्ययन गरेर आवश्यकताअनुसार परिमार्जन गर्नेछ, र अध्यक्षको संयोजकत्वमा बनेको समितिले प्रमाणीकरण गर्नेछ

पार्टीको झन्डा फेर्नुपर्ने प्रस्ताव

जसपाका सांसद प्रदीप यादवका अनुसार पार्टीको झन्डा नै फेर्नुपर्ने सुझावसमेत आएको छ। यादवका अनुसार अधिकांश समूहका नेताले वास्तुशास्त्रअनुसार नमिलेको भन्दै झन्डा फेर्नुपर्ने कुरामा जोड दिएका थिए। रातो र हरियो रंगभित्र सेता तारा जसपाको अहिलेको झन्डा हो।

वास्तुशास्त्रअनुसार रातो र हरियो मिसाउँदा कालो हुने र त्यो अशुभ हुने भएकाले झन्डाको रंग फेर्नुपर्ने सुझाव आएको उनले बताए। उनका अनुसार हरियोलाई हटाएर रातो र पहँलो बनाउन कतिपय नेताहरूको सुझाव छ। 'कतिपयले वास्तुशास्त्रअनुसार मिलेन भनेर फेर्नैं भन्ने सुझाव दिनुभयो, कतिपयले यही ठीक छ भन्ने कुरा पनि गर्नुभयो,' अधिवेशनमा एक समूहका नेतासमेत तोकिएका यादवले भने।

संघीय परिषद्को अध्यक्ष हटाउन सुझाव

दशमध्ये बहुमत समूहले हाल कायम रहेको संघीय परिषद् खारेज गर्नुपर्ने सुझाव दिएका छन्। हाल संघीय परिषद्का अध्यक्ष अशोक राई छन्। परिषद् खारेज भए पार्टीभित्र उपेन्द्र यादव अझै शक्तिशाली हुने जसपाका नेताहरूको बुझाइ छ। केही नेताले संघीय परिषद् खारेज गर्नुभन्दा केन्द्रीय अध्यक्षको अधिकार कटौती गरेर परिषद् अध्यक्षको बढाउनुपर्ने तर्क पनि राखेका थिए। 'हाम्रो समूहको छलफलमा कि संघीय परिषद्को अधिकार बढाउनुपऱ्यो, कि खारेज गर्नुपऱ्यो भन्ने धारणा आएको छ। अहिलेकै अवस्थामा हुँदैन भन्ने सुझाव छ,' प्रवक्ता सुमनले भने।

अर्का नेता प्रदीप यादवले संघीय परिषद्को अध्यक्ष र राष्ट्रिय समिति दुवै हटाउनुपर्ने सुझाव आएको बताए। 'संघीय परिषद् चाहिँदैन भन्ने कुरा आएको छ। त्यस्तै, प्रदेश समिति हुँदाहुँदै राष्ट्रिय समिति पनि नराखौं भन्ने सुझाव आएको छ,' उनले भने।

प्रस्तावित मस्यौदाको धारा २७ मा संघीय परिषद्लाई केन्द्रीय समितिले प्रस्तुत गरेको प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने अधिकार दिइएको छ। संघीय परिषद्लाई केन्द्रीय समितिको कार्यको मूल्यांकन गरी केन्द्रीय समितिलाई आवश्यक सुझाव र निर्देशन दिने, समसमायिक विषयहरूमा पार्टीको नीति तय गर्ने तथा राजनीतिक प्रतिवेदन एवं प्रस्ताव पारित गर्ने र पार्टीको कामको आवधिक समीक्षा र पार्टी सञ्चालनका लागि नीति-निर्माण गर्ने अधिकार मात्रै दिइएको छ।

बागमतीमा बजेटमाथिको छलफल अघि बढेन

बजेट विनियोजन गर्दा चरम विभेद गरेको भन्दै विपक्षी दल एमाले र राप्रपाले गरे अवरोध

हेटौंडामा **पोष्टराज अधिकारी**

प्रतिपक्षी दलहरूको अवरोधपछि बागमती प्रदेश सभाको बैठक मंगलबार अवरुद्ध भएको छ। बजेट विनियोजन गर्दा सरकारले चरम विभेद गरेको भन्दै विपक्षी दलहरू एमाले र राप्रपाले बजेट अवरुद्ध पारेका हुन्।

सहमतिमा बैठक चलाउने सभामुख भुवनकुमार पाठकको प्रयास पनि सफल हुन सकेन। मंगलबार साँझ सूचना टाँस गरेर बुधबार बिहान ११ बजेसम्मलाई बैठक स्थगित गरिएको छ। सरकारले बजेट निर्माण गर्दा गरेको विभेदबारे मंगलबार नयाँ पत्रिका दैनिकले कभर स्टोरी नै छापेको थियो। आगामी आर्थिक वर्षका लागि ल्याइएको बजेटमा सत्तापक्षका प्रत्यक्ष निर्वाचित सांसदलाई पाँच करोड र समानुपातिकलाई तीन करोडका योजना छनोट गर्न लगाएर दुई अर्ब ९१ करोड विनियोजन गरिएको छ। विपक्षी सांसदलाई भने तीन करोड मात्र दिइएको छ।

मंगलबार प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटमाथि छलफल हुने कार्यसूची थियो। तर, सत्तापक्षले बजेटमा एकलौटी गरेको भन्दै एमाले र राप्रपाका सांसदले मंगलबार बैठक चल्न दिएनन्। प्रदेश सभा सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले बैठकमा भएको अवरोध हटाउन सभामुख पाठकले प्रयास गरे पनि दलहरूबीच सहमति जुट्न नसकेपछि स्थगित गरिएको जानकारी दिए।

बजेट पुनर्लेखन नगरे चल्न नदिने चेतावनी

बैठक सुरु हुनासाथ एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले विशेष समय लिएर बजेट विभेदकारी रहेको आरोप लगाए। सरकारले बजेटमा सन्तुलन कायम गर्न नसकेको भन्दै उनले सत्तापक्षका सांसद र प्रदेशका मन्त्रीको क्षेत्र पर्ने सिन्धुपाल्चोक, नुवाकोट र काभ्रे जिल्लाका केही निर्वाचन क्षेत्रलाई मात्र समेटेर बजेट विनियोजन गरिएको आरोप लगाए।

'धादिङ, सिन्धुपाल्चोक र नुवाकोट जिल्लामा मात्र कुल विकास बजेट सात अर्बको हाराहारीमा देखिन्छ। सिन्धुपाल्चोक र नुवाकोटसमेतको गर्दा कुल बजेटको २१ प्रतिशत बजेट तीन जिल्लामा मात्र विनियोजन भएको देखिन्छ,' उनले भने, 'भौतिक पूर्वाधार विकासमन्त्रीको निर्वाचन क्षेत्रअन्तर्गतको मेलम्ची नगरपालिकामा २८ करोड ६५ लाख रुपैयाँ बजेट विनियोजन भएको छ। सोहीअनुरूप अन्य जिल्ला र स्थानीय तहमा किन बजेट विनियोजन भएन ?,' उनले प्रश्न गर्दै भने। उनले बोलेपछि सभामुख पाठकले सांसदहरूलाई बजेटमाथिको छलफलमा भाग लिन आह्वान गरे। तर, एमाले र राप्रका सांसदले उभिएर बैठक सञ्चालनमा अवरोध गरिरहे। उनीहरूले बजेट पुनर्लेखन नभएसम्म संसद् बैठक चल्न नदिने चेतावनी दिएका छन्।

● प्रदेश सभा सचिवालय जलमग्न

मंगलबार केहीबेर परेको वर्षाले बागमती प्रदेश सभा सचिवालय जलमग्न भएको छ। पानीको उपयुक्त निकास नहुँदा सचिवालय प्रांगण तलाउजस्तै बनेको थियो। परिसर जलमग्न हुँदा दिउँसो १ बजेका लागि बोलाइएको बैठक सुरु हन नसकी केही समय सारिएको थियो। संसद् सचिवालयभित्र पानी जम्ने समस्या समाधान गर्न अघिल्लो कार्यकालदेखि नै सांसदहरूले आवाज उठाउँदै आएका थिए। तत्कालीन सभामुख सानुकुमार श्रेष्ठले रुलिङ गर्दै भौतिक पूर्वाधार विकासमन्त्रीलाई समाधानका लागि निर्देशन दिएका थिए। तर, अहिलेसम्म पानी जम्ने समस्या समाधान भएको छैन।

कोसीका सामाजिक विकासमन्त्रीविरुद्ध अदालतको मानहानि मुद्दा

विराटनगर / कोसी प्रदेशका सामाजिक विकासमन्त्री बुद्धिकुमार राजभण्डारीविरुद्ध अदालतको मानहानि मुद्दा दर्ता भएको छ। आफूले बर्खास्त गरेको प्रदेश खेलकुद विकास बोर्डका सदस्यसचिव हंशराज वाग्लेलाई उच्च अदालत विराटनगरका न्यायाधीशले घुस खाएर पुनर्बहाली गराएको भन्ने सार्वजनिक अभिव्यक्ति दिएपछि मन्त्री राजभण्डारीविरुद्ध मानहानि मुद्दा दर्ता भएको हो। राजभण्डारीले सार्वजनिक कार्यक्रममा दिएको उक्त अभिव्यक्तिले अदालतको जनआस्थामा आँच पुऱ्याएको भन्दै अधिवक्ता उद्धवचन्द्र घिमिरेले मंगलबार उच्च अदालत विराटनगरमा मानहानि मुद्दा दर्ता गराएका हुन्।

अदालतले दोषी ठहर गरे मन्त्री राजभण्डारीलाई एक वर्ष कैद र एक लाख रुपैयाँ जरिवाना हुन सक्छ। मन्त्री राजभण्डारीले १० असारमा विराटनगरको निजी विद्यालय शिक्षादीपले आयोजना गरेको कार्यक्रममा आफूले स्पष्टीकरण सोधेर पदमुक्त गरेका बोर्ड सदस्यसचिव वाग्लेलाई न्यायाधीश कृष्णकमल अधिकारीले घुस खाएर पदमुक्त नगर्न आदेश गरेको अभिव्यक्ति दिएका थिए। निवर्तमान मुख्यमन्त्री राजेन्द्रकुमार राईले एकीकृत समाजवादी समर्थक वाग्लेलाई कोसी प्रदेश खेलकुद बोर्डको सदस्यसचिव नियुक्त गरेका थिए। तर, निर्वाचनपछि एमाले नेतृत्वमा बनेको सरकारमा सामाजिक विकासमन्त्री नियुक्त भएपछि राजभण्डारीले ३ जेठ ०८० मा वाग्लेलाई नामाकरण भइसकेपछि 'कोसी प्रदेश' नलेखेको भन्दै स्पष्टीकरण सोधेर पदमुक्त गरेका थिए।

विनाकारण पदमुक्त गरेको भन्दै वाग्लेले उच्च अदालतमा पदमा बहाल गर्न माग गर्दै रिट दर्ता गराएका थिए। उनको रिटमा पहिले उच्च अदालत विराटनगरका न्यायाधीश कृष्णकमल अधिकारी र राजन भट्टराईको संयुक्त इजलासले ५ जेठमा सरकारलाई कारण देखाउ आदेश जारी गरेको थियो।

धनगढी बजारको मुहार फेर्ने सडक परियोजना अघि बढ्यो

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशको प्रमुख व्यापारिक केन्द्र र प्रदेशको अस्थायी राजधानीसमेत रहेको धनगढी मुख्य बजार क्षेत्रमा फराकिलो आधुनिक सडक निर्माणको काम सुरु भएको छ। ढलनिकाससहित फुटपाथ, साइकल लेन तथा विद्युत्, टेलिफोन र इन्टरनेटको तार भूमिगत राखिने अत्याधुनिक सडक निर्माण कार्यको मंगलबार शिलान्यास गरिएको हो।

सुदूरपश्चिम प्रदेश सरकारको ५१ करोड ५९ लाख रुपैयाँ लागतमा बजार क्षेत्रमा २.३ किलोमिटर लामो अत्याधुनिक सुविधासम्पन्न सडक निर्माण गर्न लागिएको हो। प्रदेशका भौतिक पूर्वाधारमन्त्री प्रकाशबहादुर देउवाले निर्माण कार्यको मंगलबार शिलान्यास गरे। कैलाली पुलदेखि क्याम्पसचोकसम्मको उक्त सडकलाई ३० मिटर फराकिलो बनाइनेछ। सडक फराकिलो बनाउन मुख्य बजार क्षेत्रका घरहरू भत्काइएका छन्। सडक निर्माणको ठेक्का केएस कन्स्ट्रक्सनले पाएको छ। गत २७ वैशाखमा प्रदेशमातहतको पूर्वाधार विकास कार्यालय कैलाली र निर्माण कम्पनीबीच भएको सम्झौताअनुसार दुई वर्षभित्र सडक निर्माणको काम पूरा हुनेछ। फुटपाथ, साइकल लेनसँगै सडकको दुवै किनारातर्फ खानेपानीको पाइप तथा विद्युत, टेलिफोन र इन्टरनेटका तारका लागि 'अन्डरग्राउन्ड पास' रहने उपमहानगरपालिकाका इन्जिनियर दिजराज भट्टले जानकारी दिए। उपमहानगरपालिकाको अनुरोधमा प्रदेश सरकारले सडक स्तरोन्नतिका लागि यस वर्ष बजेट विनियोजन गरेको थियो। सडक फराकिलो बनाउन मुख्य बजार क्षेत्रका करिब पाँच सय घर भत्काइएका छन्। उपमहानगरले सडक फराकिलो बनाउने अभियान थालेपछि अधिकांश घरधनीले आफ्ना घर आफैं भत्काएका थिए। मुख्य बजार क्षेत्रको साँघुरो सडकले सवारी चाप धान्न नसक्ने अवस्था आएपछि उपमहानगरले केही महिनाअघि सडक फराकिलो बनाउने अभियान थालेको थियो। बजार क्षेत्रमा चार सय २८ घरधनीले आफ्नो घर आफैं भत्काएर साथ दिएका उपमहानगरले जनाएको छ।

साढे ५१ करोडको लागतमा बन्ने सडक दुई वर्षभित्रै निर्माण सम्पन्न गरिने, आधुनिक सडक बन्ने भएपछि स्थानीयले आफैं भत्काए सडक क्षेत्रमा पर्ने आफ्ना घर

मुख्य बजार क्षेत्रअन्तर्गत थप ट्राफिक चोक चौराहादेखि कैलाली पुलसम्मको खण्ड क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत निर्माण भइरहेको छ। यो सडक २४ मिटर चौडाइमा काम भइरहेको छ। दुवै खण्डको काम पूरा भएपछि धनगढी बजार क्षेत्रमा सुविधासम्पन्न स्तरीय सडक हुनेछन्। धनगढीका मेयर गोपाल हमालले सडक निर्माणको काम समयमै सम्पन्न हुनेमा आफू आशावादी रहेको बताए।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०३/१३

यस फाइनान्सको प्रधान कार्यालय भाटभटेनी, काठमाण्डौंबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ। सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीहरुको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरुबाट नै भराई लिईनेछ। तपाई ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीहरुको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेहरुको विवरण
नाम : जनक बस्नेत बुबा : लेख बहादुर बस्नेत बाजे : जय बहादुर बस्नेत ना.प्र.नं. : २८-०१-०६५-०३१०७ मिती : २०६५/०५/३१, जि.प्र.का. ललितपुर। ठेगाना : गिम्दी वडा नं.६, ललितपुर, नेपाल। हाल : कागेश्वरी मनोहरा न.पा. वडा नं. ०९, गोठाटार, काठमाण्डौं।	**नाम : मिरा अधिकारी बस्नेत** बाबु : बद्रि प्रसाद अधिकारी पति : लेख बहादुर बस्नेत ससुरा : जय बहादुर बस्नेत ना.प्र.नं. : ३७११८ मिती : २०४५/०८/०८, जि.प्र.का. ललितपुर। ठेगाना : गिम्दी वडा नं.६, ललितपुर, नेपाल। हाल : कागेश्वरी मनोहरा न.पा. वडा नं. ०९, गोठाटार, काठमाण्डौं।
नाम : लेख बहादुर बस्नेत बुबा : जय बहादुर बस्नेत बाजे : दल बहादुर बस्नेत ना.प्र.नं. : ५३०३ मिती :२०४१/१०/११, जि.प्र.का. ललितपुर। ठेगाना : वागमती वडा नं.७, ललितपुर, नेपाल। हाल : कागेश्वरी मनोहरा न.पा. वडा नं. ०९, गोठाटार, काठमाण्डौं।	**नाम : दीपा रिजाल** बाबु : जम्म मान रिजाल पति : जनक बस्नेत ससुरा : लेख बहादुर बस्नेत ना.प्र.नं. : ३००१-०६८-१६९३० मिती : २०६८/०१/२५, जि.प्र.का. काभ्रेपलाञ्चोक। ठेगाना : भुम्लुटार वडा नं.३, काभ्रेपलाञ्चोक, नेपाल। हाल : कागेश्वरी मनोहरा न.पा. वडा नं. ०९, गोठाटार, काठमाण्डौं।
धितो सुरक्षण विवरण	
मालपोत कार्यालय चावहिल, काठमाण्डौंमा मिरा अधिकारीको नाममा दर्ता कायम रहेको सावित गोठाटार वडा नं. ०९, नक्सा सिट नं. १०२११०९०२, कित्ता नं. २१९ को क्षेत्रफल ९५.३९ व.मि को घर-जग्गा तथा निर्माणहरु, लिगलगापात समेत.....।	
२. ऋणीको विवरण	
नाम : ईश्वर पोखरेल बाबु : गोविन्द प्रसाद पोखरेल बाजे : टंक नाथ पोखरेल ना.प्र.नं. : ८४१४ मिती : २०५६/१०/०७, जि.प्र.का. काठमाण्डौं। ठेगाना : नयाँपाटी वडा नं. ०२, काठमाण्डौं, नेपाल। हाल : गोकर्णेश्वर वडा नं. ०१, काठमाण्डौं, नेपाल।	
व्यक्तिगत जमानी दिनेहरुको विवरण	
नाम : गिता श्रेष्ठ बाबु : जिवन कुमार श्रेष्ठ पति : ईश्वर पोखरेल ससुरा : गोविन्द प्रसाद पोखरेल ना.प्र.नं.: २७९०५ मिती : २०६२/१०/०२, जि.प्र.का. काठमाण्डौं। ठेगाना : इन्द्रायणी वडा नं. ०९, काठमाण्डौं, नेपाल। हाल : गोकर्णेश्वर वडा नं. ०१, काठमाण्डौं, नेपाल।	**नाम : नेत्र कुमारी पोखरेल** बाबु : मणिकण्ठ अधिकारी पति : गोविन्द प्रसाद पोखरेल ससुरा : टंक नाथ पोखरेल ना.प्र.नं.: १११८५ मिती : २०५६/०१/०८, जि.प्र.का. काठमाण्डौं। ठेगाना : नयाँपाटी वडा नं. ०२, काठमाण्डौं, नेपाल। हाल : गोकर्णेश्वर वडा नं. ०१, काठमाण्डौं, नेपाल।
धितो सुरक्षण विवरण	
मालपोत कार्यालय साँखु, काठमाण्डौंमा ईश्वर पोखरेलको नाममा दर्ता कायम रहेको सावित नयाँपाटी वडा नं. २ क, स्थित कित्ता नं. १९२६ को क्षेत्रफल १९०.७४ व.मि को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत.....।	

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

कुमारी बैंक लिमिटेड शाखा कार्यालय विजौरी, दाङ्गको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०३/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय विजौरी, दाङ्गबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार २० गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय विजौरी, दाङ्गमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:

१. वेद प्रसाद खडकाको नाति, बुद्धि बहादुर खडका/निम कुमारी खडकाको छोरा, जानकी खडकाको पति, दाङ्ग जिल्ला, श्रीगांउ गा.वि.स. वडा नं.०३ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, तुल्सीपुर उप-म.न.पा. वडा नं.०५, तुलसीपुर "घ" लाइन बस्ने **देव बहादुर खडका** (ना.प्र.प.नं.९९/२२९१, जारी मिति २०५४/११/०३, ईलाका प्रशासन कार्यालय तुलसीपुर दाङ्ग)।
२. टिका बहादुर बलीको नातिनि, ज्ञान बहादुर बली/रति बलीको छोरी, बुद्धि बहादुर खडका/निम कुमारी खडकाको बुहारी, देव बहादुर खडकाको पत्नी, दाङ्ग जिल्ला, श्रीगांउ गा.वि.स. वडा नं.०३ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, तुल्सीपुर उप-म.न.पा. वडा नं.०५, तुलसीपुर "घ" लाइन बस्ने **जानकी खडका** (ना.प्र.प.नं. ६२९, जारी मिति २०५९/१२/०६, ईलाका प्रशासन कार्यालय तुलसीपुर दाङ्ग)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. टिका बहादुर बलीको नातिनि, ज्ञान बहादुर बली/रति बलीको छोरी, बुद्धि बहादुर खडका/निम कुमारी खडकाको बुहारी, देव बहादुर खडकाको पत्नी, दाङ्ग जिल्ला, श्रीगांउ गा.वि.स. वडा नं.०३ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, तुल्सीपुर उप-म.न.पा. वडा नं.०५, तुलसीपुर "घ" लाइन बस्ने **जानकी खडका** (ना.प्र.प.नं.६२९, जारी मिति २०५९/१२/०६, ईलाका प्रशासन कार्यालय तुलसीपुर दाङ्ग)।
२. बुद्धि बहादुर खडका/निम कुमारी खडकाको नाति, देव बहादुर खडका/जानकी खडकाको छोरा, दाङ्ग जिल्ला, दंगीशरण गा.पा. वडा नं.६ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, तुल्सीपुर उप-म.न.पा. वडा नं.५, तुलसीपुर "घ" लाइन बस्ने **राजु खडका** (ना.प्र.प.नं.५२-०२-७४-०४८५३, जारी मिति २०७४/०७/२३, ईलाका प्रशासन कार्यालय तुलसीपुर दाङ्ग)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **देव बहादुर खडका**को नाममा मालपोत कार्यालय तुलसीपुर, दाङ्गमा दर्ता कायम रहेको दाङ्ग जिल्ला, तुलसीपुर न.पा. वडा नं. ५/घ स्थित कित्ता नं. २७५५ को क्षेत्रफल ३९.९० (व.मि.) र उक्त जग्गामा निर्मित पक्कि घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० असार** १९ गते भित्र बैंकको शाखा कार्यालय विजौरी, दाङ्ग स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय विजौरी, दाङ्गबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार २० गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय विजौरी, दाङ्ग स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी वाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय विजौरी, दाङ्ग स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर

पेरिसमा करिश्मा



बलिउड अभिनेत्री करिश्मा कपुरले फ्रान्सको पेरिसमा आफ्नो ४९औँ जन्मदिन सेलिब्रेट गरेकी छिन् । केही समयपछि उनी 'मर्डर मुबारक' फिल्ममा देखिनेछिन् । सन् २०२४ मा रिलिज हुने यस फिल्मलाई होमी अदजानियाले निर्देशन गर्दै छन् । फिल्ममा सारा अली खान पनि छिन् ।

'फाइटर'को फर्स्ट लुक सार्वजनिक



अभिनेता ऋतिक रोशनले आफ्नो आगामी फिल्म 'फाइटर'को फर्स्ट लुक सार्वजनिक गरेका छन् । फिल्ममा दीपिका पादुकोण ऋतिकको अपोजिटमा छिन् । सिद्धार्थ आनन्दको निर्देशनमा बनेको यो फिल्म २५ जुन २०२४ मा रिलिज हुनेछ ।

अब्सेसिभ कम्पल्सिभ डिसअर्डरको उपचार यसरी



आदर्श प्रधान
मनोविज्ञ, होलिस्टिक माइन्ड्स एन्ड लाइफ सेलिब्रेसन सेन्टर



अब्सेसिभ कम्पल्सिभ डिसअर्डर अर्थात् 'ओसिडी' एक प्रकारको मानसिक रोग हो । यस्तो मानसिक रोग लागेका मानिसले छिनछिनमा विचार वा भावनाहरू दोहोऱ्याउने गर्छन् । हुन त मनमा विचार वा भावना दोहोरिनु सामान्य कुरा नै हो । तर, छिनछिनमा दोहोरिएका वा फेरिएका विचारले आफूलाई असहज महसुस भई दैनिकीलाई नै असर पुऱ्याउने अवस्था आएमा त्यसको समाधान खोज्नुपर्छ । किनकि, यो रोगले कालान्तरमा डिप्रेसनसमेत निम्त्याउन सक्छ ।

कारण

- अब्सेसिभ कम्पल्सिभ डिसअर्डरको आधिकारिक कारण प्रमाणित भइसकेको छैन । तर, अनुसन्धानका अनुसार आनुवंशिक तत्त्वका कारण यो रोग लाग्छ । तनाव, बायोलोजिकल र वातावरणीय समस्याका कारण पनि यस्तो मानसिक समस्या हुने गरेको पाइन्छ ।
- अब्सेसिभ कम्पल्सिभ डिसअर्डरको समस्या भएमा मानसिक रोग विशेषज्ञको सल्लाहअनुसार औषधि सेवन गर्नुपर्छ । वेला-वेला मनोपरामर्शदातासँग सल्लाह लिनुपर्छ ।

लक्षण

- दिमागमा एउटै विचार बारम्बार दोहोऱ्याउने हुन्छ । मनमा आएका विषय अनावश्यक विचार हुन् भन्ने ज्ञान हुँदाहुँदै पनि यस्ता कुरालाई हटाउन सकिँदैन । प्रभावित व्यक्तिमा सधैँ आक्रोशपूर्ण आवेग देखा पर्छ ।
- गम्भीर रोगबाट संक्रमण हुने डर भइरहन्छ । आफूबाट कुनै नराम्रो घटना घट्छ कि भन्ने डर उत्पन्न हुने गर्छ । जसले गर्दा बिरामी धेरैजसो समय तनावमा रहन्छ ।
- कसैलाई यस्तो अवस्थामा अत्यन्त डर लाग्ने, चिडचिडापन हुने, पसिना आउने, श्वासप्रश्वास असन्तुलित हुने र मुटुको धड्कन बढ्नेजस्ता समस्या पनि हुन्छ ।
- यो रोग लागेकाले बारम्बार हात सफा गरिरहने, ढोकामा ताल्चा लगाए/नलगाएको, ग्यास बन्द गरे/नगरेका चेकजाँच गरिरहने गर्छन् । विभिन्न भ्रम तथा अनावश्यक सामान राख्न रुचाउने आदि लक्षण देखाउँछन् ।

उपचार विधि

- मानसिक रोग विशेषज्ञको सल्लाहअनुसार औषधि सेवन गर्नुपर्छ । वेला-वेला मनोपरामर्शदातासँग सल्लाह लिनुपर्छ । प्रायजसो मनोविज्ञले साइकोथेरापीबाट उपचार गर्ने गर्छन् । साइकोथेरापीअन्तर्गत कग्नेटिभ बिहेभियरल थेरापी, एक्सपोजर एन्ड रेस्पोन्स प्रिभेन्सन (इआरपी) आदिबाट उपचार गरिन्छ ।
- विश्राम, रेचन अभ्यासलगायत विभिन्न थेरापी गराएर यस्तो रोगबाट बच्न सकिन्छ । उपचारको अर्को विधि एकाग्रता, स्वीकार भाव र आत्मविश्वास बढाउने अभ्यास पनि हो । यस्तो समस्या तुरुन्तै निर्मूल हुन भने गाह्रो हुन्छ । त्यसैले धैर्यको आवश्यकता पर्छ ।
- बिरामीको मात्र नभएर उसका परिवारका सदस्यलाई पनि परामर्शको खाँचो हुन्छ । बिरामीलाई पारिवारिक सहयोग धेरै नै चाहिन्छ । परिवारले गर्ने प्रेम, साथ, उत्प्रेरणाले बिरामी निको हुन महत्त्वपूर्ण भूमिका खेल्छ । त्यसैले परिवारले यसबारे हेलचेक्र्याइँ गर्नुहुँदैन ।

मोबाइल चुस्त राख्न ...



- मोबाइललाई सुरक्षित राख्नका लागि राम्रो खालको कभर र स्क्रिन पोटेक्टर प्रयोग गर्नुस् । यसले स्क्र्याच हुनबाट तथा कहिलेकाहीं खस्दा पनि स्क्रिन फुट्नबाट जोगाउँछ ।
- नियमित रूपमा मोबाइललाई नरम कपडाले पुछ्ने गर्नुस् । सफा गर्ने नाममा कडाखाले केमिकलयुक्त तरल पदार्थको प्रयोग नगर्नुस् ।
- मोबाइललाई अति चिसो र अति तातो हुन दिनुहुँदैन । यसले ब्याट्री र परफर्मेन्समा नकारात्मक प्रभाव पार्छ ।
- जतनसाथ चलाउनुस् । अनावश्यक फाइल तथा एप डिलिट गरेर स्टोरेजलाई व्यवस्थापन गर्नुस् । सफ्टवेयर अपटुडेट राख्नुस् । कम्पनीले सिफारिस गरेका चार्जर, केबल र सामग्री मात्रै प्रयोग गर्नुस् । आवश्यकताभन्दा कम र धेरै चार्ज नगर्नुस् । ब्याट्री कम्तीमा २० देखि ८० प्रतिशतसम्म चार्ज हुनु राम्रो मानिन्छ ।

होम गार्डेनिङ सुरु गर्नुअघि





प्रदीप सिम्खडा
निर्देशक
एसएस एग्रिकल्चर फार्म, थली

राम्रो गुणस्तरको बिउ चयन गर्नुस्, जसकारण भविष्यमा राम्रो र स्वस्थ बिरुवा हुर्कियोस्

आजकल गमलामा बिरुवा रोपर मानिसले घरमै बगैंचा बनाउँछन् । तर, होम गार्डेनिङ सुरु गर्नुअघि तपाईंले केही कुरामा ख्याल गर्न जरुरी छ ।

- सबैभन्दा पहिले सही स्थान चयन गर्नुस् । कम्तीमा बिरुवालाई पाँच वा ६ घन्टासम्म प्रकाश मिल्ने खालको स्थान चयन गरेर गमला राख्नु राम्रो हुन्छ ।
- बिरुवाका लागि पर्याप्त पानी आवश्यक पर्ने भएकाले सहजै पानी पुऱ्याउन सकिने ठाउँमा गमला राख्नुस् । खुला स्पेसमा गमला राख्नुभयो भने राम्रो हुन्छ । जसकारण, गमलामा पानी हाल्न असहज नहोस् ।
- गमलालाई तेज हावा र गर्मीको समय चर्को प्रकाशबाट पनि जोगाउन जरुरी छ । किनकि, तेज हावा र चर्को प्रकाशले बिरुवालाई नष्ट गर्न सक्छ ।
- राम्रो गुणस्तरको बिउ चयन गर्नुस् । जसकारण, भविष्यमा राम्रो र स्वस्थ बिरुवा हुर्कियोस् ।
- हल्का वजन भएका गमला चयन गर्नुस् । यसलाई एक ठाउँबाट अर्को ठाउँमा सार्न हुन्छ । तपाईंले घरमा प्रयोग नभएका भाँडामा पनि माटो र बिउ हालेर बिरुवा रोप्न सक्नुहुन्छ । बजारमा कम मूल्यमा पनि आकर्षक गमला पाइन्छन् ।
- तपाईंले राम्रो र गुणस्तरीय माटोको चयन गर्नुपर्ने हुन्छ । यसमा विभिन्न प्रांगारिक मल तथा पातपतिंगर पनि मिसाउन सकिन्छ । यसका लागि नर्सरी वा कृषिविज्ञसँग परामर्श गर्न सक्नुहुन्छ ।

ओठको स्याहार

- अनुहारको स्याहारसँगसँगै ओठको सौन्दर्य कायम राख्नमा पनि हामीले ध्यान दिन जरुरी छ । पानी प्रशस्तै पिउनुस् । ओठमा ताजा र शुद्ध घ्यू लगाउन सक्नुहुन्छ । यसले ओठलाई गुलाबी बनाउँछ र कालोपन टाढा राख्छ । क्रिम पनि प्रयोग गर्न सक्नुहुन्छ । मह र चिनी मिक्स गरेर ओठमा लगाउनुस् र मसाज गर्नुस् । सीधै महले मसाज गर्दा पनि सुक्खापन हट्छ ।
- एलोभेरा जेलमा थोरै मह मिलाएर ओठमा मसाज गर्नुस् । १० मिनेटपछि धुनुस् ।
- लिपस्टिक लगाउनुअघि लिप बाम



लगाउनुस् । गुणस्तरीय लिपस्टिक मात्रै प्रयोग गर्नुस् ।

- सुत्नुअघि लिप मेकअप निकालेर सुत्नुस् ।
- ग्लिसिरिनको आधा बोतलमा दुईवटा कागती मिसाएर राख्नुस् । यसलाई दिनमा धेरैपटक ओठमा लगाउनुस् ।
- गुलाफको थोरै पत्तालाई थोरै दूधमा रातभर भिजाएर राख्नुस् । बिहान यसको पेस्ट तयार गरेर ओठमा लगाउनुस् । १०-१५ मिनेट राखेपछि धुनुस् ।
- तपाईंले २० देखि ४० सेकेन्डसम्म व्यायाम गरेपछि २० देखि अधिकतम ६० सेकेन्डसम्म आराम गर्न सक्नुहुन्छ । यसरी कसरत गर्दै र आराम गर्दै १० देखि ३० मिनेटसम्म अभ्यास गर्दा राम्रो हुन्छ । ब्याटल रोपका भिडियोहरू युट्युब वा सामाजिक सञ्जालमार्फत हेर्न सकिन्छ । थप जानकारीका लागि यस्तो अभ्यास गरिरहेका व्यक्ति वा विज्ञसँग परामर्श लिन सक्नुहुन्छ ।

ब्याटल रोप छोटो समयमै पर्याप्त व्यायाम



देवेन्द्र श्रेष्ठ
फिटनेस कोच
प्लानेट फिटनेस सेन्टर

ब्याटल रोप डोरीको सहायताले गरिने व्यायाम हो । यो व्यायाम गर्दा प्रतिमिनेट १० क्यालोरीसम्म बर्न गर्न सकिन्छ । छोटो समयको अभ्यासकै भरमा शरीरलाई सन्तुलित राख्न सकिने भएकाले यो व्यायाम लोकप्रिय बन्दै गएको छ ।

- ३० देखि ५० फिट लामो र १.५ देखि २ इन्च चौडा डोरीको सहायताले यो व्यायाम गर्न सकिन्छ । ब्याटल रोपका लागि आवश्यक उपकरण बजारमा किन्न पाइन्छ । व्यायाम प्रशिक्षक अथवा विज्ञसँग सल्लाह गरेर घरमै पनि यस्तो उपकरण बनाउन सकिन्छ ।

फाइदा

- यो व्यायाम गर्दा घुँडा तथा जोर्नीको दुखाइ कम हुन्छ । ३० देखि ५० फिट लामो र १.५ वा २ इन्च चौडा डोरीको सहायताले गरिने यस अभ्यासले मानिसको हृदयको क्षमतालाई पनि बढाउँछ ।
- यस व्यायाममा मांसपेशी अलग-अलग तरिकाले सक्रिय हुन्छन् । त्यसैले फ्याट बर्नसँगै मांसपेशी पनि बलियो हुन्छ । काँध वा बाइसेप्सको आसपास फ्याट घटाउँदै शरीरका हिस्सालाई फिट बनाउँछ ।
- व्यस्त दिनचर्या हुनेका लागि यो सर्वश्रेष्ठ व्यायाम हो । यसमा थोरै समयमा धेरै क्यालोरी बर्न गर्न सकिन्छ । जसले आफ्नो शरीरको फ्याट कम गर्नका लागि घन्टौंसम्म कठिन परिश्रम गरेका हुन्छन्, उनीहरूका लागि यो व्यायाम छोटो बाटो हुन सक्छ ।
- भारोत्तोलन वा ट्रेडमिलका लागि जिमखाना जानुपर्ने वा घरमै आवश्यक सामग्री जोहो गर्नुपर्ने हुन्छ । बाहिर जानुपर्दा यस्तो अभ्यास छुट्ने सम्भावना धेरै हुन्छ । तर, ब्याटल रोप जहाँ पनि गर्न सकिन्छ ।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका
ऋणी तथा जमानीकर्तालाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०३/१३ (नयाँ पत्रिका)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरूले प्राप्त गर्नुभएको व्यक्तिगत तथा बैंकिङ सुविधा बापत यस बैंकसँग गर्नु भएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत बेवास्ता गरि तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले तपाईहरूले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पुर्ण कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत : यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको बानेश्वर, काठमाण्डौ स्थित मुख्य कार्यालयको ऋण असुली विभागमा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फर्छ्यौट गर्न गराउन हुन सुचित गरिन्छ । अन्यथा, प्रचलित कानुन बमोजिम तपाँईहरूबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाँईहरूको तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं ।

तपसिल

ऋणीको नाम,थर र वतन	कर्जाको प्रकार
ऋणी: श्री हर्क बहादुर मोक्तानको नाती, श्री दल बहादुर मोक्तानको छोरा रामेछाप जिल्ला, सुकाजोर वडा नं. ०९, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २५ हनुमानढोका बस्ने वर्ष ३० को **श्री राम बहादुर मोक्तान** (ना.प्र.न. २९९०८/२११०१३, जारी मिति २०६९/०१/१२, जि.प्र.का. रामेछाप)	व्यक्तिगत कर्जा
ऋणी: श्री दल बहादुर गुरूङको नाती, श्री बीर भद्र गुरूङको छोरा गोरखा जिल्ला, आरूघनौटे वडा नं. ०७, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३ महाराजगञ्ज बस्ने वर्ष ३७ को **श्री प्रकाश गुरूङ्ग** (ना.प्र.न. १०६०२०, जारी मिति २०६०/०८/०५, जि.प्र.का. गोरखा)	व्यक्तिगत कर्जा
ऋणी: श्री भक्त बहादुर पूलामी मगरको नाती, श्री रत्न बहादुर पूलामी मगरको छोरा सिन्धुली जिल्ला, ककुरठाकुर वडा नं. ०८, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०१ उत्तरढोका लाजिम्पाट बस्ने वर्ष ३८ को **श्री गणेश बहादुर पूलामी मगर** (ना.प्र.न. ३१८२२, जारी मिति २०६०/०६/२७, जि.प्र.का. सिन्धुली)	व्यक्तिगत कर्जा
ऋणी: श्री हिरा बहादुर पुनको नाती, श्री राम बहादुर पुनको छोरा दाङ्ग जिल्ला, चैलाही वडा नं. ०२, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०१ लाजिम्पाट बस्ने वर्ष ३८ को **श्री गणेश पुन** (ना.प्र.न. ५४८०/२६५५, जारी मिति २०५८/१२/२६, जि.प्र.का. दाङ्ग)	व्यक्तिगत कर्जा
ऋणी: श्री पुनाराम डगौराको नाती, श्री भिम बहादुर डगौराको छोरा कञ्चनपुर जिल्ला, पिपलाडी वडा नं. ०८, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०१ लाजिम्पाट बस्ने वर्ष ३६ को **श्री भिम बहादुर डगौरा** (ना.प्र.न. १६८०६५, जारी मिति २०६२/०३/२१, जि.प्र.का. कञ्चनपुर)	व्यक्तिगत कर्जा
ऋणी: श्री गगन बहादुर चन्दको नाती, श्री केशव बहादुर चन्दको छोरा बैतडी जिल्ला, दशरथचन्द वडा नं. ०६, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३ भद्रकाली बस्ने वर्ष ४१ को **श्री दिपक बहादुर चन्द** (ना.प्र.न. ३१०/१९८२३, जारी मिति २०५७/१०/१८, जि.प्र.का. बैतडी)	व्यक्तिगत कर्जा
ऋणी: श्री काशीराम खत्रीको नाती, श्री उदयराम खत्रीको छोरा बाँके जिल्ला, कोहलपुर रामनगर वडा नं. १०, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०१ लाजिम्पाट बस्ने वर्ष ३१ को **श्री दान बहादुर खत्री** (ना.प्र.न. ६६१०१३/१९७०, जारी मिति २०६७/०४/२३, जि.प्र.का. बाँके)	व्यक्तिगत कर्जा
ऋणी: श्री जोहर सिंह बमको नाती, श्री धर्म सिंह बमको छोरा कैलाली जिल्ला, निगाली वडा नं. ०३, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १५ छाउनी बस्ने वर्ष ४० को **श्री अर्जुन बम** (ना.प्र.न. ६७१०११/९५०९, जारी मिति २०६८/०९/१८, जि.प्र.का. कैलाली)	व्यक्तिगत कर्जा
ऋणी: श्री तुल बीर डिस्वा मगरको नाती, श्री दिल बहादुर डिस्वा मगरको छोरा नवलपरासी जिल्ला, डाडाभेरी वडा नं. ०३, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३ महाराजगञ्ज बस्ने वर्ष ३९ को **श्री फत्त बहादुर डिस्वा मगर** (ना.प्र.न. ३६/३४१४२, जारी मिति २०६०/०६/२९, जि.प्र.का. नवलपरासी)	व्यक्तिगत कर्जा
ऋणी: श्री उज्र अधिकारीको नाती, श्री नन्दिलाल अधिकारीको छोरा उदयपुर जिल्ला, कटारी वडा नं. ०२, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०६ बस्ने वर्ष ३८ को **श्री गणेश अधिकारी** (ना.प्र.न. ९६, जारी मिति २०६२/०१/११, जि.प्र.का. उदयपुर)	व्यक्तिगत कर्जा
ऋणी: श्री कारबीर खड्काको नाती, श्री मान बहादुर खड्काको छोरा दैलेख जिल्ला, मेहलतोली वडा नं. ०२, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०३ थापाथली बस्ने वर्ष २७ को **श्री गोपाल खड्का** (ना.प्र.न. ६३–०१–७०–००४३९, जारी मिति २०७०/०३/१८, जि.प्र.का. दैलेख)	व्यक्तिगत कर्जा
ऋणी: श्री पदम बहादुर कार्कीको नाती, श्री नरसिंह कार्कीको छोरा रामेछाप जिल्ला, गेलु वडा नं. १२, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, सुन्दरीजल वडा नं. ०३ बस्ने वर्ष ३८ को **श्री सिताराम कार्की** (ना.प्र.न. ६७४३३, जारी मिति २०६१/०४/२८, जि.प्र.का. रामेछाप)	व्यक्तिगत कर्जा
ऋणी: श्री भुप वलीको नाती, श्री विरमान वलीको छोरा सुर्खेत जिल्ला, भेरीगंगा वडा नं. ४, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ९ एयरपोर्ट बस्ने वर्ष ३७ को **श्री मान बहादुर वली** (ना.प्र.न. ६७७८७, जारी मिति २०६१/०३/२१, जि.प्र.का. सुर्खेत)	व्यक्तिगत कर्जा
ऋणी: : श्री लाल बहादुर थापाको नाती, श्री रामकृष्ण थापाको छोरा मकवानपुर जिल्ला, पालुङ्ग वडा नं. ७, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ११ भद्रकाली बस्ने वर्ष ३६ को **श्री रामशरण थापा** (ना.प्र.न. ६०/३९९९७, जारी मिति २०६३/०८/०४, जि.प्र.का. मकवानपुर)	व्यक्तिगत कर्जा
ऋणी: श्री दिप बहादुर महतको नाती, श्री बल बहादुर महतको छोरा ललितपुर जिल्ला, लेले वडा नं. २, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं. ८ मंगलबजार बस्ने वर्ष ३८ को **श्री सुरेन्द्र बहादुर महत** (ना.प्र.न. २५७३६, जारी मिति २०६०/१२/३०, जि.प्र.का. ललितपुर)	व्यक्तिगत कर्जा

भिडतन्त्रले संकटमा परेको लोकतन्त्र

पछिल्लो समय भिडको तागतसामु राज्यका संयन्त्र निरीह बन्दा विधिको शासनको अवधारणाअनुसार मुलुक चल्न सकेको छैन



● ताराप्रसाद ओली

अग्रलेख

केही दिनअघि काठमाडौं महानगरका बहालवाला प्रमुख बालेन्द्र साहले आफ्नो विपक्षमा आदेश आएपछि अदालतको फैसला नमान्ने सार्वजनिक घोषणा गरे। नगर प्रमुख साहलाई साहसी र हिम्मतवाला नेताको उपमा दिँदै सामाजिक सञ्जालमा उनको चर्को समर्थन देखियो। तथ्यहरूको परीक्षण, सत्यताको खोजी र अध्ययन अनुसन्धानतिर नलागी समाजका शिक्षित, चर्चित र आशालाग्दा व्यक्तिबाट समेत अदालतप्रति वितृष्णा फैलाउने खालका सतही टीकाटिप्पणी गरिए। विषयवस्तुको गहिराइ वा वास्तविकतामा प्रवेश नगरी धारणा बनाउने र जनमत सिर्जना गर्ने शैलीले लोकतान्त्रिक प्रणाली कमजोर हुँदै छ। पछिल्लो समय भिड निकै बलशाली बन्दै गएको छ, भिडको तागतसामु राज्यका संयन्त्र निरीह बन्दा विधिको शासनको अवधारणाअनुसार मुलुक चल्न सकेको छैन। हरेक विषयको छिनोफानो भिडले गर्ने परिपाटीको विकास हुँदै गर्दा लोकतन्त्रमाथि खतरा उत्पन्न भएको छ।

विधिको शासनको अवरोधक भिडतन्त्र : संविधानका अक्षर प्रस्ट छन्, मर्म स्पष्ट छ, मुद्दा मामिलाको रोहमा अदालतको आदेश एवं फैसला सबैले पालना गर्नुपर्छ, न्याय सम्पादनमा अवरोध गरेमा तथा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलना हुन्छ। लोकतन्त्रमा स्वतन्त्र न्यायालयको अवधारणालाई अस्वीकार गर्न मिल्दैन। न्यायालयको फैसलाउपर प्राज्ञिक, सैद्धान्तिक वा वैचारिक चिरफार र बहस हुन सक्छ। स्वस्थ आलोचना, टिप्पणी र बहसबाटै सुदृढ लोकतन्त्र अनि स्वतन्त्र र सक्षम न्यायपालिका निर्माण हुने हो। अदालती फैसलामाथिको निर्मम टिप्पणीले अदालतलाई सही दिशानिर्देश गर्न सक्छ, तर स्वतन्त्र न्यायपालिकाको अवधारणामाथि धाबा बोल्न मिल्दैन। राजनीतिज्ञसँग प्रचुर जनमत हुन्छ, जनताबाट निर्वाचित हुने जनप्रतिनिधिसँग जनसमर्थन हुनु स्वाभाविक हो। जनसर्मथनको आडमा शासकीय जिम्मेवारीमा रहेका शासकले स्वतन्त्र न्यायपालिकाको हुर्मत लिन पाइँदैन। जनताको विश्वास र समर्थनको दुरुपयोग गर्दै जाने हो भने लोकतन्त्र जिउँदो रहँदैन। कार्यकारीको स्वेच्छाचारितालाई लगाम लगाउँदै जनअधिकार रक्षा गर्नु स्वतन्त्र न्यायपालिकाको आधारभूत दायित्व हो। राजनीतिज्ञमा लोकतन्त्र, लोकतान्त्रिक मूल्य-मान्यता र कानुनी राज्यप्रति गहिरो विश्वास भएन भने लोकतन्त्र संस्थागत र सुदृढ हुँदैन। राज्य सञ्चालकहरू नै राज्यको एक महत्त्वपूर्ण अंगविरुद्ध घृणा जगाउँदै न्यायालयविरोधी जनमत तयार गर्नतिर लाग्ने हो भने मुलुकमा कहालीलाग्दो अवस्था सिर्जना हुनेछ।

के न्यायालयले विश्वास गुमाएको हो ? : अदालतका त्रुटिपूर्ण फैसला न्यायिक प्रक्रियाबाटै सच्चिन्छन्। न्यायालय जनताको आशा, आस्था, विश्वास र भरोसामा टिकेको हुन्छ। न्यायको मन्दिरमाथि घृणा फैलाएर लोकतन्त्र बलियो हुँदैन। मुद्दा मामिलाको रोहमा अदालतको फैसला अकाट्य, अन्तिम र बाध्यकारी हुन्छ। जतिसुकै असन्तुष्टि भए पनि अदालती फैसलाको सम्मान, स्वीकार र पालनाको विकल्प छैन।

नेपालको न्यायपालिकाभित्र विकृति र विसंगति नभएका होइनन्। राज्यका अन्य अंग र निकायजस्तै न्यायपालिका पनि समस्याग्रस्त नै छ। न्यायालयको शुद्धीकरण, सुदृढीकरण र पुनर्संरचनाको अभियान सुरु गर्न ढिलो भइसकेको छ। न्यायालय एवं न्यायालयका फैसलाको अनादर र अवज्ञाले न्यायालय सुधारको अभिभारा पूरा हुन सक्दैन। न्यायालयप्रति अनास्था र घृणा फैलाएर होइन, संवैधानिक र नीतिगत भ्रष्टता, बेइमानी, जालसाजी र त्रुटिलाई सच्याएर न्यायको मन्दिरको गरिमा रक्षा गर्नुपर्छ। कुनै मान्य सिद्धान्त, मापदण्ड र पद्धतिविनै कानुन व्यवसायीको लाइसेन्स खल्तीमा भएका आधारमा न्यायको मर्म बुझ्न नसक्ने अक्षम र अयोग्य पात्रलाई राजनीतिक आबद्धता तथा भागबन्डाको विधिबाट न्यायाधीश नियुक्त गरेपछि न्यायिक विचलन आउनु स्वाभाविक हो। न्यायाधीश नियुक्तिमा फस्टाएको नातावाद र नेतावाद अन्त्य नगर्ने हो भने न्यायपालिकाले जनविश्वास आर्जन गर्न र जोगाउन नसक्ने पक्का छ। उपल्लो तहको अदालतलाई नातागोताको क्लब र राजनीतिक भर्ती केन्द्र बन्नबाट जोगाउने अभियान थालनी गर्नु जरुरी छ।

नकारात्मक ऐक्यबद्धताको लहर : 'एज अफ एंगर'का लेखक पंकज मिश्रले कुनै घटनाप्रति व्यापक स्तरमा जन्मिने नकारात्मक ऐक्यबद्धताले संसारलाई बर्बाद पार्ने चेतावनी दिएका छन्। पछिल्लो समय आमजनतामा नकारात्मक चेत हाबी हुँदै गएको छ। बहुलवादी, लोकतान्त्रिक र शिक्षित समाजमा कुनै एजेन्डामा मत विभाजन हुनु स्वाभाविक हो। विभाजित समाजमा हरेक मुद्दामा मतैक्य सम्भव छैन। न्यायालयले गरेको निर्णयलाई चुनौती दिँदै अवज्ञाको घोषणा गर्ने र त्यसलाई नागरिक स्तरबाट समेत समर्थन प्राप्त हुने कार्य सभ्य तथा लोकतान्त्रिक समाजमा स्वीकार्य र शोभनीय हुन सक्दैन। मुलुकको स्थापित विधि र अभ्यासलाई भत्काउने खालको अभिव्यक्तिविरुद्ध जनस्तरबाट प्रतिवाद हुनुको साटो अझै दुरुत्साहन दिनु दुःखद छ। चेतना, विवेक र तर्कशून्य भिडले मुलुकलाई बर्बादीको बाटामा लैजाने खतरा रहन्छ। नकारात्मक कुरामा चाँडै विश्वास गर्दै ऐक्यबद्धता जनाउने संस्कृति मौलाउँदै जाँदा कठोर साधना, कडा मिहिनेत र निकै लामो समय खर्चेर आर्जन गरेको व्यक्तित्वसमेत क्षणभरमै सखाप भइदिन्छ। यस्तो परिस्थिति



सिर्जना भएमा न्यायमूर्तिहरू फैसला गर्न डराउने, पन्छिने र भिडबाट प्रभावित भएर फैसला गर्ने अवस्था सिर्जना हुन सक्छ। शासकमा शक्ति पृथकीकरणको सिद्धान्त, संवैधानिक व्यवस्था र विधिको शासनप्रति लगाव नरहने हो भने मुलुक असफल राष्ट्र बन्ने खतरा रहन्छ। तथ्यहरूको कुनै विश्लेषण र मूल्यांकन नै नगरी कसैविरुद्ध सामूहिक रूपमा हमला गर्ने परिपाटी उचित होइन।

किन हाबी हुँदै छ भिडतन्त्र ? : स्वतन्त्र, निष्पक्ष र तटस्थ रहनुपर्ने संस्थाको तीव्र क्षयीकरण नै भिडतन्त्र निर्माणको कारक हो। छिटो परिणाम खोज्ने र फिल्मी शैलीमा समाधान चाहने स्वभावले भिडतन्त्र हाबी हुँदै जान्छ। विधिको शासन कमजोर हुँदै गर्दा 'हिरोइज्म' देखाएर सेलिब्रेटी बन्न खोज्ने प्रवृत्तिको विकास हुन्छ। 'सेलिब्रेटी सिन्ड्रोम' विधिको शासनको शत्रु र चुनौती हो। सार्वजनिक पदाधिकारीले सस्तो लोकप्रियता र चर्चाका लागि प्रचलित विधि र कानुनको उपहास गरेर काम गर्दा जनस्तरबाट खबरदारी हुनुपर्नेमा उल्टै व्यापक जनसमर्थन प्राप्त हुनु लोकतन्त्रका लागि निकै डरलाग्दो पक्ष हो।

> सार्वजनिक पदाधिकारीले सस्तो लोकप्रियता र चर्चाका लागि प्रचलित विधि र कानुनको उपहास गरेर काम गर्दा जनस्तरबाट खबरदारी हुनुपर्नेमा उल्टै व्यापक जनसमर्थन प्राप्त हुनु लोकतन्त्रका लागि खतरा हो

आजको दिनमा नेता र नीतिले नभई भिडले नेतृत्व लिन खोजेको देखिन्छ। उत्तेजना, आक्रोश र बदलाभावले प्रेरित भिडबाट निर्णय गराउन खोज्नु भिडतन्त्र (मोबोक्रेसी) हो। भिडका अगाडि तथ्य, तर्क र विवेकको स्थान हुँदैन। भिडले मुलुकका जल्दाबल्दा मुद्दामा हुने सैद्धान्तिक, बौद्धिक र वैचारिक बहसलाई निषेध गरिदिन्छ। चलचित्रमा हिरो एक्लै वा समूहले कानुन हातमा लिएर न्याय दिएका दृश्य देखाइन्छ। फिल्मले न्यायिक प्रक्रियाबाट न्याय नहुने सन्देश प्रवाह गर्दै विद्रोहका लागि आह्वान गरेका हुन्छन्। त्यसको गहिरो प्रभाव आममान्छेमा परेको हुन्छ। आफ्नो अधिकारका लागि संघर्ष गर्नु, आवाजविहीन जनताका पक्षमा वकालत गर्नु, राज्यका निकायलाई सहयोग गर्नु र भिडको आडमा निर्णय गराउन खोज्नु फरक विषय हुन्।

भिडले प्रश्नलाई निषेध गर्छ, विचार र स्वतन्त्रताको हत्या गर्छ। पद्धतिको विकास गर्ने प्रक्रियामा भिडले अवरोध सिर्जना गर्छ। जब सत्यमाथि भिड हाबी हुन्छ, तब राज्यका निकाय निष्प्रभावी बनिदिन्छन्। सभ्य र सुसंस्कृत समाज निर्माणमा भिडतन्त्र मुख्य अवरोधक तत्त्व हो। शासकीय भूमिकामा रहेका आशालाग्दा राजनीतिज्ञले न्यायालयको फैसला नमान्ने खुलेआम घोषणा गर्दा नागरिकले व्यापक ऐक्यबद्धता व्यक्त गर्नु लोकतन्त्रको संस्थागत विकासका लागि खतरा हो।

मलेसियालाई आजको मलेसिया बनाएको श्रेय महाथिर मोहम्मदलाई जान्छ भने सिंगापुरलाई आजको सिंगापुर बनाउन ली क्वान यूको अविस्मरणीय योगदान छ। हिजो खुबै बदनामी कमाएको विहार राज्यको छविमा सुधार आइरहेको छ। कुनै पनि मुलुक प्रगतिपथमा लम्किन स्पष्ट दृष्टिकोण, लक्ष्य, सपना र इच्छाशक्ति भएको नेतृत्व चाहिन्छ। धन, डन र भिडको आधारमा नेतृत्व चयन गरिएमा मुलुक असफल राष्ट्र बन्न बेर लाग्दैन। चिनियाँ दार्शनिक कन्फ्युसियसले सबल राज्यको प्रमुख र सबल आधार शिक्षित र नैतिक नागरिक समूहलाई मानेका छन्। महान् दार्शनिक प्लेटोले नागरिकहरू शिक्षित, अनुशासित, धैर्यवान् तथा तार्किक हुनुपर्ने र राज्यले सोही तबरबाट प्रशिक्षित गर्नुपर्नेमा जोड दिएका छन्। नागरिकहरू चेतनशील र विवेकशील बन्न नसक्दा भिडतन्त्र नै हाम्रो जीवनपद्धति बन्ने खतरा छ।

निराशाउन्मुख समाजको उपज भिडतन्त्र : अमेरिकी लेखक तथा राजनीतिशास्त्रका प्राध्यापक टेड गुर आफ्नो चर्चित पुस्तक 'मानिस किन विद्रोह गर्छन्'मा निराशाले मानिसलाई आक्रामक बनाउने दाबी गर्दै भन्छन्, 'जति-जति मानिसले आफ्नो अवस्थाको तुलना अरूसँग गर्छ र आफूलाई दयनीय अवस्थामा पाउँछ, त्यति-त्यति ऊभित्र विद्रोही चरित्र हाबी हुँदै जान्छ।' नेपालमा राजनीतिक परिवर्तनको यात्रा रफ्तारमा अगाडि बढे पनि विकास र समृद्धिको यात्रा निकै मन्द गतिमा छ। अन्य मुलुकको विकास र परिवर्तनसँग नेपालको तुलना गर्दा हाम्रो गति सारै सुस्त छ। परिवर्तनका खातिर जनाकांक्षाको उचित व्यवस्थापन हुन सकेको छैन। मुलुकलाई चरम गरिबी र बेरोजगारीले गाँजेको छ। भ्रष्टाचार संस्थागत हुँदै गएको छ। हुँदा खाने र हुनेखानेबीचको दूरी बढ्दो छ। गाँस, वास र कपासको जोहो गर्नसमेत बिदेसिनुपर्ने बाध्यता छ। राजनीतिक र प्रशासनिक नेतृत्वमा नैतिकताको ह्रास हुँदै गएको छ। दण्डहीनता बढ्दो क्रममा छ, जसका कारण नागरिक निराश छन्। देशमा कोही पनि इमानदार, नैतिकवान् र निष्ठावान् मानिस नै नभएको भाष्य निर्माण गरिएको छ।

समाजशास्त्री थेडा स्कोकपोल र इतिहासविद् एरिक हब्बसनका अनुसार सडकमा देखिने भिड खतरनाक र महत्त्वपूर्ण भए पनि खास अर्थमा त्यो भिडको निर्देशक, संरक्षक र उत्पादक को हो भन्नेले विशेष महत्त्व राख्छ। आवरणमा देश विकासको हुटहुटी देखाइएको भए पनि पछिल्ला गतिविधि विद्यमान पद्धति भत्काउने मनसायबाट प्रेरित भएको बुझ्न कठिन छैन। जनतामा विकसित चरम निराशा र महत्त्वाकांक्षामा टेकेर विद्यमान प्रणाली तथा संस्थालाई कमजोर बनाउने प्रयास भइरहेको छ। निरन्तरको अस्थिरताले कुनै पनि देशको विकास सम्भव छैन।

अन्त्यमा : अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले आफ्नो छोराले अध्ययन गर्ने विद्यालयका प्रधानाध्यापकलाई पत्र लेख्दै भनेका थिए, 'मेरो छोरो जतातिर हुल छ, त्यतैतिर लाग्ने प्रवृत्तिको नहोस्। सुनेको कुरालाई राम्रोसँग छुट्याउन सक्ने होस्।' सही र गलत पहिचान गरेर समर्थन र विरोध गर्ने चेतनशील जमात निर्माण नभएसम्म सभ्य र समुन्नत समाज बन्न सक्दैन। जुन देशमा स्वतन्त्र र तटस्थ जनमत कम छ, त्यो देश खराबबाट शासित भइरहेको हुन्छ। शासक र शासन व्यवस्थाको चयनमा न्यायाधीशको भूमिकामा रहनुपर्ने नागरिक नै निष्पक्ष, तटस्थ र स्वतन्त्र रहन सकेनन् भने त्यो देश असल र इमानदार नेतृत्वबाट कहिल्यै शासित हुन सक्दैन। स्वस्थ र स्वच्छ वैचारिक बहसले मात्र लोकतन्त्र संस्थागत हुन सक्छ। पछिल्लो समय भिडतन्त्रको चर्को मारमा न्यायपालिका पर्दै आएको छ। भिडतन्त्रको बढ्दो फैलावटलाई रोक्न सकिएमा मात्र लोकतन्त्रको रक्षा हुन सक्छ।

(ओली महान्यायाधिवक्ता कार्यालयका सहायक न्यायाधिवक्ता हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



नयाँ नागरिकता ऐन कार्यान्वयनमा गएको छ। यसलाई कसरी हेर्नुभएको छ ?

यस ऐनले संविधानको 'स्पिरिट'लाई अघि बढाएको छ। राज्यले आफ्नै राजनीतिक सरहदभित्र पुस्तौं पुस्तादेखि बसोवास गर्दै आएका नागरिकलाई वर्षौंदेखि नागरिकताविहीन बनाउँदै आएको थियो। यो ऐन कार्यान्वयनमा गएसँगै राज्य तत्कालका लागि त्यस आरोपबाट मुक्त भएको छ भने नागरिकता नपाउँदा आफ्नै देशमा अनागरिक बन्न विवश नागरिकले पनि संविधानले दिएको आफ्नो हक पाएका छन्।

यसले नागरिकताविहीनताको समस्यालाई कति र कसरी सम्बोधन गर्ला ?

अहिले जन्मसिद्ध नागरिकका सन्तानले मात्र वंशजको नागरिकता पाउने अवस्था बनेको हो। कैयौं नागरिकका जिजुबा, हजुरबुबा या बाबुमध्ये कसैले पनि नागरिकता प्राप्त गरेका थिएनन्। तिनको साथमा धनीपुर्जा पनि छैन। यस्ता सीमान्तकृत भूमिहीनले कसरी नागरिकता पाउने हुन्, त्यसको प्रस्ट व्यवस्था छैन। संविधानतः पाउनुपर्ने जति सबैले नागरिकता नपाएसम्म यो समस्या जारी नै रहन्छ। त्यसैले, यस ऐनले नै सबै समस्या हल गर्न सक्दैन।


यसबाट गैरनेपालीले पनि नागरिकता लिन सक्ने आशंका कति जायज छ ?

नवनागरिक प्रवृत्ति हामीकहाँ नभएको होइन। तराई मधेसमा छिमेकी भारतका केहीले नेपाली नागरिकता लिएका छन् भने पहाडमा दार्जिलिङ, सिक्किम, बर्मालगायत विभिन्न देश र भूभागमा बसोवास गर्ने नेपालीभाषीले नागरिकता लिएका छन्। तर, यसमा नागरिकता लिनेभन्दा पनि तिनका लागि सिफारिस दिने स्थानीय जनप्रतिनिधि, नागरिकता दिने सिडिओ आदि बढ्दा दोषी छन्। छिमेकी युपी, बिहारलाई हेरेर ऐनको विरोध गर्नुको अर्थ छैन।

प्रेरक प्रसंग

आलोचनाको प्रतिवाद किन गर्नु ?

एक अति सामान्य परिवारबाट उठेर अब्राहम लिंकन अमेरिकाका १६औं राष्ट्रपति बन्न सफल भए। राष्ट्रपति बनेपछि उनले दासप्रथा अन्त्य गरे। उनले धेरैको वाहवाही पनि पाए। तर, उनका आलोचक पनि कम्ती थिएनन्। कतिपयले पत्रपत्रिकामार्फत पनि उनको आलोचना गर्थे। लिंकनको आलोचना निकै बढ्दै गए पनि उनी भने थाहै नपाएजस्तो गरी आफ्नै काममा व्यस्त थिए। राम्रो काम गर्दागर्दै पनि आलोचना भएको देख्दा उनका आफन्त र साथीहरू भने निकै आक्रोशित भइरहेका थिए। उनीहरू स्वयं लिंकनबाटै यसको प्रतिवाद होस् भन्ने चाहन्थे। तर, लिंकनले यसबारे चासो दिइरहेका थिएनन्। एकदिन लिंकनका अत्यन्त निकट मित्रले मौका मिलाएर सोधे- प्रिय मित्र, तिमी देश र देशवासीका लागि यति राम्रा-राम्रा काम गरिरहेका छौ। तैपनि, मानिसहरू तिम्रो प्रशंसाको साटो चाहिने-नचाहिने आलोचना गरिरहेका छन्। तिमी किन तिनलाई जवाफ दिँदैनौ ? तिमी मौन रह्यौ भने त यी आलोचना सही ठहरिँदैनन् र ?



मित्रको कुरा सुनेपछि लिंकन मुसुक्क मुस्कुराए र भने- मेरा प्यारा मित्र, एउटा कोणबाट हेर्दा तिमीले भनेको ठिकै हो। तर, यस्ता वाद-प्रतिवादमा लागेँ भने मैले देश र जनताका लागि कामचाहिँ कहिले गर्नु ? म देश र जनताको हितमा काम गरिरहन्छु। मेरा कामले देश र जनताको हित गरे भने आलोचकका मुख स्वतः बन्द हुन्छन्। तर, मैले राम्रा काम गर्न सकिनँ भने यस्ता आलोचनाको थप वर्षा हुन्छ, जसबाट मलाई कसैले पनि बचाउन सक्नेछैन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आदेश अवज्ञा गर्ने बालेन मात्र हुन् ?

बालेनले उठाएका मुद्दा प्रायः सबैले राष्ट्रियतासँग जोडिएको मुद्दा भन्दै आएका छन्। सबभन्दा पहिले बालेन उठाएका मुद्दा राष्ट्रियतासँग जोडिन्छन् कि जोडिँदैनन्, त्यसमा बहस गर्न जरुरी छ। यदि राष्ट्रियतासँग जोडिन्छ भने अदालतको निर्णय अस्वाभाविक छ। किनकि राष्ट्रियताको सवालमा देशभन्दा ठूलो न अदालत हुन्छ, न त कानुन। देश रहे जनता रहन्छन्, त्यसपछि सरकार अनि मात्र अदालत र कानुनको कुरा आउने हो। जब देश र जनता नै रहँदैनन् भने त्यो अदालत र कानुनको के औचित्य ? यहाँ राष्ट्रियताको सवालमा बालेन, अदालत, सरकार, प्रतिपक्ष र सर्वसाधारण सबै एक हुन जरुरी छ।

● **मानबहादुर तामाङ**, काठमाडौं

सुर्तीजन्य वस्तुमा कर बढाऊ

सरकारले सुर्तीजन्य वस्तुमा बढाउनुपर्नेजति कर नबढाएर कसको सेवा गर्न खोजेको छ ? स्वयं स्वास्थ्यमन्त्रीले नै उत्पादकको स्वार्थका लागि कर बढाइएन र यसरी कर नबढाउनु आपराधिक काम हो भनिसकेपछि यो सरकारले आपराधिक काम गरिरहेको छ भन्ने बुझिन्छ। आलु, प्याजमा भ्याट लगाउने सरकारले यसरी सुर्तीजन्य उत्पादनमा कर कटौती गरेर या कम कर लगाएर साँच्चै आपराधिक काम गरेको छ। सरकारले सुर्तीजन्य वस्तुमा थप कर लगाएर त्यसबाट प्राप्त हुने राजस्व बिरामीको उपचारमा खर्च गरोस्।

● **भूमिका पासवान**
मलंगवा, सर्लाही

बजेटमा विभेद किन ?

बागमती प्रदेश सरकारले सत्तापक्ष र प्रतिपक्षका सांसदलाई बजेटमा विभेद गरेको समाचार पढ्दा दुःख लाग्यो। सरकारले यसरी सत्तापक्ष र प्रतिपक्ष भनेर कित्ताकाट गर्न थाल्यो भने त्यसले सिंगो देशभर प्रभाव पार्ने निश्चित छ। एउटा प्रदेशको सरकारले यस्तो विभेद गर्छ भने बाँकी प्रदेशका सरकारले पनि यही सिको गर्न सक्छन्। यसको सिको गर्दै स्थानीय सरकारले पनि त्यही बाटो अँगाल्न सक्छन्। यसले मौका पाउँदा प्रतिपक्षीलाई पेल्ने, थिच्ने र अँचेट्ने नजिर स्थापित गर्न सक्छ।

● **सुमना घर्ती मगर**
कपन, काठमाडौं

जनकपुरीको लेख पढेपछि

११ असारको नयाँ पत्रिकामा रोशन जनकपुरीको 'सर्वोच्चको फैसलाको राजनीतिक-सांस्कृतिक आयाम' शीर्षकको लेख पढेँ। मोदीले अखण्ड भारतको नक्सा लगाएका छन्। जुन दिन भारत साँच्चै अखण्ड हुनेछ, हिन्दुस्तान पाकिस्तानमा परिवर्तित भएर त्यहाँ सरिया कानुन लागू हुने पक्का छ। किनभने, तपाईं धर्मनिरपेक्ष र सहिष्णु त हुन सक्नुहुन्छ, तर त्यसबाट आउने आँधी भने न सहिष्णु हुनेछ न त धर्मनिरपेक्ष। हिन्दुस्तान सौभाग्यशाली छ किनकि त्यहाँका मुसलमान तीन खण्डमा विभाजित छन्। त्यस्तै भाग्यशाली छ, नेपाल पनि। अंग्रेजले आफ्नो स्वार्थका लागि मधेसलाई दुई चिरा पारीदिए र आधा नेपाललाई सुम्पिदियो, ताकि दुवैतिरका जनता एकताबद्ध भई अंग्रेजविरुद्ध जाइलाग्न नसकून्।

बालेन शाहले 'ग्रेटर' नेपालको नक्सा लगाएका छन्। नेपाल कुनै दिन साँच्चै अखण्ड भयो या ग्रेटर नेपालको नक्सा कार्यान्वयनमा आयो भने पहाडिया मूलका नागरिकले नागरिकता प्राप्तिका लागि आन्दोलन गर्नेछन्, जसरी आज मधेसीले गरिरहेका छन्। कुनै जर्नेल साहेबले लेखकसँग जुन रिस पोखेका छन्, उनलाई सम्झाइदिनू कि उनका पृथ्वीनारायण शाह मधेसीसँग बिहे गर्न कति लालायित थिए ? कहिलेकाहीं दुस्मनले गरेको दुस्मनी पनि वरदान साबित हुन्छ। साध्यबहादुर भण्डारीलाई पनि यही कुरा भनिदिनुस्। भारतले बुद्धि पुऱ्याउने हो भने उसले नेपालले मागेको 'ग्रेटर' नेपाल दिएर आफ्नो मनसाय पूरा गर्ने बाटोतिर लागे हुन्छ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

स्थानीय पत्रकारितालाई जोगाउने कसरी ?

स्थानीय पत्रकारिता ध्वस्त हुँदै जाँदा भ्रष्टाचार बढ्ने, राजनीतिक प्रतिस्पर्धाको अवमूल्यन हुने र नागरिक सहभागिता घट्नेमा समाज वैज्ञानिक एकमत छन्



देश/विदेश

● जेन-वेर्नर म्युलर


अमेरिकामा 'सबै राजनीति स्थानीय हो' भन्ने भनाइ चर्चित छ। यस भनाइको आलोकमा हेर्ने हो भने अमेरिका मात्रै नभई विश्वका अन्य लोकतान्त्रिक मुलुकको राजनीतिमा ह्रास आउँदै छ। स्थानीय सरकारले राम्रो काम गर्नका लागि राजनीतिज्ञ र नीति-निर्मातालाई खबरदारी गर्ने स्थानीय पत्रकारिता हुनुपर्छ। तर, विश्वका धेरै ठाउँमा स्थानीय पत्रकारिता ध्वस्त हुँदै गएको छ। यसले नागरिकलाई स्थानीय र अन्ततः राष्ट्रिय रूपमा नागरिक जीवनसँग जोडिन थप गाह्रो बनाउँछ। ठूलो महत्त्व हुन सक्ने स्थानीय समस्या रिपोर्ट हुँदैनन् र राष्ट्रिय नीतिले भुइँतहमा पार्ने प्रभाव अनदेखा हुन्छन्। तर, चिन्ता लिइहाल्नुपर्ने त्यस्तो केही छैन, अर्थात् खस्किँदो स्थानीय पत्रकारिताको 'एक मात्र' उपाय भन्ने छैन। विभिन्न मुलुकमा भइरहेका प्रयोगले स्थानीय पत्रकारितालाई पुनर्जागृत गर्न सकिने देखिन्छ। सबैले उपलब्ध आर्थिक स्रोत प्रयोग गरेर पुरानो व्यापारिक रणनीति बचाउने प्रयासको साटो सार्वजनिक हितका समाचार उत्पादनलाई उच्च प्राथमिकता दिइरहेका छन्।

२०औं शताब्दीको अधिकांश समय समाचार व्यवसाय विज्ञापनबाट आउने आम्दानीमा निर्भर थियो। तर, यो मोडेल सन् १९९० को अन्त्यताका जब इन्टरनेट सर्वव्यापी हुन थाल्यो, तब पतन हुन सुरु भयो। स्थानीय पत्रिकाले विज्ञापन मात्रै नभई आकर्षक 'वेब पेज' निर्माण गरेर 'सब्स्क्रब्सन मोडल' लागू गरेर पनि आम्दानी गर्न सकेनन्। नतिजा बहुतै विकराल छ। केही अनुमानअनुसार अमेरिकामा सन् २००५ का एकतिहाइ पत्रिका सन् २०२५ सम्ममा बन्द हुनेछन्। करिब सात करोड अमेरिकी नागरिक 'समाचार मरुस्थलमा' बाँचिरहेका छन् वा बाँच्नेछन्। बेलायतमा सन् २००९ देखि २०१९ सम्ममा तीन सय २० स्थानीय पत्रिका बन्द भइसकेका छन्। यो अवस्थालाई प्राइभेट इक्विटी फर्मको (निजी लगानीकर्ता कम्पनी) निवेशले पनि थप खराब बनाएको छ। यी लगानीकर्ता पत्रकारितामा लगानी गर्नुको सट्टा न्युजरुमको आकार घटाएर पत्रिका भवनको कारोबार गर्न उद्यत् हुन्छन्।

स्थानीय पत्रकारितामा आउने ह्रासले निम्त्याउने प्रभाव निर्विवाद छ। स्थानीय पत्रकारिताको अध्ययन गर्ने समाज वैज्ञानिक स्थानीय पत्राकरिताको गिरावटले भ्रष्टाचार बढ्ने, राजनीतिक प्रतिस्पर्धाको अवमूल्यन गर्ने र नागरिक सहभागिता घट्नेमा एकमत छन्। ग्रामीण वा उपेक्षित क्षेत्रको प्रतिनिधित्व गर्ने राजनीतिज्ञले कम जवाफदेहिताको सामना गर्छन्, जसले यी नेताको निर्वाचन क्षेत्रमा यिनले गरेको निर्णयको प्रभावको छानबिन हुने सम्भावना कम गराउँछ। स्थानीय पत्रकारिताको रिक्तताका कारण परिस्थितिलाई खराब बनाउँदै रिक्त स्थानमा सांस्कृतिक सर्वोच्चताको लडाइँले ठाउँ पाइरहेको छ। निःसन्देह स्थानीय मुद्दासँगको संलग्नताले मानिसलाई थप सभ्य वा व्यावहारिक बनाउँछ भन्ने जरुरी छैन। स्थानीय समुदायबीचको टकराव अप्रिय नै हुन्छन् र सांस्कृतिक लडाइँलाई स्थानीय पत्रिकाको अभावमा पत्रिकाजस्ता देखिने प्रोपगान्डा पत्रले उछाल्न सक्छन्। यस्तो अवस्थाको लाभ केही उग्रवादी अभियन्ताले लिन्छन्। षड्यन्त्रका सिद्धान्त र प्रोपगान्डालाई समाचार मानेर पढ्नेहरू वास्तवमा समाचारबाट वञ्चित भएको थाहा नपाएरै समाचार मरुस्थलमा बाँचिरहेका हुन्छन्।

विज्ञापनबाट हुने आम्दानीको अचुक व्यापारिक मोडलको विकल्प आइसकेको छैन। परोपकारी मोडललाई विकल्पका रूपमा लिने हो भने रिपोर्ट फर अमेरिकाका सकारात्मक पहलकदमी सतहमा आएका छन्। तर, यो विकल्पमा निर्भरता र स्वार्थको टकरावको अत्यधिक खतरा मौजुद छ। बेलायतजस्ता मुलुकमा पत्रकारितालाई परोपकारी गतिविधिका रूपमा अघि





तस्बिर : विलियम थोमस केन/गेट्टी इमेजेस

सारेर सरकारबाट अनुदानको माग गर्न सजिलो छ। तर, त्यहाँ पनि निर्भरता र स्वार्थको टकरावलाई रोक्न राज्य र करदाताको पैसा (अनुदान) पाउनेबीच विभिन्न नियमनकारी तह हुनुपर्छ। अमेरिकामा पनि इलोन मस्कले राज्य प्रायोजित भनेर दाबी गर्न खोजेको तर राजनीतिक दबाबमुक्त रहेको नेसनल पब्लिक रेडियोजस्ता नागरिक सञ्चार सेवाका माध्यम छन्। तर, यस्ता पहलकदमी स्थानीय पत्रकारितासम्म पुग्न सकेको छैन।

अन्य रचनात्मक पहलकदमीमा कर्मचारी वा समुदाय-स्वामित्व भएका समाचार संस्था पर्छन्। उदाहरणका लागि फिलाडेल्फिया इन्क्वायरर सार्वजनिक-लाभ कम्पनीका रूपमा सञ्चालित भइरहेको छ र यो स्थानीय पत्रकारितालाई पुनर्जीवित गर्न समर्पित गैर-नाफामुखी संस्थानको स्वामित्वमा छ। जेसुकै भए पनि यस्ता संस्थाले पर्याप्त अनुदान पाउँछन् या पाउँदैनन् भन्ने विषय मात्रै महत्त्वपूर्ण होइन। यी संस्थाले रचनात्मक प्रविधि प्रयोग गर्दै स्थानीय समाचारका श्रोतालाई संलग्न गराउँछन् र सीमान्तकृत समुदायका मानिसलाई रिपोर्टिङ गर्नसमेत प्रोत्साहन गर्छन्।

लोकतन्त्र सञ्चारमा भर पर्छ। तर, प्रभावकारी सञ्चारमा कुन लोकतान्त्रिक निर्णय महत्त्वपूर्ण छ भन्ने निर्क्योल गर्नेमा निर्भर हुन्छ। यस सन्दर्भमा अमेरिका आधारित गैर-नाफामुखी स्टेट्स न्युजरुमले राज्यस्तरका नीतिमा पूर्ण रूपमा ध्यान केन्द्रित गर्छ। 'द डक्युमेन्टर्स' कार्यक्रमले स्थानीय सरकारका बैठकको 'रिपोर्ट' गर्न मानिसलाई तालिम दिन्छ र रिपोर्टिङबापत भुक्तानीसमेत गर्छ। त्यसैगरी बिबिसीले स्थानीय पत्रिकासँग साझेदारी गरेको छ, जहाँ स्थानीय रिपोर्टिङको मात्रा र गुणस्तर बढाउन मद्दत गर्छ।

विभिन्न विकल्प स्थान र परिस्थितिअनुसार प्रभावकारी हुने गर्छन्। र, स्थानीय संस्थाका सट्टा मुख्य रूपमा ठूला क्षेत्रीय वा राष्ट्रिय पत्रिकालाई फाइदा पुग्ने रणनीतिलाई प्राथमिकता दिनु हुँदैन। अस्ट्रेलियामा गुगलजस्ता ठूला कम्पनीसँग विषयवस्तुमा लाग्ने शुल्कमा लेनदेन गर्न असल नियतले बनाइएका नीतिले ठूला कम्पनीलाई लाभ पुऱ्याइरहेको छ र अमेरिकामा रहेको पत्रकारिता परिस्पर्धा एवं संरक्षण ऐनले पनि यस्तै नीति ल्याएको छ। मुख्य कुरो भनेको पैसा भुइँत

विद्रोही समूहपछि आपराधिक गिरोहसँग वार्ता गर्दै कोलम्बिया

मेडलिन कोलम्बियाको दोस्रो ठूलो सहर हो । यस सहरको अधिकांश भाग सशस्त्र आपराधिक समूहको नियन्त्रणमा छ । तिनले आफ्नो कब्जामा रहेको क्षेत्रमा ड्रग्स व्यापारदेखि व्यवसायीबाट जबर्जस्ती रकम असुलीसम्मका गतिविधि सञ्चालन गर्छन् । साथै ती क्षेत्रभित्र कसलाई प्रवेश दिने वा कसलाई रोक्ने भन्नेमा पनि यिनै समूहको बोली चल्छ । यस्ता आपराधिक समूहमा झन्डै १४ हजार मानिस संलग्न रहेको सरकारको विश्वास छ । तर, अहिले आएर उनीहरूले आफूहरू सरकारसँग वार्तामा बस्न तयार रहेको बताएका छन् ।

सरकारी अधिकारीसँगको महिनौंको वार्तापछि जुन २ मा मेडलिनको बाहिरी भागमा अवस्थित उच्च सुरक्षायुक्त जेलमा कैद भुक्तान गरिरहेका १६ ग्याङ नेताले आफ्ना समूहलाई सरकारसँग औपचारिक वार्ता गर्न निर्देशन दिएका छन् । वार्ताअन्तर्गत निःशस्त्रीकरण र समाजमा पुनर्वासको विषय पनि छलफल हुने तिनले बताएका छन् । 'हामी फरक बाटो सुरु गर्न चाहन्छौं, जुन शान्ति, क्षमा र पुनर्मिलनको हुनेछ,' ला अफसिना समूहका प्रवक्ता र हाल जेलमा रहेका सेब्यास्टिसियन मुरिलोले भने । ला अफिसिना कुनै समयका कुख्यात ड्रग्स तस्कर पाब्लो एस्कोबारको मेडलिन कार्टेलको हिस्साको रूपमा गठन भएको थियो ।

कोलम्बियाले दशकौंदेखि वामपन्थी तथा वामपन्थीविरोधी सशस्त्र विद्रोही सामना गर्दै आएको छ । सन् १९८० देशकदेखि सरकारले राजनीतिक रूपमा प्रेरित सशस्त्र समूह र अर्धसैनिक समूहसँग वार्ता गर्ने र तिनलाई मूलधारमा फर्काउने नीति लियो । अहिलेको नयाँ सरकारले यसमा थप अगाडि बढेर, पहिलोपटक सहरी आपराधिक समूहसँग पनि वार्ता गर्ने नीति लिएको छ । 'कोलम्बियाले हिंसा न्यूनीकरण गर्न सिकेको एउटा मार्ग शान्ति प्रक्रिया पनि हो । र, शान्ति-प्रक्रिया अनिवार्यत राजनीतिक हुनुपर्छ भन्ने छैन,' एन्टिओक्विया विश्वविद्यालयअन्तर्गतको इन्स्टिच्युट अफ पोलिटिक स्टडिजकी शोधकर्ता जर्मन भ्यालेन्सियाले भनिन् ।

सन् २०१६ मा सरकार र मार्क्सवादी सशस्त्र समूह 'रिभोलुस्नरी आर्म्ड फोर्स अफ कोलम्बिया(फार्क)'बीचको शान्ति सम्झौतापछि पनि देशभर पूर्ण शान्ति बहाली भएन । देशको सबैभन्दा ठूलो विद्रोही संगठन रहेको फार्कले युद्धको बाटो परित्याग गरेपछि ५० भन्दा बढी सशस्त्र समूह त्यहाँको ड्रग्स व्यापारको मार्ग र अवैध खानी


फोटो क्रेडिट : लुइस भेनाभिडेस/एपी फोटो

सञ्जाल कब्जाका लागि संघर्ष गरिरहेका छन् । राष्ट्रपति गुस्ताभो पेट्रोले उनको 'पूर्ण शान्ति' रणनीतिअन्तर्गत यी समूहको संख्या कटौती गर्ने वाचा गरेका छन् । यसका लागि उनले वार्ता र छलफलको मार्ग लिने बताएका छन् ।

गत जुन ९ मा 'नेसनल लिबरेसन आर्मी (इएलएन)'ले सरकारसँग अस्थायी युद्धविरामको सहमतिमा हस्ताक्षर गऱ्यो । यसलाई पेट्रो सरकारको ठूलो सफलताको रूपमा हेरिएको छ । इएलएनको ग्रामीण भेगको ठूलो हिस्सामा कब्जा छ । अहिले अन्य सशस्त्र समूहले पनि सरकारसँग वार्ताको इच्छा व्यक्त गरेका छन् । कोलम्बियामा हिंसाको विस्तार रोक्न मेडलिन सबैभन्दा महत्त्वपूर्ण हुने विज्ञहरू बताउँछन् । कोलम्बियामा सक्रिय करिब ४० प्रतिशत सशस्त्र समूहको मेडलिनमा उपस्थिति छ । 'कोलम्बियाको सहरी हिंसाका गतिशीलतालाई ध्यान नदिई 'पूर्ण शान्ति' सफल हुन्छ भनेर सोच्नु अर्थहीन छ,' मेडलिनस्थित पोन्टिफिकल बोलिभारियन युनिभर्सिटीकी राजनीति-विज्ञानकी शोधकर्ता मारियाना डुकले भनिन् ।

दशकौंको सशस्त्र द्वन्द्वका कारण विस्थापित ठूलो जनसंख्याका सहरमा बसाइँसराइ गरेकाले कोलम्बियाको झन्डै ८० प्रतिशत जनसंख्या सहरमा बस्छन् । तर, द्वन्द्वबाट भागेका मानिसलाई सहरमा पनि हिंसाले पछ्याउन छाड्दैन । आपराधिक समूह उच्च नाफामूलक ड्रग्स व्यवसाय सञ्चालनका लागि युवाहरूलाई आकर्षित गर्छन् । उनीहरू सहायक आय आर्जनको रूपमा व्यवसायीबाट जबर्जस्ती रकम असुली पनि गर्छन् ।

कुनै वेला विश्वको 'हत्याको राजधानी' भनेर चिनिने मेडलिनमा अहिले हिंसाको दर घटेको छ । तथापि सहरमा आपराधिक समूहको विस्तारसँगै जबर्जस्ती रकम असुल्नेजस्ता गैर-हिंसात्मक अपराध भने बढिरहेको छ । 'यो अहिले मनोवैज्ञानिक हिंसामा बदलिएको छ । उनीहरू डरको साहाराले शासन गरिरहेका छन् र यसबारे कोही पनि बोल्न चाहँदैन,' एकजना सामुदायिक नेता 'सिरो'ले नाम नबताउने सर्तमा भने । उनको बस्ती 'कोमुना १३' मेडलिनभित्रको सकारात्मक परिवर्तनका लागि उदाहरणीय मानिएको छ । तर, अध्ययनले ३५० देखि ४०० बीचको आपराधिक समूहले माफियाबीचको रहेजस्तो गठजोडमार्फत लगभग देशका सबै न्यून आयदेखि मध्यम-आययुक्त बस्तीलाई प्रभावमा राखेको देखाउँछ ।

आपराधिक समूहसँगको आबद्धताबाट आर्जन हुने पैसा, सुरक्षा र प्रतिष्ठाको कारण ठूलो संख्याका युवा मेडलिनका तीप्रति आकर्षित हुने गर्छन् । यसले गर्दा मेडलिनका आपराधिक समूहमा द्वन्द्वग्रस्त ग्रामीण क्षेत्रका कैयौं समूहमा भन्दा धेरै सदस्य छन् । आपराधिक समूहको प्रभाव कमजोर बनाउन सरकारले पहिले तिनको गतिविधिमा संलग्न मानिसको संख्या घटाउने लक्ष्य लिएको शोधकर्ता भ्यालेन्सियाले बताइन् । मेडलिनका करिब ९० प्रतिशत आपराधिक समूहले सरकारसँग वार्ताका लागि इच्छा जाहेर गरिसकेको सरकारी अधिकारीले बताएका छन् । तर, वार्तामार्फत ती समूहको साच्चै निःशस्त्रीकरण हुनेमा भने आशंका छ ।

> कोलम्बियाको ८० प्रतिशत जनसंख्या सहरमा बस्ने र आपराधिक समूहको कारण सहरी हिंसा विश्वमै उच्च रहेकाले वर्तमान पेट्रो सरकारले आफ्नो 'पूर्ण शान्ति' रणनीतिअन्तर्गत आपराधिक समूहसँग वार्ताको प्रयास सुरु गरेको छ ।

युद्धविराम र फेन्टाइल तथा हिरोइनको बिक्री रोक्ने प्रतिबद्धताका बाबजुद जानकारहरू आपराधिक समूह निःशस्त्रीकरण हुने कारण न्यून रहेको चिन्ता व्यक्त गर्छन् । सामान्यतया मेडलिनका आपराधिक संगठन राजनीतिक विचारधाराबाट प्रेरित नभएकाले तिनको पूरा गर्नुपर्ने कुनै माग छैनन् । यो कुरालाई ध्यान दिँदै सरकारले यी समूहसँगको वातालाई अलग ढंगले अघि बढाउने निर्णय गरेको छ । संसद्ले अहिले आपराधिक समूहसँगको वार्तामा 'सम्झौता नहुने सर्तहरू'को सूची तयार पारिरहेको छ । तीबाहेक भने सरकारले कुनै माग नराख्ने बताइएको छ । यस विषयमा संसद्मा प्रस्तावित विधेयकमा आपराधिक गतिविधि त्याग्ने, आपराधिक सञ्जालबारे गोप्य सूचना दिने र तिनका गतिविधिबाट पीडितलाई क्षतिपूर्ति दिने समूहका सदस्यको जेल सजाय घट्ने व्यवस्था छ । त्यसबाहेक उनीहरूले अवैध रूपमा हासिल गरेका सम्पत्तिको ६ प्रतिशत वा बढीमा २७ लाख डलर राख्न अर्फैले पाउने व्यवस्था छ । तर, यत्ति व्यवस्थाले मात्र हजारौं आपराधिक सदस्य निःशस्त्रीकरणका लागि आकर्षित हुनेमा विज्ञहरूले आशंका व्यक्त गरेका छन् ।

जेलमा रहेका ग्याङका शीर्ष नेताहरू न्यून सजायबाट आकर्षित हुन सक्छन् । तर, सुरक्षा निकायमा कुनै रेकर्ड नभएका तर जीविकाको लागि आपराधिक समूहमा लागेका मध्यम तह र तल्लो तहका सदस्यलाई आत्मसमर्पणको लागि प्रेरित गर्ने कुरामा अस्पष्टता छ । 'एक ग्याङ नेताले मासिक ५० लाख देखि एक करोड पेसोज (करिब १२०० डलरदेखि २४०० डलर) कमाउँछ । यी सदस्यलाई आपराधिक समूहबाट बाहिर ल्याउने हो भने वैकल्पिक रोजगारीको व्यवस्था गरिने बहस सुरु भएको छ । रोजगारीको वृद्धिका अतिरक्त, स्वास्थ्य सेवा र शिक्षामाथिको पहुँच वृद्धिले पनि आपराधिक क्रियाकलापमा संलग्नता घटाउने जानकारको विश्वास छ । यी कदमले आपराधिक गतिविधिमा संलग्न युवालाई दीर्घकालीन रूपमा समाजमा पुनर्स्थापनालाई सुनिश्चित गर्नेछ । अन्यथा वार्ताले द्वन्द्वलाई थप विकराल बनाउने खतरा पनि छ । विगतमा मेडलिनका आपराधिक ग्याङहरूले सहरका निश्चित क्षेत्रमा निश्चित समूहको नियन्त्रण हुने भनेर सहमति हुन्थ्यो । सरकारको 'पूर्ण शान्ति'को रणनीति असफल भएमा आंशिक निःशस्त्रीकरण निम्तिन सक्छ । त्यस अवस्थामा समूहबीचको सहमति पुनः सुरु हुनेछ र हिंसा थप बढ्न सक्छ ।

(अलजजिराका लागि क्रिस्टिना नोरियगाको रिपोर्ट)

इतिहासमा आज जुन २८



- **सन् १९६७** : इजरायलद्वारा पूर्वी जेरुसेलम कब्जा । इजरायलको दृष्टिकोणबाट विलयले यसको राजधानी सहरको पुनर्मिलनलाई प्रभाव पाऱ्यो । यद्यपि, अन्तर्राष्ट्रिय समुदायले यसलाई गैरकानुनी घोषणा गऱ्यो । अन्तर्राष्ट्रिय समुदायले पूर्वी जेरुसेलमलाई इजरायलले कब्जा गरेको प्यालेस्टिनी क्षेत्रको रूपमा हेर्छ ।

- **सन् १८३८** : भिक्टोरियाले संयुक्त अधिराज्य बेलायत र आयरल्यान्डको महारानीको रूपमा ताज पहिरिएकी थिइन् ।

सन् १८९४ : अमेरिकी कंग्रेसद्वारा सेप्टेम्बरको पहिलो सोमबारलाई श्रम दिवस मनाउने घोषणा । अमेरिकी श्रमिकलाई सम्मान गर्ने कदम स्वरूप उक्त घोषणा गरिएको थियो ।

सन १९१९ : फ्रान्समा भर्सेलिज सन्धिमा हस्ताक्षर । हस्ताक्षरसँग प्रथम विश्व युद्ध समाप्त भएको थियो ।

सन् १९३९ : विश्वको पहिलो योजनाबद्ध ट्रान्सएट्लान्टिक उडान सुरु । बोइङ ३१४ क्लिपर फ्लाइङ बोट प्यान एमले उडान सञ्चालन गरेको थियो । दोस्रो विश्वयुद्धका कारण निर्धारित सेवा चाँडै नै फेरि बन्द भयो ।

चीनमै हुन्छ विश्वको धेरैजसो उत्पादन

चीन र संयुक्त राज्य अमेरिकाबीच विद्यमान भूराजनीतिक चुनौतीका साथै जारी आपूर्ति शृंखलाका सवालले उत्पादक तथा उपभोक्तालाई असर पारिरहेको छ । यसैबीच म्यानुफ्याक्चरिङ चीनबाहिर सर्न थालेकोबारे चर्चा भइरहेको छ । तर, वार्ताका बाबजुद सन् २०२२ मा कीर्तिमानी स्तरमा पुगेको अमेरिका र चीनबीचको व्यापार निकट भविष्यमा सुस्तिने कुनै संकेत देखिँदैनन् ।


चीनलाई पश्चिम देशका लागि खुला गर्ने श्रेय तत्कालीन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनको नेतृत्वमा विदेशमन्त्री रहेका हेनरी किसिंगरलाई जान्छ । तर, सन् २००० सम्म पनि अमेरिकाले चीनलाई पर्मानेन्ट नर्मल ट्रेड रिलेसन्सको हैसियत प्रदान गरेको थिएन । यो कानुनी हैसियतले उक्त विदेशी राष्ट्रलाई मोस्ट फेवर्ड नेसन स्टाटस प्रदान गर्छ र विश्व व्यापार संगठनका अन्य सदस्यसरह व्यवहार गरिन्छ ।

यस कदमले विश्व व्यापारमा चीनको बढ्दो भूमिकालाई सशक्त बनायो । सस्तो श्रम र चिनियाँ सरकारको अनुकूल नीतिबाट आकर्षित भएर विश्वका धेरैजसो म्यानुफ्याक्चरिङ आधार त्यसयता चीनमा सरेका छन् । यी नीतिमा पूर्वाधार र व्यापार क्षमतामा ठूलो लगानीलगायत पर्छन् ।

महसुल र व्यापार युद्ध

चीनको सानदार आर्थिक उदयले जासुसी बेलुनदेखि अनुचित व्यापार अभ्यास र बौद्धिक सम्पत्ति चोरीको आरोपसम्मका थुप्रै भू-राजनीतिक चुनौती खडा गरेको छ । जुन अमेरिका र चीनबीच प्रत्यक्ष व्यापार युद्धमा परिणत भएको छ ।

सन् २०१८ मा राष्ट्रपति भएपछि चिनियाँ सामानमा अर्बौं डलर महसुल थोपर्न डोनाल्ड ट्रम्पले सन् १९७४ को व्यापार ऐनको दफा ३०१ उपयोग गरे । जसका कारण कम्पनीहरूलाई आफ्ना म्यानुफ्याक्चरिङ



सुविधा भियतनाम, बंगलादेश र भारतजस्ता एसियाका अन्य लागत कम पर्ने गन्तव्यमा सार्न दबाब बढ्यो । विश्वव्यापी आपूर्ति शृंखलामा कोभिड-१९ महामारीले अवरोध निम्त्याएपछि म्यानुफ्याक्चरिङलाई बजारनजिकै फिर्ता ल्याउन वा नजिकैको देशमा नियरसोरिङ .(उदाहरणका लागि अमेरिकी बजारका लागि मेक्सिकोमा कारखाना निर्माण गर्ने) गर्नुपर्ने आवश्यकता देखियो ।

यी महत्त्वपूर्ण आर्थिक तथा राजनीतिक दबाबका बाबजुद धेरै कम्पनीले अझै पनि आफ्नो उत्पादन चीनबाट बाहिर सारिरहेका छैनन् । किन नसारेका हुन् त ? किनकि चीनले म्यानुफ्याक्चरिङमा महारथ हासिल गरेको छ । विश्वव्यापी प्रतिस्पर्धात्मकता हाम्रो जारी अनुसन्धानको एक भागको रूपमा, हामीले केही म्यानुफ्याक्चरिङ कम्पनीका गोप्य तथ्यांकको समीक्षा गर्ने अवसर पाएका थियौं । यस तथ्यांकले बंगलादेशजस्ता बजारमा उत्पादनसँग जोडिने श्रम लागत उल्लेखनीय रूपमा कम त छ, तर ती स्थानको उत्पादकत्व पनि कम रहेको देखाउँछ । एसियाका अन्य उदीयमान अर्थतन्त्रका श्रमको तुलनामा चिनियाँ श्रम महँगो त छ, तर ती बढी उत्पादनशील पनि छन् । आफ्नो म्यानुफ्याक्चरिङलाई चीनबाट अन्यत्र स्थानान्तरण गर्ने निर्णय गर्दा यी दुवै कुरा ध्यानमा राख्नुपर्ने हुन्छ । तर, यो कथाको एउटा पाटो मात्र हो ।

म्यानुफ्याक्चरिङको वास्तविकता

म्यानुफ्याक्चरिङको संसार कसरी सञ्चालन हुन्छ भन्नेबारे बुझ्न हामीले हाम्रा पूर्वविद्यार्थी उपभोग्य वस्तुको उत्पादन गर्ने ग्लोबल सोर्सिङ कम्पनीका कार्यकारी जोसेफ इगरसँग अन्तर्वार्ता गर्यौं । उदाहरणका लागि बेसबलका खेलाडीले लगाउने क्याप उत्पादनलाई नै लिऔं । केही बेसबल क्याप एकदमै सामान्य हुन्छन्, जबकि केही क्याप अधिक जटिल । तिनमा कढाई गर्नुपर्ने हुन्छ र कच्चापदार्थ अर्थात् कपडा पनि महँगा प्रयोग हुन्छन् । इगरले भनेझैं बेसबल क्याप उत्पादनको कार्य मोबाइल उत्पादनजस्तो त होइन, तर यो पनि जटिल कार्य हो ।

चीनको म्यानुफ्याक्चरिङ उद्योगको पहुँच उच्चस्तरको पर्या-प्रणाली भएका अथवा संयोजनपूर्ण अर्थतन्त्रमा छ । हुडी उत्पादन गर्ने कुरालाई नै उदाहरणमा लिऔं । यो कपडा काट्ने र त्यसलाई हुडीमा सिउने कुरा मात्रै होइन । इगरले यसलाई त्यसका लागि आवश्यक काँटछाँट, रंग, जिपर, तुना-डोरी र अन्य आवश्यक चिजबारेको पनि कुरा हो भनेर व्याख्या गरे । चीनले त्यहाँ म्यानुफ्याक्चरिङको आपूर्ति शृंखला पूरै सुनिश्चित हुने रणनीति अख्तियार गरेको छ र म्यानुफ्याक्चरिङ प्रक्रियाको हरेक चरणमा श्रेष्ठता हासिल गरेको छ । चीनले विश्वको अधिकांश ऊन तथा कपास आयात र प्रशोधनसमेत गर्छ, जसमा अमेरिकामा उत्पादन हुने कपासको निकै ठूलो र विश्वको करिब ३५ प्रतिशत समावेश छ ।

त्यहाँ यो कपासलाई त्यसपछि प्रशोधन गरी रेसा बनाइन्छ, रंग्याइन्छ र कपडा अनि अन्य उत्पादनको रूप दिइन्छ । त्यसपछि ती अमेरिका र विश्वभर तयारी मालका रूपमा निर्यात गरिन्छन् । टेक्स्टाइल (कपडा उद्योग)को सम्पूर्ण इकोसिस्टम चीनमा छ । कपडाको कुरामा मात्रै होइन, अन्य घटकको मामलामा पनि यही हो । यदि अमेरिका वा क्यानडाका कुनै खुद्रा विक्रेताले आफूले बेच्ने कपडाको उत्पादन चीनबाट अन्यत्र सार्न चाहन्छ भने उसले सम्पूर्ण इकोसिस्टमलाई पनि सँगै सार्नुपर्ने हुन्छ । अथवा उनीहरूले अन्तिम उत्पादन हुने बंगलादेशजस्ता अन्य मुलुकमा चीनबाट आवश्यक सामान व्यवस्था गर्ने भन्ने कुरा सुनिश्चित गर्नु आवश्यक छ ।

लागत उच्च

यसबाट म्यानुफ्याक्चरिङले चीन छाड्ने कुराको लागत निकै उच्च रहेको छर्लंग हुन्छ । जबसम्म म्यानुफ्याक्चरिङ हुने वस्तुहरूको इकोसिस्टम चीनमा रहिरहन्छ, तबसम्म विश्वको म्यानुफ्याक्चरिङको ठूलो हिस्सा चीनमै रहनेछ । के कम्पनीहरूले आफ्ना म्यानुफ्याक्चरिङलाई चीनबाहिर लैजानुपर्ने परिस्थिति आउन लागेको हो ? परिस्थिति एकाएक अन्य देशको पक्षमा जाने सम्भावना देखिँदैन । आगामी वर्षमा अन्य एसियाली देश म्यानुफ्याक्चरिङ क्षेत्रमा अघि बढेमा र तिनिले आफ्नै इकोसिस्टम विकसित गरेमा उत्पादनको कार्य चीनबाट अन्यत्र सर्ने आर्थिक आधार पनि तयार हुँदै जानेछ । तर, यो कुरा अझै केही वर्ष टाढा छ ।

वालिद हेजाजी, बेनार्दो बेलुमको आलेख
द कन्भर्सेसनबाट

नवाज सरिफलाई राजनीतिमा फर्किने बाटो खुल्यो



इस्लामाबाद / पाकिस्तानको राष्ट्रिय सभा (नेसनल एसेम्ब्ली)ले निर्वासित पूर्वप्रधानमन्त्री नवाज सरिफलाई राजनीतिमा फर्किने बाटो खोलिदिएको छ । सांसदहरूलाई कुन अवस्था र कहिलेसम्म पदमा रहन अयोग्य ठहऱ्याउन सकिन्छ भन्ने विषयमा पारित कानुनले सरिफको राजनीतिक पुनरागमनको बाटो खोलेको हो । सन् २०१७ मा भ्रष्टाचारको आरोपमा सत्ताच्युत हुनुअघि सरिफ तीनपटक पाकिस्तानको प्रधानमन्त्री बनिसकेका थिए । सो वर्ष सर्वोच्च अदालतले उनलाई सात वर्षको जेल सजाय सुनाउँदै आजीवन राजनीतिमा प्रतिबन्ध लगाएको थियो । सन् २०१९ मा सरिफ स्वास्थ्य उपचारका लागि जमानत लिएर बेलायत गएका थिए । तर, उपचारपछि उनी स्वदेश फर्किएनन् । त्यतिबेलादेखि सरिफ बेलायतमै रहेर पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) पार्टीलाई पर्दा पछाडिबाट नेतृत्व गरिरहेको विश्वास गरिन्छ । पिएमएल-एनको औपचारिक नेतृत्व गरिरहेका नवाजका भाइ सहबाज सरिफ हाल पाकिस्तानका प्रधानमन्त्री छन् ।

पाकिस्तानमा आगामी अक्टोबरभन्दा पहिले आमनिर्वाचन हुन लागेको स्थितिमा यस कानुनलाई महत्त्वका साथ हेरिएको छ । पाकिस्तानका कार्यवाहक राष्ट्रपतिले राष्ट्रिय सभाबाट पारित उक्त नयाँ कानुनमा हस्ताक्षर गरेर लागू गरिसकेका छन् । नयाँ कानुनले अदालतले सांसदलाई पाँच वर्षभन्दा नबढाई अयोग्य ठहऱ्याउन सक्ने व्यवस्था गरेको मंगलबार सरकारका एक प्रवक्ताले जानकारी दिए । राष्ट्रपति आरिफ अल्वीको अनुपस्थितिमा सिनेटका अध्यक्ष सादिक सञ्जरानीले सोमबार उक्त विधेयकमा हस्ताक्षर गर्न कार्यवाहक राष्ट्रपतिको भूमिका निर्वाह गरेको पनि ती प्रवक्ताले बताए । राजनीतिमा फिर्तीको बाटो खुले पनि सरिफले अझै पनि भ्रष्टाचारको मुद्दाको सामना गरिरहेका छन् । सरिफपछि सत्तामा आएका इमरान खानले भ्रष्टाचारको मुद्दा अघि बढाएका थिए । तर, पाकिस्तानमा विपक्षमा रहँदा विभिन्न मुद्दा लाग्ने र आफ्नो पार्टीले पुनः सत्तामा आएपछि ती अपराध मिनाहा हुने प्रवृत्ति देखिन्छ ।

विश्व संक्षेप

जापानले दक्षिण कोरियालाई व्यापारको सेतो सूचीमा राख्ने

टोकियो / जापानले आगामी जुलाईदेखि दक्षिण कोरियालाई विश्वसनीय व्यापार साझेदारको सूचीमा पुनर्स्थापित गर्दै छ । सन् २०१९ मा ऐतिहासिक 'जबर्जस्ती श्रमको विवाद' चर्किएपछि जापान सरकारले दक्षिण कोरियालाई यस सूचीबाट हटाउने निर्णय गरेको थियो । मंगलबार सरकारले यही पुरानो निर्णयलाई उल्ट्याउने जानकारी दिएको छ । यसअघि नै वर्षको सुरुमा सियोलले जापानलाई आफ्नो व्यापारको 'सेतो सूची'मा पुनः स्थापना गरिसकेको छ । अहिले जापान सरकारले पनि उही कदम पछ्याएपछि यी दुई पूर्वी एसियाली आर्थिक शक्तिबीचको सम्बन्ध थप न्यानो हुने अनुमान गरिएको छ ।

सन् १९१० देखि १९४५ सम्म कोरियाली प्रायद्वीपमा औपनिवेशिक शासन चलाएको जापानले त्यसवेला गरेका क्रूर ज्यादतीका कारण अमेरिकाका यी दुई मित्रशक्तिबीचको सम्बन्ध दशकौंदेखि पटक-पटक चिसिने गरेको छ । सन् २०१८ मा दक्षिण कोरियाको सर्वोच्च अदालतले जापानी फर्मलाई जबर्जस्ती श्रमका युद्धका पीडितलाई क्षतिपूर्ति दिन आदेश दिएको थियो । जवाफमा जापानले पनि उस्तै खालको कठोर नीति लिएको थियो ।

ट्रम्पको विवादित अडियो सार्वजनिक

वासिङटन डिसी / अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले गोप्य दस्ताबेजबारे अनधिकृत व्यक्ति वा पक्षसँग छलफल गरेको श्रव्य सामग्री सार्वजनिक भएको छ । सिएनएनले सोमबार राति प्रसारण गरेको अडियो फाइल र एबिसी तथा सिबिएसले पनि प्राप्त गरेको दुई मिनेटको अडियो सामग्रीमा ट्रम्पले इरानमाथि आक्रमण गर्ने योजना रहेको संकेत गरेको सुनिन्छ । सन् २०२१ को जुलाईमा न्युजर्सीस्थित बेडमिनिस्टरस्थित गल्फ क्लबमा ट्रम्पले आफ्ना पूर्वचिफ अफ स्टाफ मार्क मिडोजको संस्मरणमा काम गरिरहेका व्यक्तिहरूका लागि दिएको अन्तर्वार्ताबाट पेन्टागनको गोप्य दस्ताबेजबारे उल्लेख गरेका छन् ।

विशेष वकिल ज्याक स्मिथले पदबाट हटेपछि गोप्य दस्ताबेजको दुरुपयोग गरेको आरोपमा ट्रम्पमाथि ४९ पृष्ठ लामो अभियोग पत्रमा उक्त रेकर्डिङको ट्रान्सक्रिप्टको केही अंशलाई प्रमाणका रूपमा उद्धृत गरिएको छ । यसै महिनाको सुरुमा ट्रम्पले अमेरिकी सरकारका गोप्य सूचना जानीजानी गलत तरिकाले व्यवस्थापन गरेको र तिनलाई सरकारी दस्ताबेजीकरण हुन नदिन षड्यन्त्र गरेको ३७ वटा अभियोग लागेको छ । योसँगै उनी यस्तो आभियोग सामना गर्ने पहिलो अमेरिकी राष्ट्रपति बनेका छन् ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Institutional Development Support Component (IDSC)
Jawalakhel, Lalitpur

Invitation for Electronic (Online) Bids

(Date of publication: 2080-03-13 (28th June, 2023)

Institutional Development Support Development Component (IDSC), Jawalakhel invites **online bids only** under e-procurement system from eligible bidders for the construction works of office buildings ***mentioned below*** under National Competitive Bidding (single stage, two envelope). All other information and Bid Document can be downloaded from PPMO's Website **www.bolpatra.gov.np/egp**. All eligible bidders are requested to submit E-Bid only as per instructions, within the specified period.

S.N.	Works Descriptions	Contract ID	Bid Doc. Fee (NRs)	Bid Security Amount NRs.
1.	Construction of office building at Mahakali Irrigation management Office, Mahendranagar, Kanchanpur	IDSC_Kanchanpur/NCB/COB/ 01/2079/80	5000.00	20,50,000.00
2.	Construction of new office building at Jhapa Ground Water Irrigation Project Office, Kankai, Jhapa	IDSC_Jhapa/NCB/COB/ 02/2079/80	5000.00	17,50,000.00
	Pre Bid Meeting: 2080-04-05 B.S. (21 July, 2023) 13:00 Hours at IDSC, Jawalakhel			
	Last date and time of Bid Submission: 2080-04-15 B.S. (31 July, 2023) 12:00 Noon			
	Technical Bid Opening date and time: 2080-04-15 B.S. (31 July, 2023) 15:00 PM at IDSC, Jawalakhel			

Information to deposit the cost of bidding document in Bank.
Name of the Bank: Nepal Bank Limited, Gabahal,L alitpur
Name of the Office: Inistutional Development Support Component(IDSC), Jawakhel
Office Code no: 308033407
Revenue Head No.: 14229
Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the IDSC, Jawalakhel (Tel: 01-5448112, E-mail address: idsc.dowri.moewri@gmail.com)

Office Chief

किन परे पाँच सय सहकारी समस्यामा ?

सहकारी क्षेत्रमा अहिले देखिएको समस्याको मुख्य कारण भनेको सहकारी संस्था सहकारी मूल्य-मान्यताभन्दा फरक तरिकाले चल्न खोज्नु हो



अर्थ संवाद

• मुना कुँवर

सहकारी शब्द आफैंमा पूर्ण छ। सहकारी अर्थात् सहकार्य गर्नु, कुनै पनि काम साझा गर्नु, एकआपसमा सहयोग आदानप्रदान गर्नु हो। समान हैसियत र समान उद्देश्य बोकेका एउटै समाजमा बसेका मानिसहरू मिलेर एकअर्काको हितका लागि काम गर्नु नै सहकारी हो। सहकारीको सिद्धान्तअनुसार समुदायले समुदायकै लागि सामूहिक रूपमा काम गर्नु हो।

सहकारीको सुरुवात सन् १८४४ को डिसेम्बर २१ का दिन बेलायतको म्यानचेस्टरबाट सुरु भएको हो। औद्योगिक क्रान्तिपश्चात् बेलायतको रोचडेलस्थित एक कपडा कारखानामा काम गर्ने मजदुरहरूले मिलमालिक एवं पुँजीपतिहरूको चर्को शोषणका विरुद्ध एक-एक पाउन्ड जम्मा गरी रोचडेल इक्विटेबल पायोनियर सोसाइटी उपभोक्ता पसल खोली सहकारीको सुरुवात गरेका थिए। बेलायतमा १७२ वर्षअगाडि स्थापना भएको रोचडेल इक्विटेबल पायोनियर सोसाइटी नामक उपभोक्ता सहकारीको मर्म र भावनामा सन् १८५० जर्मनमा बचत तथा ऋण सहकारी सुरु भएको थियो। त्यस्तै, सन् १८६५ मा अमेरिका, सन् १८६६ मा इटाली, सन् १८७० मा क्यानडामा बचत तथा ऋण सहकारी संस्थाहरू स्थापना भएका थिए। त्यसैगरी, सन् १८८६ मा डेनमार्कमा दुग्ध सहकारी हुँदै सन् १९०४ मा भारतमा र सन् १९१२ चीनमा कृषि सहकारी संस्थाहरू गठन भई क्रमशः विश्वमा सहकारीको दायरा विस्तार भएको पाइन्छ।

नेपालमा सहकारीको सुरुवात : नेपालमा प्राचीनकालदेखि नै सहकारीको अभ्यास भएको पाइन्छ। जस्तै, ऐँचोपैँचो, गुठी, पर्म, ढिकुटी, धर्मभकारीजस्ता सहकार्य सहकारीकै अभ्यास हुन्। नेपालमा २०१० सालमा योजना विकास तथा कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना भयो। २०१३ चैत २० मा बखानसिंह गुरुङको नेतृत्वमा चितवन जिल्लाको बखानपुरमा बखान ऋण समितिको स्थापना भयो। यो नै नेपालको इतिहासमा पहिलो सहकारीको रूपमा दर्ज भएको छ। पहिलो सहकारी तत्कालीन सरकारको कार्यकारी आदेशमा गठन गरेको पाइन्छ। सोही वर्ष बखान ऋण समितिसमेत गरी जम्मा १३ वटा प्रारम्भिक संस्था स्थापना भए।

सहकारीको संस्थागत कानुनी व्यवस्था गर्न ०१६ सालमा सहकारी संस्था ऐन २०१६ जारी गरियो। ०१८ सालमा सहकारी संघ संस्था सञ्चालन नियमावली २०१८ जारी भयो। ०१९ सालमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो भने ०२० सालमा सहकारी बैंकको स्थापना भयो। ०२४ सालमा कृषि विकास बैंक स्थापनासँगै सहकारी बैंकलाई कृषि विकास बैंकमा गाभियो। त्यसपछि गाभी सहकारीको सम्पूर्ण व्यवस्थापन कृषि विकास बैंकलाई दिइयो।

०३७ सालमा सहकारीलाई साझा सहकारीको रूपमा परिवर्तन गरियो। ०४१ सालमा साझा संस्था ऐन र ०४३ सालमा साझा संस्था नियमावली जारी भयो। ०४८ सालमा सहकारी ऐन र ०४९ सालमा सहकारी नियामावली जारी भयो। ०५० साल असार ६ गते नेपालको सहकारी आन्दोलनको शीर्षस्थ निकाय राष्ट्रिय सहकारी संघ स्थापना भयो। ०६१ सालमा सहकारी विभाग र अन्तर्गतका कार्यालयहरूको पुनर्संरचना, राष्ट्रिय सहकारी नीति जारी भयो। त्यसैगरी, सहकारी नियमनका लागि ०६८ साल वैशाख १ गते सहकारी अनुगमन तथा नियमनको मापदण्ड सरकारले जारी गऱ्यो भने ०६९ साल जेठ ५ मा छुट्टै सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना भयो। ०६९ साल फागुनमा राष्ट्रिय सहकारी नीति पनि जारी भयो। अहिले नेपालभर ३२ हजारभन्दा बढी सहकारी संघ संस्थाहरू परिचालनमा छन्। राष्ट्रिय सहकारी संघ १, विषयगत केन्द्रीय सहकारी संघ २०, राष्ट्रिय सहकारी बैंक १, जिल्ला सहकारी संघ ६९, विषयगत जिल्ला संघ २१२ ओटा गठन भएको छ। नेपालको संविधान २०७२ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने परिकल्पना गरेको छ। त्यस्तै, संविधानले सहकारी संस्थालाई पनि संघीयतामा लैजान भनेको छ। जसअनुसार अहिले संघ, प्रदेश र स्थानीय सरकारले सहकारीको नियमन गरिरहेका छन्। जसअनुसार संघको मातहतमा १२५ वटा सहकारी छन्। प्रदेश सरकारको मातहतमा ६ हजार सहकारी छन् भने स्थानीय सरकारको मातहतमा २३ हजारभन्दा बढी सहकारी छन्।

पछिल्लो समय थुप्रै सहकारी समस्याग्रस्त छन्। समस्यामा परेको शिव शिखर सहकारीमा निक्षेप फिर्ताका लागि १० अर्बभन्दा बढीको दाबी परेको छ। यस्तै, तुलसी सहकारीमा साढे दुई अर्बभन्दा बढीको र पशुपति सहकारीको भने पाँच अर्बभन्दा बढीको दाबी परेको छ। सहकारीका सञ्चालक फरार भएपछि विभागले सिआइबीलाई केस सिफारिस गरेको हो।

त्यस्तै, विभागमा आएका निक्षेपकर्ताका उजुरीमध्ये काठमाडौंस्थित कान्तिपुर बचत तथा ऋण सहकारी संस्थालाई पनि विभागले निगरानीमा राखेको छ। कान्तिपुरमा परेको ६ अर्बको दाबीमध्ये एक अर्ब फिर्ता गरिसकेको विभागका रजिस्ट्रार बताउँछन्।

सहकारीका समस्या : नेपालको सहकारी क्षेत्रमा अहिले देखिएको समस्याको मुख्य कारण भनेको सहकारी संस्थाहरू सहकारी मूल्य मान्यताभन्दा फरक तरिकाले चल्न खोज्दा यस्तो अवस्था सिर्जना भएको हो। सहकारीको सिद्धान्त भनेको एउटा समुदायमा सहकार्य गरिनु हो। समुदायद्वारा समुदायकै लागि काम गर्नु हो। समान हैसियत समान उद्देश्य भएका समुदाय मिली संस्था सञ्चालन गरिनु र तिनै समुदायका लागि सामूहिक रूपमा काम गर्नु हो भने आफ्नै सदस्यबाट स-साना पुँजी संकलन गरी तिनै सदस्यलाई सीप सिकाएर कर्जा प्रवाह गर्दै सदस्यलाई उद्यमी बनाउनु हो। यसले व्यावसायिक कृषिलाई प्रोत्साहित गर्छ। स्थानीय उत्पादनमा वृद्धि हुन्छ। स्थानीय उत्पादनको प्रवर्द्धन हुन्छ। स्थानीय उत्पादन वृद्धि हुनेबित्तिकै नेपाली उपभोक्ताले न्यून मूल्यमा उत्पादन खरिद गर्न सक्नेछन् भने सदस्यलाई सीधै बजारसँग जोडिदिँदा उनीहरूले उत्पादनको उचित मूल्य पाउँछन्।

उत्पादन वृद्धि हुनु भनेको रोजगारीको सिर्जना हुनु पनि हो। त्यसैले सहकारीले अहिलेको बाध्यकारी वैदेशिक रोजगारीको अवस्थालाई न्यूनीकरण गर्न सहयोग गर्नेछ। खेर गइरहेका जमिन प्रयोग हुनेछ। व्यापार घाटा कम हुनेछ। तर, नेपालमा सञ्चालित थोरै सहकारीले मात्रै यो सिद्धान्तलाई पालना गरेका छन्। सिद्धान्तविपरीत चलेका संस्था जोखिममा परेका छन्।

नेपालमा रहेका कुल सहकारीमध्ये १२ वटा सहकारीलाई सरकारले समस्याग्रस्त सहकारी घोषणा गरिसकेको छ। त्यस्तै, पछिल्लो समय मुलुकभर रहेका सहकारीमध्ये ५०० सहकारी संस्था समस्यामा परेको सहकारी महासंघको दाबी छ। त्यस्तै, बचतकर्ताको रकम फिर्ता गर्न नसक्ने अवस्था देखिएपछि सहकारी विभागले हालै तीनवटा सहकारीलाई केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) पठाएको छ।

यी सहकारीको मुख्य समस्या भनेको सम्पत्ति र दायित्व अधिक हुनु हो। सहकारी संस्थाका सञ्चालक आफैंले बचत रकम परिचालन गर्नु, आफूनिकट व्यक्तिलाई विनाधितो कर्जा प्रवाह गर्नु, अनुत्पादक क्षेत्र- जस्तै, घरजग्गा र सेयरमा लगानी गर्नुले सहकारीको दायित्व बढी हुन गएको हो।

सहकारी सञ्चालनको मनपरी र सरकारको कमजोर नियमन प्रक्रिया नै अहिलेको मुख्य जड हो। त्यसमा पनि सहकारीलाई संघीयतामा लगेपछि झनै समस्या विकराल बन्यो। सहकारीको



> सहकारी संस्थाका सञ्चालक आफैंले बचत रकम परिचालन गर्नु, आफूनिकट व्यक्तिलाई विनाधितो कर्जा प्रवाह गर्नु, अनुत्पादक क्षेत्रमा लगानी गर्नुले सहकारीको दायित्व बढेको हो

जिम्मा प्रदेश र स्थानीय तहलाई दिइयो, तर नियमनको पाटोमा भने सबै अलमल परे। प्रदेश र स्थानीय सरकारले सहकारी दर्ता र क्षेत्र विस्तारको स्वीकृति त दिए, तर नियमनका लागि भने केही गरेनन्।

समस्या समाधान : सहकारीमा देखिएको समस्या समाधानका लागि सरकारले विभिन्न समयमा समस्या समाधान समिति गठन गरेको छ। ०४७ सालपछि सरकारले ८ वटा समस्या समाधान समिति गठन गऱ्यो।

०४७ साल भदौमा राधाकृष्ण मैनालीको संयोजकत्वमा 'राष्ट्रिय सहकारी महासंघ परामर्श समिति' गठन भएको थियो। ०५७ सालमा राष्ट्रिय विकास बोर्डको सहअध्यक्ष राजेन्द्र शाहको संयोजकत्वमा 'सहकारी विकास सुझाव कार्यदल' गठन गरिएको थियो। ०६१ साल कात्तिकमा तत्कालीन कृषिमन्त्री होमनाथ दाहालको संयोजकत्वमा 'सहकारी सुधार सुझाव आयोग' गठन भएको थियो। ०६१ साल जेठमा नै योजना आयोगका सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा 'राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्था सञ्चालनसम्बन्धी कानुनी स्वरूप संरचनागत व्यवस्था' गठन भएको थियो।

०६८ सालमा राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा 'सहकारी क्षेत्रमा समस्या समाधानको नीतिगत प्रक्रियागत संस्था विषयगत सिफारिस गर्न गठित कार्यदल' गठन भयो। ०६९ सालमा अहिलेका मुख्यसचिव बैकुण्ठ अर्यालको संयोजकत्वमा 'बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने सम्बन्धमा सुझाव समिति' गठन भएको थियो। ०७० सालमा गौरीबहादुर कार्कीको संयोजकत्वमा 'उच्चस्तरीय जाँचबुझ आयोग गठन' भएको थियो।

०८० मा समेत सरकारले सहकारी समस्या समाधानका लागि अर्को समिति गठन गरेको छ। गत वैशाख २६ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार राष्ट्रिय सूचना आयोगको सहकारी हेर्ने सदस्यको संयोजकत्वमा कार्यदल गठन गरिएको छ। कार्यदलमा सहकारी मन्त्रालयका सचिव, अर्थ मन्त्रालय, महिला मन्त्रालयका सहसचिव सदस्य रहनेछन्। त्यस्तै, सहकारी महासंघको अध्यक्ष, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष, नेपाल राष्ट्र बैंक र राष्ट्रिय अनुसन्धान ब्युरोका प्रतिनिधि पनि सदस्य रहनेछन्। साथै, सहकारी विभागका रजिस्ट्रार सदस्यसचिव रहनेछन् भने सहकारी मन्त्रालयको सिफारिसमा दुईजना विज्ञ व्यक्ति नियुक्त गरिनेछ। एकजना सहकारी र एकजना वित्त क्षेत्रका व्यक्तिलाई विज्ञका रूपमा राखिएको छ। कार्यदलले आगामी दुई महिनाभित्रमा प्रतिवेदन दिनुपर्नेछ।

सरकारले यसअघि गठन गरेको कार्यदलले पनि एकै खालको सुझाव दिएको छ। सहकारीको नियमनलाई जोड दिनुपर्ने, सहकारी नियमनका लागि छुट्टै निकाय गठन गर्नुपर्ने, तत्कालका लागि केन्द्रिय बैंकले सहकारी संस्था नियमन गर्नुपर्ने, बचत तथा ऋण सहकारी संस्था नियमनका लागि छुट्टै ऐन बनाउनुपर्नेलगायतका सुझाव दिएका थिए।

त्यस्तै, सहकारी महासंघले गठन गरेको सहकारी समस्या अध्ययन टोलीले अहिलेको समस्या समाधानका लागि सहकारीको सिद्धान्त, मूल्य-मान्यताअनुरूप सञ्चालन गर्न सरकारलाई सुझाव दिएको छ। सहकारी संस्थाहरूको वित्तीय कारोबारको जोखिम न्यूनीकरणका लागि कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष, स्थिरीकरण कोष स्थापना र सञ्चालन, आन्तरिक लेखा परीक्षण प्रभावकारी बनाउनुका साथै तथ्यांक संकलन र विश्लेषणलाई विश्वसनीय बनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

अर्थ ज्ञान

सरकारले कतिवटा देशसँग श्रम सम्झौता गरेको छ ?

नेपालले वैदेशिक रोजगारीका लागि एक सय ७८ वटा मुलुक खुला गरेको छ। कामदारले म्यानपावर व्यवसायीका माध्यमबाट संस्थागत श्रम स्वीकृति लिएर विश्वका एक सय ११ मुलुक जान सक्छन्। तर, सरकारले हालसम्म जम्मा १० वटा मुलुकसँग मात्रै श्रम सम्झौता गरेको छ। कतारसँग २००५ मा जनरल एग्रिमेन्ट, बहराइनसँग २००८ मा एमओयू गरेको छ। त्यस्तै, कोरियासँग २००७ मा एमओयू गरेको छ भने इजरायलसँग २०१५ मा जोइन्ट पाइलट प्रोजेक्ट गरेको छ। जापानसँग २००९ र २०१९ मा जिट्टको एग्रिमेन्ट गरेको छ। जोर्डनसँग २०१७ मा बिएलए गरेको छ। मौरिसियससँग २०१९ मा एमओयू गरेको छ। युएईसँग २००९ मा पहिलोपटक



एमओयू र २०१९ मा दोस्रोपटक एमओयू गरेको छ। युनाइटेड किङडमसँग २०२१ एमओयू गरेको छ। साइप्रस र सिसेल्ससँग सम्झौताको तयारी गरेको छ। नेपाली युवाको मुख्य गन्तव्यमध्ये साउदी अरब, ओमान, लेबनान र कुवेतसँग अहिलेसम्म श्रम सम्झौता भएको छैन।

बिजनेस @



डा. सूर्यराज आचार्य, पूर्वाधारविज्ञ

नेपालमा प्रगति देखिन्छ नै। तर, मूल प्रश्न- यो प्रगति कति वैश्विक प्रगतिको लाभले गर्दा हो र कति नेपालको आफ्नै प्रयास र सिर्जनाले हो ? साथै, अधिकांश नागरिकले सामान्य जीवनयापनका लागि बिदेसिनुपर्ने बाध्यता, राष्ट्रिय अस्मिता र राज्यसंयन्त्रको क्षयीकरणजस्ता पक्ष पनि विचारणीय।

प्रबलजंग पाण्डे, उद्यमी



व्यवसायीको मनोबल अत्यन्तै न्यून छ। अधिकांश व्यवसायी नयाँ उद्योग लगाउनुभन्दा भइरहेको उद्योगबाट कसरी बाहिर निस्कने भन्ने मनस्थितिमा छन्। वित्तीय क्षेत्रमा लगानी गरेका लगानीकर्ताहरू प्रमोटर सेयर बेचेर व्यवहार सल्टाइरहेका छन्। फलस्वरूप बैंकमा निक्षेप बढ्दै जाँदा कर्जा लगानी अत्यन्तै न्यून छ। अन्तरबैंक ब्याजदर २.६५ प्रतिशत पुगिसक्यो। रोजगारी घट्दो क्रममा छ। रोजगारी गरेर बसेका युवापुस्ता पनि देशमा भोलिको भविष्य सुनिश्चित नदेखेर विदेश पलायन भइरहेका छन्। सरकारको उपस्थिति कर असुल्ने वेलामा मात्र देखिन्छ। अब त सास फेर्दा पनि कर तिर्नुपर्ने जस्तो छ।

जानीराखौं

आर्थिक विकासमा धितोपत्र बजारले कसरी भूमिका खेल्छ ?



धितोपत्र बजारले पुँजी परिचालनको एक महत्त्वपूर्ण संयन्त्रको रूपमा कार्य गरी देशको आर्थिक विकासमा अपरिहार्य भूमिका खेल्छ। दीर्घकालीन पुँजीको अर्थतन्त्रलाई उत्पादनशील क्षेत्रमा परिचालन गराई प्राप्त प्रतिफललाई अधिकाधिक व्यक्तिले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्ने धितोपत्र बजारको उद्देश्य रहेको हुन्छ। यसर्थ, देशको आर्थिक विकासमा धितोपत्र बजारको भूमिकालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- देशमा आवश्यक हुने दीर्घकालीन पुँजीको प्रभावकारी परिचालन यस बजारमार्फत गर्न सकिन्छ।
- कुनै पनि देशको विकास निर्माणमा सरकारलाई चाहिने दीर्घकालीन पुँजी यसै बजारका माध्यमबाट संकलन गर्न सकिन्छ।
- देशको औद्योगीकरण तथा पूर्वाधार विकासका लागि आवश्यक हुने ठूलो आकारको पुँजी प्राप्त गर्नका लागि यस बजारको उल्लेखनीय भूमिका रहन्छ।
- दीर्घकालीन तथा मध्यमकालीन पुँजी न्यून लागतमा यस बजारमार्फत प्राप्त गर्न सकिने हुँदा ठूलो आकारको पुँजी आवश्यक हुने योजनाहरूसमेत बनाउन सम्भव हुन्छ।
- पुँजीको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय परिचालन सरल एवं न्यून लागतमा गर्न सम्भव हुन्छ।
- देशको वित्तीय बजारको अभिन्न अंगको रूपमा रहने हुँदा यसले समग्र बजारको सन्तुलित एवं एकीकृत विकास हुन सहयोग पुग्छ।

पेट्रोल, डिजेल र विद्युत्को विकल्प बन्ला हाइड्रोजन ?

खाना पकाउन, गाडी चलाउन, हवाईजहाज उडाउन पनि हाइड्रोजन ऊर्जाको प्रयोग गर्न सकिने विशेषज्ञ एवं वैज्ञानिकहरूले बताउँदै आएका छन्

अधिक कार्बन उत्सर्जन, यसले जलवायु परिवर्तनमा पार्ने प्रभाव र प्राकृतिक ग्यासको मूल्यवृद्धिजस्ता कारणले हाइड्रोजन चर्चामा छ। खाना पकाउन, गाडी चलाउन, हवाईजहाज उडाउन पनि हाइड्रोजन ऊर्जाको प्रयोग गर्न सकिने विशेषज्ञ एवं वैज्ञानिकले बताउँदै आएका छन्।

थाहा पाउनुपर्ने विषय के भने पेट्रोल या कोइलाबाट ग्यास बन्छ। यसले समग्र पर्यावरणलाई नै प्रदूषित बनाउँछ। तर, हाइड्रोजन जलेपछि अक्सिजन र हाइड्रोजन मिलेर पानीमा परिवर्तन हुन्छ, जसले गर्दा कार्बन उत्सर्जन हुन पाउँदैन। वैज्ञानिकले यसलाई अक्षय ऊर्जा मान्न सकिने र हाइड्रोजन जलवायु परिवर्तनको समस्या कम गर्न पनि सहयोगी हुने बताउँदै आएका छन्।

हाइड्रोजन कसरी बन्छ इन्धन ? : बेलायतको सेफिल्ड युनिभर्सिटीमा केमिक इन्जिनियरिङका प्रोफेसर तथा बेलायती संस्थामा हाइड्रोजनको प्रयोगबारे शोध गरिरहेकी रेचेल रथमनका अनुसार हाइड्रोजनलाई विभिन्न तरिकाले जलाई इन्धनको काम लिन सकिन्छ। तर, महत्त्वपूर्ण कुरा भनेको यसलाई स्वच्छ रूपमा जलाउनुपर्छ। रेचेलको भनाइमा हाइड्रोजन पृथ्वीमा प्राकृतिक रूपले मिल्दैन। तर, पानी, हाइड्रोजन कार्बनका रूपमा कोइला, ग्यास र तेलमा चाहिं मिल्छ। हाइड्रोजन स्रोत अर्थात् प्राकृतिक ग्यासबाट हाइड्रोजन निकाल्ने प्रक्रियालाई स्मिट मिथेन रिफर्मिङ भनिन्छ। यसको प्रयोग संसारभर भएको छ, जसमार्फत प्रत्येक वर्ष १२ करोड टन हाइड्रोजन बनाइन्छ।

'यसबाट कार्बन ग्यास पनि उत्सर्जन हुन्छ,' रथमन भन्छिन्, 'यसकारण हाइड्रोजन बनाउने सबैभन्दा उत्तम उपाय भनेको त्यसलाई पानीबाट निकाल्ने। यसलाई इलेक्ट्रोलिसिस पनि भनिन्छ। यो प्रक्रियामा अक्सिजन मात्रै बाहिर निस्किन्छ।' हाइड्रोजन बनाउने प्रक्रियालाई नीलो, हरियो र खैरो रङको चार्टमा देखाएर कति कार्बन



> विश्वमा सवारीसाधनबाट हुने कार्बन उत्सर्जनको दुईदेखि तीन प्रतिशत मालवाहक जहाजबाट हुन्छ। यसमा नाइट्रोजन र हाइड्रोजनलाई इन्धनसरह प्रयोग गर्दा कार्बन उत्सर्जनमा कमी ल्याउन सकिन्छ।

बाहिर निस्कन्छ भन्ने देखाउन सकिन्छ। रथमनका अनुसार हाल मिथेन स्टिम रिफर्मिङको खैरो (ब्राउन) प्रक्रियाबाट कार्बन ग्यास पनि निस्केर हावामा मिसिन्छ। तर, नीलो (ब्लु) प्रक्रियामा यसबाट निस्कने कार्बन ग्यास एकत्रित गरी त्यसलाई अन्यत्र प्रयोग गर्न सकिन्छ। अनि सबभन्दा राम्रो भनेको हरियो (ग्रिन) प्रक्रिया हो, अर्थात् पानीबाट हाइड्रोजन बनाउने प्रक्रिया।

हवाईजहाज, ट्रेन र गाडी : विश्वभर नै यायायातका साधनमा ठूलो मात्रामा ऊर्जा खर्च हुन्छ। यसरी हेर्दा यो कार्बन उत्सर्जनको ठूलो स्रोत पनि हो। अहिले सडकमा विद्युतीय सवारीसाधन चल्न थालेका छन्। यी सवारीसाधन लिथियम ब्याट्रीका आधारमा चल्छन्। तर, ठूलो ट्रक, ट्रेन र डुंगा चलाउन लिथियम ब्याट्रीले पुग्दैन। यस्तो अवस्थामा हाइड्रोजनको प्रयोग सही साबित हुन सक्छ। विश्वभरका संस्थालाई स्वच्छ ऊर्जा प्रयोगबारे सुझाव सल्लाह दिने संस्था क्लिन एयर टास्कका प्रबन्धक थोमस वाकर मालवाहक जहाज र ट्रक हाइड्रोजनबाट चलाउन सकिने बताउँछन्। उनका अनुसार विश्वमा सवारीसाधनबाट हुने कार्बन उत्सर्जनको दुईदेखि तीन प्रतिशत मालवाहक जहाजबाट हुन्छ। यसमा नाइट्रोजन र हाइड्रोजनलाई इन्धनसरह प्रयोग गर्दा कार्बन उत्सर्जनमा कमी ल्याउन सकिन्छ। यस्तै, सामान ओसारपसार गर्न प्रयोग हुने मालवाहक ट्रकमा ब्याट्रीको सट्टा कम्बस्टन इन्जिनमा हाइड्रोजन भरेर चलाउँदा ट्रकले लामो दूरीको यात्रा गर्न सक्छ। तर, ब्याट्री प्रयोग गर्दा समस्या देखिन सक्छ। यस्ता खालका ब्याट्री निकै ठूला हुने र एक हजार किलोवाटको ब्याट्री चार्ज गर्न पाँच घन्टा समय लाग्न सक्छ। तर, सोही ट्रकमा हाइड्रोजन भर्न मात्रै २० मिनेटको समय लाग्छ।

त्यसो त हाइड्रोजन पनि समस्यामुक्त छैन। यो भर्न गतिलो उपकरण चाहिन्छ। कारण, दबाबले गर्दा यो अत्यधिक तातेर हुन्छ। यदि उपकरण र प्रविधिको समस्या समाधान भइहाले पनि हरेक ठाउँमा पर्याप्त मात्रामा हाइड्रोजन पम्प उपलब्ध हुने/नहुने सुनिश्चितता गर्नुपर्छ। वाकरका अनुसार यसका लागि पूर्वाधार बनाउनुपर्छ र यसमा सरकारले पनि सहयोग गर्नुपर्छ।

अब विषय हवाईजहाजको। के हवाईजहाजमा पनि हाइड्रोजन प्रयोग हुन सक्छ ? हो, हुन सक्छ। यसको प्रयोगले हवाई यातायातमा परिवर्तन ल्याउन सक्छ। यातायातबाट हुने कार्बन उत्सर्जनमध्ये विमानबाट मात्रै १० प्रतिशत उत्सर्जन हुन्छ। तर, वाकरको भनाइ मान्ने हो भने यसको प्रयोगमा कम्तीमा १० देखि २० वर्षको समय लाग्न सक्छ।

घर तथा उद्योगमा प्रयोग : हाइड्रोजनको प्रयोग भान्सामा खाना पकाउन र घरलाई न्यायो राख्न पनि गर्न सकिन्छ। बेलायतमा खाना पकाउन तथा घर न्यायो पार्न ८० प्रतिशतभन्दा बढी प्राकृतिक ग्यास प्रयोग हुने ऊर्जाविज्ञ सारा वाकरको भनाइ छ। यो अवस्थामा कार्बन उत्सर्जन कम गर्ने लक्ष्य प्राप्त गर्न हाइड्रोजन यसको उत्तम विकल्प बन्न सक्छ। बेलायत सरकार सन् २०२६ सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्य प्राप्त गर्न चाहन्छ। यसका लागि सरकारले हाइड्रोजन उत्पादन र आपूर्ति शृंखलाको ढाँचा बनाउन कस्तो लगानी गर्ने भन्ने तय गर्नुपर्छ। यसलाई इन्धनका रूपमा अपनाउँदा सुरुवाती चरणमा यसको प्रयोग घर न्यायो पार्नभन्दा पनि ठूला उद्योगमा गर्दा ठीक हुने सारा वाकरको भनाइ छ। - *बिबिसी*

सेयर बजार

१२ असार ०८०

नेप्से २,१८६.३६ ^ ५६.९४ २.६७%

कारोबार रकम	जम्मा सेयर
५,४७,६२,८७,७४०.४८	१,३१,०७,०८०



[अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं। email: arthapatrika@gmail.com]

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १३ असार ०८०

देशैभर विद्युत् ट्रिपिङको समस्या, जलविद्युत्को चक्र प्रभावित

प्रसारण लाइन अभाव भएपछि उत्पादन घटाउन जलविद्युत् आयोजनालाई प्राधिकरणको निर्देशन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

प्रसारण लाइनलगायतका विद्युतीय पूर्वाधारको क्षामताले नधान्दा देशभर झ्याप-झ्याप बत्ती जाने (ट्रिपिङ) समस्या झन् बढ्दै गएको छ। गर्मीमा विद्युत्को माग उच्च हुँदा ३१ जेठदेखि ३ असारसम्म मध्य र पश्चिम नेपालमा विद्युत् आपूर्तिमा समस्या आएको थियो। अहिले त देशभर सिस्टमबाटै स्वतः विद्युत् कटौती हुने समस्या बढ्न थालेको हो। प्राधिकरणले यसअघि विद्युत् आपूर्तिमा समस्या आएमा उद्योगमा कटौती गरेर भए पनि घरायसी र अस्पतालमा विद्युत् दिने गरेको थियो। तर, यसपालि घरायसी र अस्पतालमा समेत विद्युत् ट्रिपिङ हुन थालेको छ।

पछिल्ला दिनहरूमा विराटनगर, वीरगन्ज, काठमाडौं उपत्यका, चितवन, पोखरा, नेपालगन्जलगायतका अधिकांश सहरहरूमा विद्युत् जाने समस्या झन् बढ्न थालेको छ। दिनमा ५-६ पटक नै विद्युत् जाने-आउने गरेको पूर्वी नवलपरासीस्थित गैंडाकोटमा बसोवास गर्दै आएकी स्नेहा विश्वकर्माले बताइन्। यसैगरी नयाँ बानेश्वरमा बस्ने प्युठानका सुवासचन्द्र केसी पनि विद्युत् जाने समस्याबाट हैरान भएको बताउँछन्। साँगास्थित स्माइनल इन्जुरी पुनर्स्थापना केन्द्र (अस्पताल)मा ओखलढुंगाकी विष्णुमाया मगरले छोरा सरोज श्रेष्ठलाई थेरापीका लागि राखेकी छिन्। एक सातादेखि अस्पतालमै रहेकी उनले विद्युत् आउने-जाने समस्याले उपचारमा कठिनाइ भएको बताइन्। 'म केही दिनदेखि छोराको उपचारका लागि यहाँ छु। तर, अस्पतालमा समेत बिजुली जाने समस्या दैनिक देखिएको छ,' उनले भनिन्, 'यसले व्यावहारिक पक्षहरूमा समस्या परेको छ।'

नेपालको अधिकतम विद्युत् माग १७ सय मेगावाट हाराहारी हुँदा प्रसारण लाइन, सबस्टेसनलगायतका पूर्वाधारले धानेकै थियो। तर, अहिले विद्युतीय सवारीसाधन, विद्युतीय चुलो, एसीलगायतका उपकरणले दुई-तीन सय मेगावाट माग बढ्दा पनि वितरण प्रणालीमा समस्या आएको छ। प्रसारण प्रणालीमा ओभर लोड हुँदा ट्रिपिङको समस्या बढेको प्राधिकरणका प्रवक्ता सुरेश भट्टराई पनि स्वीकार गर्छन्। आन्तरिक उत्पादन बढेसँगै प्राधिकरणले भारतमा विद्युत् निर्यात गर्न सुरु गरिसकेको छ। तर, अन्तरिक प्रसारण प्रणाली बलियो नहुँदा स्वेदशमै विद्युत् आपूर्तिमा समस्या आउन थालेको हो।

नेपालमा अहिले विद्युत्को जडित क्षमता २७ सय मेगावाट पुगिसकेको छ। यो स्वदेशी पिक डिमान्डभन्दा सात-आठ सय मेगावाट बढी हो। तर, प्रसारण प्रणालीलगायतका पूर्वाधार पर्याप्त नबन्दा विद्युत् उत्पादन भएर पनि लोडसेडिङ हुने संकेत देखिएको सरोकारवाला बताउँछन्।



■ उत्पादन बढ्दा पनि उद्योगमा कटौती

उत्पादन बढ्दासमेत पिक आवरमा उद्योगहरूमा विद्युत् कटौती कायमै छ। सुक्खा याममा उत्पादन कम हुँदा उद्योगहरूमा बिहान-बेलुकाको पिक आवरमा ६ घन्टासम्म विद्युत् कटौती भएको थियो। अहिले उत्पादन बढ्दा पनि उद्योगहरूले पिक आवरमा मागअनुसार बिजुली पाउन नसकेको एक उद्योगीले बताए। 'उद्योग पनि ट्रिपिङको मारमा छन्। वितरण केन्द्रले फोन गरेर पिक आवरमा औद्योगिक लोड प्रयोग नगर्न भनेको छ,' उनले भने, 'बिजुली (लाइटिङ लोड) भने बाल्न पाएका हुन्छौं। तर, उद्योग चलाउन पाउँदैनौं। यसलाई लोडसेडिङ भन्ने कि अरू केही ?'

उद्योग संगठन मोरङका अध्यक्ष सुयेस प्याकुरेलले पनि उद्योगहरूमा दैनिक ५-६ पटक विद्युत् ट्रिपिङ हुने गरेको बताए। 'हामी हिउँदेदेखि नै विद्युत् कटौतीको मारमा छौं। त्यसबेला विद्युत् उत्पादन कम भएर पनि हामीले स्वाभाविक रूपमा लिएका थियौं,' उनले भने, 'अहिले उत्पादन बढ्दासमेत पिक आवरमा मागअनुसार विद्युत् पाउन सकेका छैनौं।'

■ ३० आयोजनालाई उत्पादन घटाउन निर्देशन

प्राधिकरणले प्रसारण लाइन क्षमतालाई नै कारण देखाएर विद्युत् आयोजनालाई उत्पादन कटौती गर्न निर्देशन दिएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अनुसार प्राधिकरणले ३० आयोजनालाई विद्युत् घटाउन निर्देशन दिएको छ।

यसरी निजी क्षेत्रको पाँच सय मेगावाट विद्युत् खेर गएको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए। 'प्रसारण लाइनको क्षमता पुगेन भनेर प्राधिकरणले विद्युत् उत्पादन घटाउन निर्देशन दिएको छ। त्यो नगरेमा विद्युत् नै नकिन्ने धम्कीसमेत आउँछ। त्यसैले हामी उत्पादन घटाउन बाध्य पनि छौं,' उनले भने। स्रोतका अनुसार सोमबार मात्रै प्राधिकरणको एक सय ५० मेगावाट विद्युत् खेर गएको छ।

■ जलविद्युत् आयोजनालाई 'इनर्जी टेबल' परिमार्जन गर्न दिइने

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सञ्चालनमा रहेका जलविद्युत् आयोजनालाई एकपटक इनर्जी टेबल परिमार्जन गर्न दिने बताएका छन्। इप्पान पदाधिकारीसँगको भेटमा कार्यकारी निर्देशक घिसिङले, हाइड्रोलोजी अनुमान गर्न नसकिने भएकाले तोकिएभन्दा कम उत्पादन गरिरहेका आयोजनालाई एकपटक इनर्जी टेबल परिमार्जन गर्न दिने बताएका हुन्। यसअघि इप्पान अध्यक्ष गणेश कार्कीले जलविद्युत् आयोजनाको ग्लोबल वार्मिङका कारण इनर्जी उत्पादन क्याल्कुलेसन भरपर्दो नभएकाले आयोजना सञ्चालनमा आएको पाँच वर्ष नपुगे पनि इनर्जी टेबल परिवर्तन गर्न दिन माग गरेका थिए। 'मौसम परिवर्तनका कारण विद्युत् प्राधिकरणका आयोजनाबाट समेत गत वर्ष ३० प्रतिशत कम विद्युत् उत्पादन भएको थियो,' घिसिङले भने, 'निजी क्षेत्रका आयोजनाहरू झन् धेरै प्रभावित भएका छन्। त्यसैले सञ्चालनमा रहेका आयोजनालाई इनर्जी टेबल परिमार्जन गर्न दिन हामी तयार छौं।'

चर्को गर्मीमा विद्युत् अनियमित हुँदा सास्ती

धनगढीमा **तेजराज भट्ट**, वीरगन्जमा **तिवारी यादव** बुटवलमा **विष्णु घिमिरे र** लमजुङमा **शान्ता कमली**

गर्मीको समयमा विद्युत् अनियमित हुँदा सर्वसाधारण मारमा परेका छन्। बारम्बार विद्युत् अनियमित हुने, पावर नपुग्नेजस्तो देखिने तथा दैनिक १०-१२ पटकसम्म विद्युत् जाने गरेको धनगढी उपमहानगरपालिका-१ का गगन भण्डारीले बताए। 'बारम्बार विद्युत् जान्छ, कतिबेला पावर नपुगेर पंखा चल्दैन,' भण्डारीले भने, 'गर्मीमा बस्नै समस्या छ।' उद्योग, कलकारखानामा पनि यसको प्रभाव परेको छ। पावर नपुग्ने र बेलाबेला बत्ती जाने समस्याले उत्पादन प्रभावित भएको उद्योगीहरूको गुनासो छ। पटक-पटक विद्युत् अवरुद्ध हुँदा विद्यार्थी मारमा परेका नेपाल विद्यार्थी संघ कैलालीका अध्यक्ष मनीष कुँवरले बताए। विद्युत् नियमित गर्न माग गर्दै नेपाल विद्यार्थी संघ कैलालीले गत ४ असारमा नेपाल विद्युत् प्राधिकरणको धनगढी वितरण केन्द्रलाई ज्ञापनपत्रसमेत बुझाएको थियो।

नेपाल विद्युत् प्राधिकरण धनगढी वितरण केन्द्रका निमित्त प्रमुख मोहन जोशीले लोडसेडिङ नभएको, तर अन्य प्राविधिक कारणले विद्युत् अनियमित हुने गरेको बताए। गर्मीको सिजनमा विद्युत् बढी खपत हुने भएकाले 'ओभरलोड' हुँदा सिस्टम जाने, वर्षा र हावाहुरीले पोल ढल्ने, तारहरू जुध्ने, तारमा रूख र हाँगाहरू खस्नेजस्ता कारणले विद्युत् आपूर्तिमा समय-समयमा समस्या देखिने गरेको उनले बताए।

रुपन्देही उद्योग संघका पूर्वअध्यक्ष गणेश अधिकारीले विद्युत्को समस्या बढ्दो रहेको बताए। बुटवल औद्योगिक क्षेत्र उद्योग संघका पूर्वअध्यक्षसमेत रहेका अधिकारीले लो भोल्टेज र पटक-पटक लाइन जाने समस्या रहेको बताउँछन्। बुटवल उद्योग वाणिज्य संघका महासचिव विमलराज भट्टराई विद्युत् अनियमितताले सबैलाई मार परेको बताउँछन्।

विद्युत्मा आत्मनिर्भर भइयो भन्ने, तर पूर्वजानकारीविनै लोडसेडिङ गर्ने प्रवृत्तिले सबै क्षेत्रलाई नराम्रो प्रभाव पारेको छ, महासचिव भट्टराईले भने, विद्युत्मा तत्काल सुधार गर्न आवश्यक छ, यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्छ।

वीरगन्ज-पथलैया औद्योगिक करिडोर क्षेत्रमा झ्यापझ्याप विद्युत् जाने कारण उद्योगी सञ्चालनमा कठिन भएको व्यवसायीले बताएका छन। विद्युत् प्राधिकरणले घोषित रूपमा लोडसेडिङ नभने पनि ट्रिपिङका कारण समस्यामा परेको बताएका हुन्। दैनिक पाँचदेखि १० पटकसम्म बत्ती आउने-जाने कारण ठूलो मारमा परेको उद्योग वाणिज्य संघ वीरगन्जका उपाध्यक्ष माधव राजपालले बताए। उनका अनुसार औद्योगिक करिडोरका उद्योगीले उत्पादन गर्दै आएका गुणस्तरीय सामग्रीमा असर परेको छ। दिनभरि विद्युत् आपूर्ति सहज नहुँदा लोडसेडिङ नै गरेर विद्युत् आपूर्ति सहज गर्न उनको माग छ। विद्युत् आपूर्तिमा समस्या हुँदा नागरिक र होटेल-व्यापारमा असर देखिएको बताए।

१५ दिनयता लमजुङमा दैनिकजसो विद्युत् अवरुद्ध भइरहेको छ। नेपाल विद्युत् प्राधिकरणअन्तर्गत ३३ केभिएको संरचनामा समस्या हुँदा जिल्लाभर समस्या भएको केन्द्रले जनाएको छ। बेँसीसहर-१, उदिपुरस्थित सबस्टेसनको प्रणालीमा समस्या हुँदा आमउपभोक्ताले सास्ती खेप्नुपरेको विद्युत् वितरण केन्द्र लमजुङका प्रमुख मेघनाथ भट्टराईले बताए। विद्युत् सेवा प्रभावित हुँदा उद्योगी-व्यवसायी, गृहिणीलाई बढी सास्ती भएको छ।

जिल्लामा ७० मेगावाटको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना, ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी जलविद्युत् आयोजना, दोर्दी करिडोरका ५४ मेगावाटको सुपर दोर्दी 'ख', २५ मेगावाटको माथिल्लो दोर्दी 'ए', ३० मेगावाटको दोर्दी खोला जलविद्युत् आयोजना र १२ मेगावाटको दोर्दी-१ जलविद्युत् आयोजना तथा अन्य खुदी, सिउरी, राधी, स्याँगे, छ्याङ्दी, मिदिमलगायत साना आयोजनाबाट दुई सय ४० मेगावाटभन्दा बढी विद्युत् उत्पादन भइरहेको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

क्यानका महानिर्देशक अधिकारीलाई पर्यटनमन्त्रीले सोधे नौबुँदे स्पष्टीकरण

नयाँ पत्रिका

पर्यटनमन्त्री सुदन किराँतीले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का महानिर्देशक प्रदीप अधिकारीलाई नौबुँदे स्पष्टीकरण सोधेका छन्। सोमबार मन्त्रीस्तरबाट निर्णय गर्दै पर्यटन मन्त्रालयले सात दिनभित्र बुँदागत स्पष्टीकरण मन्त्रालयमा पेस गर्न निर्देशन दिएको छ।

काभ्रेको बनेपा नगरपालिका वडा नम्बर १४ राउत गाउँको माथिल्लो भाग इटापु डाँडामा निजी हवाई कम्पनीलाई हेलिपोर्ट निर्माण तथा सञ्चालन गर्न दिने २६ जेठको मन्त्रीस्तरीय निर्णय कार्यान्वयनका लागि सहजीकरण गर्न मन्त्रालयले क्यानलाई पत्र पठाएको थियो। तर, गैरसैनिक हवाई ऐन, २०१५ ले निजी कम्पनीलाई विमानस्थल र हेलिपोर्ट बनाउन दिने परिकल्पना गरेको छैन। हचुवाका भरमा मन्त्रालयले निर्णय गर्दैमा निजी हेलिपोर्ट सञ्चालन गर्न दिन नसकिने क्यानको जिकिर छ।

'चालू आर्थिक वर्षको संघीय संसद्ले पास गरेको बजेट तथा कार्यक्रमको बुँदा नम्बर १०१ मा क्यानलाई नियामक निकाय र सेवाप्रदायक निकायका रूपमा छुट्याउने भनी उल्लेख छ। तर, उक्त नीति विरोध

■ स्पष्टीकरण सोधाइ नै वैधानिक छैन, जवाफ दिने कुरै आउँदैन



● **प्रदीप अधिकारी**, महानिर्देशक, नागरिक उड्डयन प्राधिकरण

प्राधिकरणलाई मन्त्रीले स्पष्टीकरण सोध्ने कानुनी आधार नै छैन। सुरुमा प्राधिकरण बोर्डबाट निर्णय गराएर, त्यसलाई मन्त्रीस्तरीय निर्णय गरेर क्याबिनेटमा प्रस्ताव लाने र अनि क्याबिनेटले निर्णय गरेपछि मात्रै बल्ल स्पष्टीकरण सोध्ने हो। प्रक्रिया नपुगेको एवं वैधता नभएको स्पष्टीकरणमा जवाफ दिइरहन आवश्यक छैन। अझ हवाई सुरक्षासँग जोडिएको संवेदनशील विषयलाई फेसबुकमा राख्नु गैरजिम्मेवार र अपरिपक्व हो। मलाई मन्त्रिपरिषद्ले नियुक्ति दिएको हो, यसर्थ म मन्त्रिपरिषद् र प्रधानमन्त्रीप्रति जवाफदेही छु, न कि मन्त्री। कानुनले मन्त्रालयलाई प्राधिकरणको सम्पर्क मन्त्रालय मात्रै मानेको छ। त्यसले त्यो प्रक्रिया नपुगेको, वैधता नभएको अपरिपक्व प्रस्टीकरणमा मैले जवाफ दिने कुरै आउँदैन।

गरी विभिन्न सञ्चारमाध्यममा दिएको अभिव्यक्ति नेपाल नागरिक उड्डयन प्राधिकरण, कर्मचारी सेवाका सर्त र सुविधासम्बन्धी नियमावली, २०५६ को नियम ११.२६ को प्रावधानविपरीत रहेकाले पदीय जिम्मेवारीविपरीत सरकारको नीतिका विरुद्ध काम गरेकोमा सरकारले स्पष्टिकरण सोधेको छ।

अधिकारी महानिर्देशक भएपछि दुईवटा यात्रु विमान र तीनवटा हेलिकोप्टर दुर्घटना भएको र वायुयानसँग सम्बन्धित दुर्घटना निरन्तर भइरहँदा देशले क्षति व्यहोर्नुका साथै उड्डयन सुरक्षामाथि प्रश्न उठेको जिकिर गर्दै मन्त्री किराँतीले उड्डयन सुरक्षालाई प्रभावकारी बनाउनुपर्ने आफ्नो कर्तव्य निर्वाह गर्न किन असफल रहेको भन्दै स्पष्टीकरण सोधेका छन्।

दातृ निकायबाट अर्बौं रुपैयाँ ऋण लिएर बनाइएका गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलहरू सञ्चालनमा ल्याउन नसक्नुमा महानिर्देशकको कार्यक्षमता कमजोर रहेको किन नमान्ने ? स्पष्टीकरणमा उल्लेख छ। यस्तै, मन्त्री किराँतीले महालेखाको ६० औं वार्षिक प्रतिवेदनमा प्रश्न उठाएको पोखरा विमानस्थलको रनवेको उचाइलगायतका विषयहरूमा पनि महानिर्देशक अधिकारीसँग स्पष्टीकरण मागेका छन्। हवाई सुरक्षामा लापरबाही भएको भन्दै विभिन्न दृष्टान्त देखाएर महानिर्देशक अधिकारीसँग स्पष्टीकरण सोधेका छन्।

सिम्रिक एयरले निजी हेलिप्याड निर्माण तथा सञ्चालनका लागि आशयपत्र उपलब्ध गराइदिन भन्दै १३ माघ ०७९ मा निवेदन दिएपछि मन्त्रालयले सचिवस्तरको निर्णय गरेर रक्षा र गृह मन्त्रालयलाई निजी हवाई कम्पनीबाट हेलिपोर्ट निर्माण सम्बन्धमा उपयुक्त राय-सुझाव उपलब्ध गराइदिन २६ फागुन ०७९ मा पत्र पठाएको थियो।

गृहले निजी कम्पनीबाट हेलिपोर्ट निर्माण तथा सञ्चालनमा कुनै बाधा-व्यवधान नपुग्ने भन्दै सकारात्मक राय दिए पनि रक्षा मन्त्रालयले सुरक्षा चुनौती बढ्ने राय दिएको थियो। तर, रक्षा मन्त्रालयको रायविपरीत मन्त्री किराँतीले सिम्रिक एयरलाई हेलिपोर्ट निर्माण गर्न स्वीकृति दिएका थिए। तर, मन्त्री किराँतीले सिम्रिक एयरलाई निजी हेलिपोर्ट सञ्चालनका लागि क्यानले सहजीकरण नगर्ने भएपछि महानिर्देशक अधिकारीसँग रिस साँधेको पर्यटन मन्त्रालयको उच्च स्रोतको दाबी छ।

धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धि पुःन १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०३/१३

यस रिभरसिटि सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका विभिन्न समयमा व्यवसायीक कर्जा उपभोग गरेका तपसिल बमोजिमका ऋणीलाई कर्जा चुक्ता गर्ने बारेमा यस संस्थाबाट बारम्बार मौखिक एवं लिखित रुपमा अनुरोध तथा ताकेता गर्दा समेत कुनै वास्ता नगरी ऋण दायित्व फर्छौट गर्ने तर्फ तदारुकता नदेखाएको, संस्थाले कर्जा चुक्ता गर्न समयमा फोन सम्पर्क पत्राचार गर्दा पत्र बुझेर पनि कर्जा बुझाउने तर्फ बेवास्ता गरि बसेको, संस्थामा समेत सहभागी भई ऋणी तथा ऋणीको घर परिवारसँग छलफल गर्दा कर्जा चुक्ता गर्छु भनी संस्थालाई लेखिदिएको निवेदन, प्रतिवद्धताहरु पुरा नभएको र ऋणीको चुक्ता गर्ने मनसाय समेत देखिएको हुनाले मिति २०७९/०६/२७ गते ३५ दिने ऋण चुक्ता गर्ने सार्वजनिक सूचना र पुःन मिति २०७९/०९/०१ गते ऋण चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत ऋणीले ऋण चुक्ता गर्नेतर्फ कुनै पनि आधिकारीक जिम्मेवारी न निभाएको कारण ऋणीहरुलाई यो अविलम्ब कर्जा चुक्ता गर्ने १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र यस सहकारीलाई बुझाउन बांकी रहेको सम्पूर्ण सांवा, प्याज, हर्जाना व्याज तथा अन्य रकम एकमुष्ठ बुझाउन सूचित गरिन्छ। उपरोक्त अनुसारको म्याद भित्र बक्योता रहेको सम्पुर्ण लेना रकम चुक्ता भुक्तानी नगरेमा यस सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा ऋणीले यस सहकारीलाई लेखिदिएको तपशिल बमोजिमको धितोमा रहेको चल अचल सम्पत्ति लिलामी बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिनेछ। कदमकदाचित यो धितोबाट सम्पूर्ण रकम असुल उपर हुन नसकेमा, असुल उपर बाँकी रकम निजको एकासगोल परिवारको नाममा रहेको अन्य चलअचल सम्पत्तिबाट असुल उपर गरिनेछ साथै ऋण लिदा व्यक्तिगत जमानीको नाममा रहेको वा निजको एकासगोल परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत सहकारी ऐन, २०७४ बमोजिम असुल उपर गरिनेछ। यस गाहकारी संस्थाको कर्जा असुली निति तथा प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कानूनी प्रकृया अवलम्वन गरि संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाबाट. जानकारी गराइन्छ।

साथै यो सुचना बमोजिम यस संस्थामा रहेको चल अचल सम्पति सकार गरि निच्छुक व्यक्ति तथा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/०३/२८ गते दिनको ४:०० बजे सम्म कार्यालयको समय भित्र संस्थाको कार्यालयमा आई पुग्ने गरी निम्न सर्तहरुको अधिनमा रहि यो गोप्य सिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ। बोलपत्र प्राप्त भएको १७ औं दिन अर्थात २०८०/०३/२९ गते दिनको ४:०० बजे संस्थाको कार्यालयमा खोलिने हुदाँ बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन यसैं सूचना द्वारा जानकारी गराईन्छ। यो सूचना बमोजिम अचल सम्पत्ति लिलाम बिक्रीहुन नसकेमा संस्थाको अनुकूल समयमा संस्था आफैले सम्बन्धित ऋणीलाई पूर्व सूचना नदिईकन पनि संस्थाकै नाममा सकार गरी लिन सकिने व्यहोरा पनि सूचित गरिन्छ।

तपशिल

क्र.स.	ऋणीको नाम थर	बाबुको नाम थर	बाजेको नाम थर	धितोको विवरण
१	**नामः बिरा मुखीया विन** ना. प्र. न. २९१९/११६९ जारी मिति २०४८४१ जिल्ला प्रशसान कार्यालय बारा ठेगाना : जिल्ला चारा न. पा. फत्तेपुर, वहा नं ९	बासुदेव मुखीया विनीन	उतीम मुखीया विनीन	१. बिरा मुखीया विनको नाममा दर्ता श्रेस्ता रहेको जिल्ला बारा प्रसौनी गा.वि.स वडा नं ५ कि. नं १०५ क्षेत्रफल ०-१-१०
२	**नामः राम सखिया विनीन** ना. प्र.न. ३१५८/२२५० जारी मिति २०५९/०८/१७ जिल्ला प्रशसान कार्यालय बारा ठेगाना जिल्ला बारा न. पा. फत्तेपुर, वडा नं १	राम लगन मुखिया	पति बिरा मुखीया विन	२. जिल्ला बारा गा.वि.स फत्तेपुर ९(क) कि.नं १२६४ क्षेत्रफल ०-५-१ राम सखिया विनीनको नाममा दर्ता श्रेस्ता रहेको जिल्ला बारा प्रसौनी वडा ४(ग) कित्ता नं ७३ क्षेत्रफल ०-०-४ वडा नं ३, कित्ता न ३३९ क्षेत्रफल ०-०-४ जिल्ला बारा गा.वि.स फत्तेपुर वडा नं ९ कित्ता ११६४ क्षेत्रफल ०-८-५

१. बोलपत्र फाराम यस संस्थाबाट रु.१०००/- (अक्षेरुपी एक हजार रुपैया मात्र) तिरी खरिद गर्नुपर्ने छ।
२. बोलपत्र फाराममा आफुले बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३. बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण सहकारी संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्ने छ।
४. बोलपत्र फारममा कर्जा शिर्षक र नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ। साथै बोलपत्रको खाम बाहिर समेत कर्जा शिर्षक र नम्बर उल्लेख गर्नु पर्नेछ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तिमा दश प्रतिशत यस सहकारी संस्थाको गरिमा विकास बैंक लि. को रिभरसिटि सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड नाममा रहेको खाता नं.०४८००१००६९५७६२०००००१ मा जम्मा गरी भौचरको अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गर्ने संस्था कार्यालयको नाउमा खिचिएको ड्राफ्ट वा संस्थाको जमानत पत्र सक्कल प्रतिपेश उल्लेख गर्नु पर्नेछ।
६. लिलाम बिक्रि हुने धितो सुरक्षणको जग्गा हेर्न चाहेका वा लिलाम बिक्रि हुने सम्पत्ति वापत ऋणीले तिर्न बुझाउन बाँकी रकम बारे जानकारी लिन चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सहकरी संस्थामा सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बुझ्न वा निरिक्षण गर्न सकिनेछ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम संस्थामा बुझाई अचल सम्पत्ति आफ्नो नाममा दा.खा. नामसारी गरि लिनु पर्नेछ।
८. बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेख रकम वा सर्तमा कुनै हेरफेर हुने छैन।
९. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१०. बोलपत्र स्वीकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार सहकारी संस्थामा नै निहित रहनेछ।
११. बोलपत्र सदर बदर हुन अगावै ऋणीले संस्थाको लेना रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ।

RIVERCITY SAVING AND CREDIT CO-OPERATIVE LTD.
रिभरसिटि सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
बसन्तपुर, काठमाण्डौं, फोन नं.४२२६१२९

दिगो विकासका लक्ष्यप्राप्तिलाई ध्यानमा राखेर १६औं योजना : उपाध्यक्ष श्रेष्ठ

नयाँ पत्रिका

१६औं योजनामार्फत अर्थतन्त्रको संरचनागत सुधार गर्न रूपान्तरणकारी योजना ल्याउने राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले बताएका छन्। मंगलबार राष्ट्रिय योजना आयोगमा १६औं योजना तयारी सम्बन्धमा सञ्चारकर्मीसँग छलफल गर्दै उनले यस्तो बताएका हुन्। उनले भने, '१४औं योजनाको प्रगतिलाई आधार मानेर १५औं योजना महत्त्वाकांक्षी बनाइएको थियो। तर, कोभिड र रुस-युक्रेन युद्धका कारण अर्थतन्त्रको संरचनागत समस्या पहिचान गर्न पायौं। अब यी संरचनागत समस्या समाधन गर्दै रूपान्तरणकारी योजना ल्याउनेमा १६औं योजना केन्द्रित हुनेछ।'

नेपालमा ०१३ देखि हालसम्म १५ वटा आवधिक योजना कार्यान्वयनमा आए। पछौं योजनाको अवधि आर्थिक वर्ष ०७६/७७-०८०/८१ थियो। ०७९ पुसमा यसको मध्यावधि मूल्यांकनसमेत गरिएको थियो। अब बन्ने सोह्रौं योजना आर्थिक वर्ष ०८१/८२-०८५/८६ सम्मको पाँच वर्षको रहनेछ।

हाल योजना तर्जुमाका लागि निर्देशक समिति, विषय क्षेत्रगत समिति र प्राविधिक समितिहरूले काम गरिरहेका छन्।

निर्देशक समितिमा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा तीनै तहका सरकारका प्रतिनिधिहरूका साथै



सहकारी र निजी क्षेत्रसमेतको संलग्नता छ। यसले सोह्रौं योजनाको अवधारणापत्र तथा पूर्ण दस्तावेज छलफल गरी परिमार्जन र स्वीकृति दिने काम गर्छ। आयोगका सदस्यको संयोजकत्वमा सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सम्बन्धित प्रतिनिधि रहेका पाँचवटा विषय क्षेत्रगत समिति छन्। जेठ अन्तिम साताबाट सुरु भएर ०८० माघ मसान्तसम्म सकिने गरी काम भइरहेको छ।

१५औं योजनाबाट पाठ सिकाइ

आयोगका उपाध्यक्ष श्रेष्ठले १३औं योजनासम्मका अधिकांश योजना असफल भए पनि १४औं योजनालाई भने सफल मानेका छन्। उनले भने, '१३औं योजनामा लक्ष्य र प्राप्तिमा ठूलो अन्तर भयो। तर, १४औं योजनामा लक्ष्यभन्दा बढी आर्थिक वृद्धि हासिल गर्‍यौं। ७.२ प्रतिशत वृद्धिदरको लक्ष्य राखेकोमा ७.४५ प्रतिशत हासिल भयो। हामीले मातृशिशु मृत्युदर, शिक्षाको स्तरमा धेरै प्रगति गर्‍यौं। अन्तर्राष्ट्रिय निकायले यसमा हामीलाई पुरस्कृत पनि गर्‍यो।'

१४औं योजना सफल हुनुमा ०७२ सालको भूकम्पलाई उनी प्रमुख आधार मान्छन्। उनका अनुसार भूकम्पपछि नोक्सानी परिपूर्ति गर्नमा स्रोतको अधिकतम परिचालन भयो र यसले लक्ष्यभन्दा ठूलो आर्थिक वृद्धि हासिल गर्नमा सघाउ पुग्यो।

जसरी १३औं योजनाको कमजोरीबाट सिकेर बनाइएको १४औं योजना सफल भयो। त्यसरी नै १५औं योजनाको असफलबाट शिक्षा लिएर १६औं योजना सफल बनाउन सकिने उनले बताए।

१५औं योजनाको असफलबीच आयोगले अर्थतन्त्रका संरचनागत चुनौती पहिचान गरेको उनले बताए। उनले दिगो विकासका लक्ष्य (एसडिजिज् गोल्स) प्राप्तिलाई ध्यानमा राखेर १६औं योजना बनाउनेसमेत बताए। उनले भने, '१६ योजनाका लक्ष्य पूरा हुँदा एसडिजिज्को लक्ष्यसमेत पूरा हुने अवस्था छ। एसडिजिज्का लक्ष्य पूरा हुने भनेर काम गर्दा पनि एसडिजिज्को लक्ष्य पूरा हुनेछ।'

साथै, नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न यो छुट्टै ट्रान्जिसन स्ट्राटेजी अन्तिम चरणमा रहेको उनको भनाइ छ।

प्रहरी प्रधान कार्यालयमा रावा बैंकको एक्सटेन्सन काउन्टर

नयाँ पत्रिका



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले प्रहरी प्रधान कार्यालय नक्सालमा एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ। एक्सटेन्सन काउन्टरको प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले उद्घाटन गरेका हुन्।

काउन्टरको उद्घाटन गर्दै प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरी र बैंकबीचको लामो समयदेखिको सहकार्यको प्रशंसा गर्दै एक्सटेन्सन काउन्टरबाट प्रहरीलाई बैंकिङ सेवा लिन थप सहज हुने बताएका थिए। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सबै ग्राहकले सेवा लिन सकिने एक्सटेन्सन काउन्टरबाट धेरै प्रकारका बैंकिङ सेवा दिने बताएका थिए। बैंकको बेसरेट सस्तो भएकाले कर्जाको ब्याजदर कम भएको बताउँदै प्रविधिमा आधारित सेवालाई बैंकले जोड दिएको उनको भनाइ थियो।

शाखा कार्यालय नक्सालमार्फत रहने सो एक्सटेन्सन काउन्टरबाट नगद-चेक जम्मा, चेक भुक्तानी, स्टेटमेन्ट, मोबाइल बैंकिङ सेवा, एटिएम सेवालगायत सेवा प्रदान गरिने बैंकले जनाएको छ।

बैंकले हाल देशका ७७ जिल्लाका सबै सदरमुकामसहित दुई सय ७२ शाखा, ६४ एक्सटेन्सन काउन्टर, दुई सय ६९ एटिएम र ९९ वटा शाखारहित बैंकिङमार्फत सेवा दिइरहेको जनाएको छ।

स्ट्यान्डर्ड चार्टर्ड बैंकले दियो कर्मचारीका बालबालिकालाई 'डे केयर'

नयाँ पत्रिका



स्ट्यान्डर्ड चार्टर्ड बैंकले कर्मचारीका लागि पुनः 'डे केयर' सुविधा सञ्चालनमा ल्याएको छ। बैंकले काठमाडौंको नयाँ बानेश्वरमा रहेको कर्पोरेट कार्यालयमा काम गर्ने कर्मचारीका बालबालिकाका लागि 'डे केयर' सुविधा सञ्चालनमा ल्याएको हो।

डे केयर सुविधाको उद्घाटन नेपाल राष्ट्र बैंककी कार्यवाहक गभर्नर निलम ढुंगाना तिम्सिना र बैंकका सिइओ अनिर्वाण घोष दास्तिदारले गरेको जनाइएको छ। यो सुविधा बैंकले सन् २०१३ बाट नै सुरु गरेको भए तापनि कोभिड महामारीका वेला अस्थायी रूपमा बन्द गरिएकोमा हाल पुनः सुचारु गरिएको बैंकले जनाएको छ।

विशेष गरी व्यावसायिक रूपमा काम गर्ने आमाहरूका लागि बैंकमा सहयोगी र समावेशी वातावरण सिर्जना गर्न 'डे केयर' सुविधा सुरु गरेको बैंकले जनाएको छ। बैंकले विशेष गरी कर्मचारीको समयको बचत तथा ६ महिनादेखि तीन वर्षसम्मका बालबालिकाका लागि सही हेरचाह खोज्ने तनाव कम गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो सुविधा सुरु गरेको जनाइएको छ।

डे केयर स्थापनादेखि लिएर मर्मत खर्च तथा मासिक खर्च बैंकले नै व्यहोर्ने उल्लेख छ। यो सुविधा नयाँ तरिकाले काम गर्ने वातावरण सिर्जना गर्न र उत्पादनशील काम गर्ने अभिभावकका लागि एउटा महत्त्वपूर्ण कदम रहेको बैंकले विश्वास व्यक्त गरेको छ।

विशेष महिला कर्मचारीलाई आफ्नो व्यावसायिक यात्रालाई निरन्तरता दिन यस किसिमको सुविधा सञ्चालन गर्ने नेपालकै पहिलो बैंक बनेको स्ट्यान्डर्ड चार्टर्डको दाबी छ। कार्यवाहक गभर्नर तिम्सिनाले कर्मचारीलाई उत्प्रेरित गर्न वर्कफोर्समा महिलालाई सशक्त बनाउन यस किसिमको सुविधा निकै महत्त्वपूर्ण रहेको बताइन्।

बैंकका कर्मचारीसँग साक्षात्कार गर्दै उनले महिला कर्मचारीले भोग्नुपरेका थुप्रै चुनौतीका विषयमा चर्चा गरेकी थिइन्।

बैंकका सिइओ दास्तिदारले आफ्ना बालबालिकासँग नजिक हुन सक्ने हिसाबले काम गर्ने अभिभावकका लागि ल्याइएको यो सुविधाले कार्यालयमा काम गर्ने सकारात्मक वातावरण सिर्जना हुने बताए। उनले भने, 'हामीले चाहेको परिवर्तन तब सम्भव हुन्छ, जब हामी कर्मचारी कायम राख्न र उनीहरूको कल्याणमा ध्यान केन्द्रित गर्छौं।'

बैंकमा सञ्चालनमा ल्याइएको 'डे केयर' सुविधा सबै कार्यदिनमा खुला रहने जनाइएको छ। यहाँ बालबालिका सुरक्षित, प्रगतिशील र रमाइलो वातावरणमा विभिन्न गतिविधिमा संलग्न हुन पाउने उल्लेख छ। प्रत्येक बालबालिकालाई व्यक्तिगत रूपमा ध्यान दिइनुका साथै उनीहरूलाई ग्याजेटहरूबाट टाढा रहन र खेल तथा अन्य गतिविधिमार्फत एक-अर्कासँग थप अन्तर्क्रिया गरी स्वतन्त्र र अनुशासित बनाउन जोड दिइने बैंकले जनाएको छ।

लक्ष्मी ग्रुपलाई 'पोखरा पत्रकारिता संस्थागत सम्मान'

कास्कीमा **रोहितराज पराजुली**



औद्योगिक घराना लक्ष्मी ग्रुपलाई पोखरा पत्रकारिता संस्थागत सम्मानद्वारा सम्मान गरिएको छ। नेपाल पत्रकार महासंघ कास्कीको ४७औँ स्थापना दिवसका अवसरमा मंगलबार ग्रुपलाई पोखरा पत्रकारिता संस्थागत सम्मानद्वारा सम्मान गरिएको हो।

कार्यक्रममा गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री जितप्रकाश आले, महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीलगायतले ग्रुपका अध्यक्ष गणेशबहादुर श्रेष्ठलाई सम्मानपत्र, दोसल्ला र मालासहित सम्मान गरेका थिए। महासंघ कास्कीका अध्यक्ष भण्डारीले संस्थाको भौतिक विकास र उन्नयनमा महत्त्वपूर्ण भूमिका खेलेका संस्थाहरूलाई बर्सेनि महासंघले सम्मान गर्दै आएको र सोही क्रममा यस वर्ष लक्ष्मी ग्रुपलाई सम्मान गरिएको जानकारी दिइन्।

सम्मानपछि ग्रुपका अध्यक्ष श्रेष्ठले सत्यतथ्यमा आधारित भएर समाचार सम्प्रेषण गर्न पत्रकारलाई अनुरोध गरेका थिए। ग्रुपलाई संस्थागत सम्मान गरेको भन्दै आयोजकलाई उनले धन्यवाद दिएका थिए। विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्षसमेत रहेका श्रेष्ठले समितिको अगुवाइमा प्राकृतिक चिकित्सालय निर्माण गरी नागरिकलाई उपचारमा सहज बनाएको जानकारीसमेत दिएका थिए।

०३० सालमा पर्यटकीय सहर पोखराबाट ६-७ हजार लगानी गरेर व्यवसाय सुरु गरेको लक्ष्मी मिठाई भण्डार हाल लक्ष्मी ग्रुपमा परिणत हुँदा कम्फेक्सनरी, डेरी, प्लास्टिक हुँदै बहुराष्ट्रिय कम्पनी हुन्डाई, बिएमडब्लुको नेपालका लागि आधिकारिक विक्रेतालगायतका कर्पोरेट हाउसका रूपमा स्थापित भइसकेको छ।

पाँच दशक लामो इतिहास बोकेको ग्रुपले स्थापनाकालदेखि नै विभिन्न सामाजका क्षेत्रहरूमा सहयोग अनि प्रोत्साहन गर्दै अघि बढिरहेको छ।

ग्रुपले पोखराको विन्ध्यवासिनी मन्दिरलाई एम्बुलेन्स, मन्दिरमा लिफ्ट राख्ने, नेपाल पत्रकार महासंघ कास्कीको भवनमा तालिम हल निर्माण, विभिन्न वृद्धाश्रममा सहयोग, नेपाल अपांग महासंघलाई ह्विल चेयर, काठमाडौंका विभिन्न स्थानमा अपांगमैत्री शौचालय निर्माण, पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा मिर्गौला उपचारका लागि डायलासिस कक्ष, बाल मस्तिष्क पक्षघात केन्द्रमा रहेका बालबालिकाको पठन-पाठन र रेखदेखका लागि सहयोगलगायतका काम गर्दै आएको छ।

परिसंघको उपाध्यक्षमा मोर



काठमाडौं/ लक्की ग्रुपका प्रबन्ध निर्देशक तथा गणपति वनस्पति लिमिटेडका अध्यक्ष अमित मोर नेपाल उद्योग परिसंघको उपाध्यक्षमा निर्वाचित भएका छन्। परिसंघको २०औँ वार्षिक साधारणसभाले उनलाई उपाध्यक्षमा सर्वसम्मत निर्वाचित गरेको हो।

उनले आफ्नो कार्यकालमा निजी क्षेत्रका समस्या समाधानमा आफ्नो तर्फबाट सदैव अग्रसर रहने र परिसंघलाई नयाँ उचाइमा पुऱ्याउन सबै पदाधिकारीका साथ अग्रसर भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। साधारणसभामा नेपालको घिउतेल उत्पादन गर्ने गणपति वनस्पतिलाई परिसंघले लगातार तेस्रोपटक सम्मान गरेको जनाइएको छ। परिसंघले गणपति वनस्पतिलाई नेपालबाट साफ्टाअन्तर्गत निकासी हुने निर्यातयोग्य वस्तुहरू निकासी प्रवर्द्धनमा महत्त्वपूर्ण सहयोग उपलब्ध गराएकोमा सम्मान गरेको जनाइएको छ।

उक्त सम्मान प्रधानमन्त्री पुष्पकमल दाहालबाट कम्पनीका अध्यक्ष मोरलाई प्रदान गरिएको उल्लेख छ। विभिन्न उद्योग, व्यापार-व्यवसाय, बैंक तथा बिमा कम्पनीहरूमा लगानी भएको समूह लक्की ग्रुपका प्रबन्ध निर्देशक मोर हिमालयन रि-इन्स्योरेन्समा पनि सञ्चालक रहेको जनाइएको छ।

दैनिक आठ लाखको कारोबार गर्दै ललितपुर जुत्ता मेला



काठमाडौं/ ललितपुरको जावलाखेलमा सञ्चालन भइरहेको 'ललितपुर जुत्ता मेला'मा अवलोकनकर्ताको उपस्थिति उत्साहजनक देखिएको छ। जावलाखेल फुटबल ग्राउन्डमा १६ जेठदेखि सुरु भएको 'प्रथम ललितपुर जुत्ता-चप्पल मेला-२०८०'मा दैनिक करिब पाँच हजार अवलोकनकर्ता पुग्ने गरेका छन्।

मेलामा औसत दैनिक पाँच हजार अवलोनकर्ता आइरहेको फुटवेयर्स म्यानुफ्याक्चर्स एसोसिएसनका पूर्वअध्यक्ष होमनाथ उपाध्यायले बताए। उनका अनुसार दैनिक दुई हजार जोर जुत्ता-चप्पल बिक्री भइरहेको र त्यसबाट करिब आठ लाख रुपैयाँको कारोबार भएको उनको भनाइ छ।

मेला अवधि छोटिँदै गर्दा उपभोक्ताको आकर्षण पनि बढेको उपाध्यायले बताए। उनले भने, 'मेलामा अवलोकनकर्ताको उपस्थितिले उत्साहित छौं, यसबीचमा झन्डै तीन सय डिजाइनका जुत्ता-चप्पल, गर्मी र जाडोलाई लक्षित गरेर ल्याएका छौं।'

'नेपाली उत्पादनको प्रवर्द्धन हाम्रो अभियान' भन्ने मुख्य नाराका साथ आयोजित मेलामा विभिन्न नौवटा ब्रान्डको सहभागिता रहेको छ। मेलामा बिएफ डियर हिल, गोल्डस्टार, रोयल सुज, फस्टवाक सुज, बिएफ स्पोर्ट, क्रस रोड सुज, हाई लाइफ, केटिएम, डिजे सुज र सिल ब्रान्डका लेडिज तथा जेन्स जुत्ता-चप्पल प्रदर्शनीमा रहेका छन्। यी ब्रान्डका पाँच हजारभन्दा बढी मोडल र डिजाइनका जुत्ता-चप्पल अवलोकन एवं खरिद गर्न सकिनेछ। मेला प्रवेशका लागि कुनै शुल्क तोकिएको छैन।

चुनौतीपूर्ण अवस्थामा रहेको अर्थतन्त्रलाई चलायमान बनाउन योगदान दिने, स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने एवं उपभोक्तालाई सहुलियत मूल्यमा जुत्ता-चप्पल उपलब्ध गराउने उद्देश्यका साथ मेला आयोजना गरिएको शुभकामना फुटवेयरका नानीराज घिमिरेले बताए। 'स्वदेशी जुत्ताको बजार प्रवर्द्धन गर्नका लागि ग्रे मार्केटबाट हुने आयात र न्यून बिजकीकरण रोक्नुपर्छ,' उनले भने, 'जुत्ता उत्पादनमा आवश्यक कच्चा पदार्थको मूल्यकर पनि घटाउनुपर्छ, हामी जुत्तामा आत्मनिर्भरभन्दा माथि छौं।' मेलामा २० देखि ५० प्रतिशतसम्म विशेष छुटको समेत व्यवस्था गरिएको आयोजकको भनाइ छ।

सानिमा रिलायन्स लाइफको पुनर्जागरण अभियान

काठमाडौं/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीले नवीकरण नभएका बिमा लेखका लागि शतप्रतिशत विलम्ब शुल्क छुटसहितको पुनर्जागरण अभियान सुरु गरेको छ।

अभियान २८ असारसम्म लागू हुने कम्पनीले जनाएको छ। पुनर्जागरण अभियानअन्तर्गत बिमालेख अवधिभित्र एकपटक मात्र ब्याज छुटको सुविधा प्रदान गरिने जनाइएको छ। कुनै पनि बिमालेख व्यतीत रहँदा बिमितले रक्षावरण गुमाउनुका साथै विलम्ब शुल्क पनि व्यहोर्नुपर्ने हुनाले मौकाको फाइदा लिई बिमालेख नवीकरण गर्न कम्पनीले अनुरोध गरेको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हापुरे, दाङको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०३/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय हापुरे, दाङबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणील प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय दाङमा मिति २०७५/०४/३० मा प्रा.फ.र.नं. १०९/९९६० कायम भई दर्ता रहेको दाङ जिल्ला, शान्तिनगर गा.पा. वडा नं. ०१, स्थित रजिष्टर्ड कार्यालय रहेको **युमिका पोल्ट्री फर्म** (प्रोप्राईटर हरी वर्ण ठारा मगरको नाति, नर विर ठारा मगरको छोरा, दाङ जिल्ला, वाघमारे गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल शान्तिनगर गा.पा., वडा नं. ०१, वस्ने **धन वहादुर ठारा मगर** (ना.प्र.नं. ४६२९/५९१८, जारी मिति २०४०/११/०९, जिल्ला प्रशासन कार्यालय दाङ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. हरी वर्ण ठारा मगरको नाति, नर विर ठारा मगरको छोरा, दाङ जिल्ला, वाघमारे गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल शान्तिनगर गा.पा., वडा नं. ०१, वस्ने **धन वहादुर ठारा मगर** (ना.प्र.नं. ४६२९/५९१८, जारी मिति २०४०/११/०९, जिल्ला प्रशासन कार्यालय दाङ)।

२. नर विर ठारा मगरको नाती, धन वहादुर ठारा मगरको छोरा, दाङ जिल्ला, वाघमारे गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल शान्तिनगर गा.पा., वडा नं. ०१, वस्ने **लिलाराम ठारा मगर** (ना.प्र.नं.१९१/३०९३, जारी मिति २०६२/०१/२७, जिल्ला प्रशासन कार्यालय दाङ)।

३. नर विर ठारा मगरको बुहारी, धन वहादुर ठारा मगरको पत्नी, दाङ जिल्ला, वाघमारे गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल शान्तिनगर गा.पा., वडा नं. ०१, वस्ने **भागी ठारा** (ना.प्र.नं.१२/११०४, जारी मिति २०४४/११/२१, जिल्ला कार्यालय दाङ)।

धितो सुरक्षणको विवरण

१. **धन वहादुर ठारा मगर**को नाममा मालपोत कार्यालय दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, वाघमारे गा.वि.स. वडा नं. १/ख स्थित कित्ता नं. ६६ को क्षेत्रफल १९१२.९९ (व.मी.) र दाङ जिल्ला, वाघमारे गा.वि.स. वडा नं. १/झ स्थित कित्ता नं. २९६, ३३७ र ३४० को क्षेत्रफल क्रमश २०३१.५०, १६९.२९ र २२००.७९ (व.मी.) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय हापुरे, दाङ फोन नं. ०८२-४०३०३२

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०३/१३)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको क्रेडिट कार्ड कर्जा सुविधाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जा साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो **३५ (पैंतिस) दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचितगरिन्छ।

तपसिल

ऋणीहरूको विवरण	ऋणीहरूको विवरण
१) ऋणी : कृष्ण बहादुर मल (ना.प्र.नं. ६४७३६, मिति २०५९/१२/२३ मा जि.प्र.का. तनहुँबाट जारी भएको) ठेगाना : शुक्लागण्डकी, तनहुँ बाबु : बल बहादुर कुमाल बाजे : गोरे कुमाल	**२) ऋणी : ईश्वर राजवंशी** (ना.प्र.नं. ४१००४/३२४, मिति २०६५/०८/०३ मा जि.प्र.का. झापाबाट जारी भएको) ठेगाना : मेचीनगर, झापा बाबु : अशोक कुमार राजवंशी बाजे : कल्थु सिहं राजवंशी
३) ऋणी : एलीजा श्रेष्ठ (ना.प्र.नं. ३००१/०६७/११५१६, मिति २०६७/०८/०३ मा जि.प्र.का. काभ्रेबाट जारी भएको) ठेगाना : बनेपा , काभ्रे बाबु : विज्ञान श्रेष्ठ बाजे : दिनानाथ श्रेष्ठ	**४) ऋणी : मणेश बहादुर गुरुङ्ग** (ना.प्र.नं. २६१/४८६४४, मिति २०६८/०५/२८ मा जि.प्र.का. धादिङ्ग बाट जारी भएको) ठेगाना : त्रिपुरासुन्दरी, धादिङ्ग बाबु : कृष्ण बहादुर गुरुङ्ग बाजे : गो बहादुर गुरुङ्ग
५) ऋणी : नरेश रिमाल (ना.प्र.नं. ९/८७५/७३, मिति २०६८/५/२८ मा जि.प्र.का. ललितपुर बाट जारी भएको) ठेगाना : कम्सीखेल, ललितपुर बाबु : भोगेन्द्रनाथ रिमाल बाजे : होमनाथ रिमाल	**६) ऋणी : प्रमिला राना** (ना.प्र.नं. ८५५६०/३४०७, मिति २०५३/११/१५ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) ठेगाना : नरदेवी ,काठमाडौं बाबु : बाबु काजि शाक्य बाजे : प्रेम काजि शाक्य
७) ऋणी : अभिषेस निरौला (ना.प्र.नं. २७१०३६/१२४६३६, मिति २०७०/०५/१४ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) ठेगाना : इचंगु नागार्जुन, काठमाडौं बाबु : अर्जुन बहादुर निरौला बाजे : हरिध्वज निरौला	**८) ऋणी : केशव राज ठोकर** (ना.प्र.नं. १२१९९, मिति २०५५/०८/२० मा जि.प्र.का. दो लखाबाट जारी भएको) ठेगाना : पिपलबोट, दोलखा बाबु : सिहं बहादुर ठोकर बाजे : पुर्ण बहादुर ठोकर
९) ऋणी : रिना महर्जन (ना.प्र.नं. २८-०१-०७०-०४४४२, मिति २०७०/१०/०१ मा जि.प्र.का. ललितपुरबाट जारी भएको) ठेगाना : टिकाभैरव, ललितपुर बाबु : राम महर्जन बाजे : गुण सिंह महर्जन	**१०) ऋणी : रमिता झ्यारी मगर श्रेष्ठ** (ना.प्र.नं. २७-०१-७६-०३४४३, मिति २०७६/०३/०२ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) ठेगाना : नक्साल, काठमाडौं बाबु : माइला झ्यारी मगर बाजे : बाल बहादुर मगर
११) ऋणी : सबिना कार्की (ना.प्र.नं. २२२९३०१७०/१०६, मिति २०६३/११/१५ मा जि.प्र.का. भक्तपुर बाट जारी भएको) ठेगाना : सिरुठार, भक्तपुर बाबु : उत्तर बहादुर कार्की बाजे : बद्रि बहादुर कार्की	**१२) ऋणी : युति नेपाल** (ना.प्र.नं. २७१०६०/८७५/४०७५५, मिति २०६३/१०/२९ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) ठेगाना : राधेमार्ग, काठमाडौं बाबु : कुशल कुमार नेपाल बाजे : धुन्ड राज शर्मा

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

सिद्धार्थ बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८०/०३/१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित **गैह्र बैंकिङ्ग सम्पत्ति** जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/संस्थाबाट निम्नलिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरि लिने हो सोही मूल्य खोली यस बैंकको **शाखा कार्यालय बिर्तामोड, झापामा** यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र पेश गर्नुहुन आव्हान गरिएको छ।

तपसिल

गैह बैंकिङ्ग सम्पतिको विवरण
१. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, गरामनी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ७७ को क्षेत्रफल ५३८४.५८ (व.मी.) बमोजिमको घर/जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. यस बैंकको नाममा दर्ता कायम रहेको मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ३४ को क्षेत्रफल २३२३.६० (व.मी.) बमोजिमको घर/जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
शर्तहरु :
१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय बिर्तामोड, झापाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०३/२७ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय बिर्तामोड, झापामा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०३/२८ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय बिर्तामोड, झापामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय बिर्तामोड, झापा वा विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank

विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाण्डौं
फोन नं. ०१-४४४२९१९/२१, ४४१५७६२
Website: www.siddharthabank.com

१३ अर्बको...

पृष्ठ १ बाट क्रमशः

मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख कलाधर देउजा, सोही कार्यालयका कर्मचारी सुरेन्द्रमान कपाली, धर्मप्रसाद गौतम, हुपेन्द्रमणि केसी र गोपाल कार्कीलाई पक्राउ गरेको हो। गुरुङ, शाह, गौतम र कार्की हिरासतमै छन् भने अदालतबाट पहिल्यै 'स्टे अर्डर' जारी भएका केसी, देउजा र कपालीलाई भने साँझ हाजिर जमानीमा छाडिएको छ। सिआइबी स्रोतका अनुसार डेढ वर्षअघि नै जिल्ला अदालतले तीन सयभन्दा धेरैविरुद्ध पक्राउ पुर्जी जारी गरिसकेको छ। 'चारवटा मुद्दामा चार सय ६ जना प्रतिवादी छन्,' सिआइबी स्रोत भन्छ, 'केही प्रतिवादी चारै मुद्दामा रहेकाले यसमा करिब तीन सय व्यक्तिको संलग्नता देखिन्छ।'

यो मुद्दामा १३ अर्बभन्दा ठूलो बिगो हुनेछ। एक सय ३६ रोपनी जग्गाको हालको सरकारी मूल्यांकनअनुसार प्रहरीले बिगो कायम गरी मुद्दा चलाउने तयारी गरेको छ। एक सय ४३ रोपनी हिनामिना भए पनि सात रोपनी बाटोमा पर्ने भएकाले एक सय ३६ रोपनी जग्गाको माग दाबी लिन लागिएको हो। वडा कार्यालयले सो जग्गाको मूल्य प्रतिआना ६० लाख रुपैयाँ हुने मूल्यांकन दिएको छ। जसअनुसार एक सय ३६ रोपनीको १३ अर्ब पाँच करोड ६० लाख हुनेछ। वडाले दिएको यो मूल्यांकन दुई वर्षअघिको हो। हाल मूल्य अझै बढेकाले बिगो बढ्न सक्नेछ।

सिआइबीले डेढ वर्षअघि नै सयभन्दा धेरैलाई पक्राउ गर्ने योजना बनाएको भए पनि सरकारले साथ नदिएपछि पूर्ण तयारी गरेर पनि अप्रेसन रोकिएको थियो। पछि बिचौलिया रामकुमार सुवेदी र उनकी श्रीमतीलाई पक्राउ गरेर अभियोजन अघि बढाएकोमा अनुसन्धान पूरा नभएको भन्दै जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले फाइल फिर्ता गरिदिएको थियो। त्यसपछि अनुसन्धान अलपत्र परेकोमा हालै सरकारबाट 'ग्रिन सिग्नल' पाएपछि सिआइबीले मुद्दा दायरको प्रक्रिया अघि बढेको सिआइबीका अधिकारी बताउँछन्। सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्य एक चरणमा विस्तृत अनुसन्धान भइसकेको र त्यसमा दोषी देखिएकालाई पक्राउ गरी थप अनुसन्धान अघि बढाइएको बताउँछन्।

पूर्वमन्त्रीसम्म सिआइबी अनुसन्धानको घेरामा

सिआइबीले लिखत किर्ते मुद्दामा तत्कालीन मन्त्रीसम्मलाई मुद्दा चलाउनुपर्ने निष्कर्ष निकालेको छ। जसमा तत्कालीन भौतिक पूर्वाधारमन्त्री विजयकुमार गच्छदार र भूमिसुधारमन्त्री डम्बर श्रेष्ठसमेत तानिने सम्भावना छ। त्यस्तै, भूमिसुधार मन्त्रालयका सचिवद्वय छविराज पन्त र दिनेशहरि अधिकारी तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिवका हैसियतमा दीप बस्न्यातविरुद्ध त पक्राउ पुर्जी नै जारी भइसकेको छ। सिआइबीले प्रतिवादी पक्राउ गर्न थालेलगत्तै केही फरार भइसकेका छन्।

कर्मचारीले किर्ते कागजपत्र पेस गरी मन्त्री र मन्त्रिपरिषद् लाई नै झुक्याएको भनेर सिआइबीको अनुसन्धान प्रतिवेदन छ। जसकारण तत्कालीन प्रधानमन्त्रीहरू भने जोगिने सम्भावना छ। बाबुराम भट्टराई र माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले भूमाफियालाई फाइदा हुने गरी यसमा निर्णय गरेको थियो।

सिआइबीले सरकारी जग्गाको कारोबारबाट फाइदा लिने व्यक्तिलाई पनि अनुसन्धानमा तानेको छ। त्यसमध्ये सर्वोच्चका न्यायाधीश कुमार रेग्मी तथा एमाले नेता विष्णु पौडेलका छोरा नवीनले भने जग्गा फिर्ता गरेका थिए। उनीहरूको हकमा भने अख्तियारले जस्तै जग्गा फिर्ता गरेकै आधारमा उन्मुक्तिको सम्भावना छ।

पाँच वर्ष लगाएर विस्तृत अनुसन्धान

०४९, ०६२, ०६७/६८ र ०६९/७० मा भएका छुट्टाछुट्टै निर्णयबाट ललितानिवास क्याम्पको जग्गा हिनामिना भएका आधारमा चारवटा मुद्दा दायर हुन लागेको हो। बिचौलियाद्वय रामकुमार सुवेदी र शोभाकान्त ढकालको चारवटै मुद्दामा संलग्नता देखिएको छ।

गृह मन्त्रालयअन्तर्गतको समरजंग कम्पनीले चार वर्षअघि नै सिआइबीमा जाहेरी दिइसकेको छ। ठगी र किर्ते मुद्दामा जाहेरी परेकोमा गत सरकारकै दबाबमा ठगी मुद्दा नचलाउने निर्णय भएको थियो। भ्रष्टाचार मुद्दा चलिसकेको कारण देखाएर ठगी मुद्दा नचलाउने निर्णय सरकार वकिलबाट भएको थियो।

प्रधानमन्त्रीनिवाससँगै जोडिएको एक सय ४३ रोपनी जग्गा पटक-पटक किर्ते कागजपत्र बनाएर व्यक्तिको नाममा पास गरिएको सिआइबी अनुसन्धानको निष्कर्ष छ। एक सय १२ रोपनी जग्गा मन्त्रिपरिषद्को निर्णयको गलत व्याख्या गरी फिर्ता गरेर हिनामिना भएको थियो। काग्रेसका संस्थापक नेता सुवर्णशमशेर राणाका परिवारको सो जग्गा पञ्चायतकालमा जग्गा प्राप्ति ऐनअनुसार क्षतिपूर्ति दिएर अधिग्रहण भएको थियो। १५ मंसिर ०२१ मा दुई सय ९९ रोपनी नौ आना तीन पैसा जग्गा अधिग्रहण भएको थियो। सोही जग्गामा पछि प्रधानमन्त्रीनिवास, सभामुखनिवास, प्रधानन्यायाधीशनिवास तथा नेपाल राष्ट्र बैंकको कार्यालय छ।

बाँकी जग्गा गृह मन्त्रालयअन्तर्गतको नेपाल समरजंग कम्पनीको नाममा राखियो। सो कम्पनीका कर्मचारीलाई समेत भूमाफियाले प्रभावमा पारी सरकारी जग्गा व्यक्तिको नाममा लगेर बिक्री गरेका थिए। भूमाफियाले नै पछि टिकिन्छा गुठी बनाएर नक्कली मोही खडा गरेर थप जग्गा हिनामिना गरेका थिए। ती मोहीहरूले सिआइबीमा उपस्थित भएर भूमाफिया शोभाकान्त ढकाल र रामप्रसाद सुवेदीले केही पैसा दिएर कागजपत्रमा हस्ताक्षर गराएको बताएका छन्।

प्रजातन्त्र आएपछि कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले जफत गरिएका जग्गा प्रक्रिया पुऱ्याएर फिर्ता दिने निर्णय भएकोमा अधिग्रहण भएको जग्गालाई जफतको परिभाषा गरेर मिलेमतोमा राणाको सन्तानको नाममा लगिएको थियो। पछि प्रधानमन्त्रीनिवास विस्तार तथा नक्कली गुठी खडा गरी नक्कली मोही बनाएर थप ३१ रोपनी हिनामिना भएको हो।

यसरी सरकारी जग्गा व्यक्तिको नाममा लैजाँदै दर्जनौँ सरकारी कागजपत्र किर्ते भएका थिए। सरजमिन मुचुल्का र निवेदन मात्र होइन अदालतको फैसलासमेत किर्ते गरेर पेस गरिएको थियो। वडा कार्यालयका कतिपय पत्रसमेत किर्ते बनाइएको थियो। बिचौलिया र मालपोतका कर्मचारी किर्तेमा संलग्न भएको निष्कर्ष निकाली उनीहरूलाई मात्र मुख्य दोषी बनाएर सिआइबीले मुद्दा अघि बढाउन लागेको हो।

पूर्वसचिव शारदाप्रसाद त्रिताल नेतृत्वको छानबिन समितिले किर्तेमा संलग्नलाई प्रहरीमार्फत कारबाही गर्न सिफारिस गरेको थियो। सोही प्रतिवेदनमा टेकेर सिआइबीले थप छानबिन गरी दुई वर्षअघि नै गृह मन्त्रालयलाई प्रतिवेदन बुझाएपछि किर्ते र ठगी मुद्दामा जाहेरी परेको थियो। लगत्तै सिआइबीले विशेष टिम बनाएर विस्तृत अनुसन्धान गऱ्यो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भन्दा विस्तृत अनुसन्धान गरे पनि शक्तिशाली व्यक्ति मुछिएकाले यसमा प्रहरी अनुसन्धान उच्च तहसम्म पुग्नेमा आशंका व्यक्त गरिएको छ।

अख्तियारले सो जग्गा सुरुमा नामसारी गर्ने र पछिल्ला धनीलाई मात्र मुद्दा चलाएको थियो। सिआइबीले बीचमा जग्गा लिएर बेच्ने, राणा परिवारबाट बकस पाउनेलाई पनि छानबिनमा तानेको थियो। करिब २२ रोपनी जग्गा त्यतिवेलाका सरकारी कर्मचारीलाई बकस दिइएको थियो। जसकारण सिआइबीको अनुसन्धानमा प्रतिवादीको संख्या करिब दोब्बर भएको हो।

दुई वर्षअघि मुद्दा पन्छाउन प्रयोग गरिएको कानुनबाटै अभियुक्त पक्राउ

सरकारी कागजात किर्ते गरेको भन्दै सिआइबीले दुई वर्षअघि नै तीन सयभन्दा धेरै अभियुक्तविरुद्ध रायसहितको अनुसन्धान प्रतिवेदन काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाएको थियो। सिआइबीले उनीहरूविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को सरकारी कागजात किर्ते महलअन्तर्गत मुद्दा चलाएको थियो, तर सरकारी वकिल कार्यालयले मुद्दा अभियोजन गरेन। बरु, तत्कालीन महान्यायाधिवक्ता खम्म खातीले मुद्दा नचलाउन कार्यालयलाई निर्देशन दिए। नभन्दै कार्यालयले २६ पुस ०७८ मा अनुसन्धान नपुगेको र मुद्दा मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत नभई मुलुकी ऐन, २०२० अनुसार चलाउन भन्दै सिआइबीलाई नै प्रतिवेदन फिर्ता गऱ्यो। यसमा कार्यालयको तर्क थियो, 'घटना मुलुकी ऐन कार्यान्वयनमा रहेको बखत भएको हुँदा सोही ऐनअनुसार मुद्दा चलाउनू।'

कार्यालयले यसो गर्नुमा अर्को पनि उद्देश्य छिपेको देखिन्छ- अभियुक्त दोषी ठहर भइहाले पनि सजाय कमभन्दा कम होस्। किनकि सरकारी कागजात किर्ते मुद्दामा मुलुकी अपराध संहिताभन्दा मुलुकी ऐनमा सजायको व्यवस्था खुकुलो छ। तर, मुलुकी ऐनमा हदम्यादको व्यवस्था छैन। संहितामा भने दुई वर्षको हद म्याद छ। त्यसैले कार्यालयले २६ पुस ०७८ मा मुद्दा अभियोजन नगरेर सिआइबीलाई नै फिर्ता गरेको थियो। किनकि २७ पुस ०७८ मा हदम्याद सकिँदै थियो।

सिआइबीले अहिले मुलुकी ऐन, २०२० कै आधारमा अभियुक्तलाई पक्राउ गरेको छ। सिआइबीका प्रमुख एआइजी किरण बज्राचार्यले उनीहरूलाई मुलुकी ऐन, २०२० सरकारी कागजात किर्ते महल प्रयोग गरी पक्राउ गरिएको बताइन्। 'सरकारी वकिल कार्यालयले घटना मुलुकी ऐन कार्यान्वयन हुँदा बखत भएको भन्दै मुद्दा पनि सोही ऐनअनुसार चलाउन निर्देशन दिएको थियो। हामीले सोही ऐन प्रयोग गरेर घटनासँग सम्बन्धित अभियुक्त पक्राउ गरेका हौं। घटनामा हालसम्म सात अभियुक्त पक्राउ परेका छन्। बाँकी अभियुक्तको खोजीकार्य जारी छ,' उनले भनिन्।

गुरुङलाई सोमबार राति नै पक्राउ गर्ने योजना थियो

ललितानिवास जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग मात्र नभई प्रहरीलाई समेत सधैं लाग्ने आरोप हो- ठूला माछा छाड्ने र साना माछा पक्राउ गर्ने। तर, सिआइबी यसपटक सिआइबी हाई प्रोफाइल अभियुक्त पक्राउ गरेर उक्त आरोप काट्न चाहन्थ्यो। त्यसैले सिआइबीको हिट लिस्ट थिए- गुरुङ। टार्गेट गरिएका सबै अभियुक्तलाई सोमबार बेलुका नै पक्राउ गर्ने योजनाका साथ सिआइबीको टोली तयारी अवस्थामा थियो। यसका लागि सिआइबीले 'लोकेसन कन्फर्म'का लागि सबै अभियुक्तको फोन ट्र्याकिङ गऱ्यो। तर, गुरुङको लोकेसन जनकपुर देखियो। अन्यलाई पक्राउ गर्दा विगतदेखिको आरोप पुनः लाग्ने मात्र नभई गुरुङ उतैबाट भारत भाग्न सक्ने जोखिम देखिएपछि सिआइबीको टोली योजनाबाट एक कदम पछाडि हट्यो।

तर, प्रत्येक टार्गेटप्रतिको उच्च निगरानी जारी थियो। यही क्रममा गुरुङ मंगलबार बिहान जनकपुरबाट त्रिभुवन विमानस्थल उत्रिए। उनी सरासर नक्सालस्थित घर पुगे। जब उनलाई पक्राउ गर्ने निश्चित गरियो, त्यसपछि बाँकी 'टार्गेट'का निम्ति टोली परिचालित भए। नभन्दै मंगलबार बिहान ८:३० देखि ९:०० सम्म 'टार्गेट' गरिएका सात अभियुक्त पक्राउ परिसकेका थिए।

किर्ते कागजातका आधारमा नक्कली मोही खडा गरी भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङले पटक-पटक गरी २० रोपनी आठ आना र तीन दाम जग्गा आफ्नो नाममा ल्याएका थिए। उक्त जग्गाको मूल्य करिब साढे दुई अर्ब रुपैयाँ पर्छ।

घटनाका मुख्य योजनाकार शोभाकान्त ढकाल र रामकुमार सुवेदी थिए। सरकारी जग्गा व्यक्तिको नाममा ल्याउन ढकाल र सुवेदीले वरिष्ठ अधिवक्ता प्रयोग गरेका थिए। यो धन्दामा संलग्नमध्येका तत्कालीन वरिष्ठ अधिवक्ता हुन्- कुमार रेग्मी। जो अहिले सर्वोच्च अदालतमा न्यायाधीश छन्। बहस गरिदिएबापत उनलाई गुरुङले आफ्नो भागमा परेको ललितानिवासको जग्गा नै पास गरिदिएका थिए। त्यस्तै, अदालत र मालपोत कार्यालयमा सेटिङ मिलाउन पनि ठूलो खर्चको आवश्यकता थियो। यसमा गुरुङले नै लगानी गरेका थिए।

गुरुङले उक्त जग्गामध्येको केही हिस्सा डिम्पल वंशल, प्रवीण ताम्राकार, नितु गुरुङ, भारती पाण्डे, नूतन श्रेष्ठ, अच्युतराज श्रेष्ठ, सरिता मानन्धर र अभिताम्भ तुलाधरलाई बिक्री गरिसकेका छन्। केही जग्गा भाटभटेनी डिपार्टमेन्ट स्टोरका नाममा राखेका छन्। जग्गा किर्तेमा उनका छोरा कल्याण, छोरी कामना, भाइ पहलमान र बुहारी सरला गुरुङ पनि संलग्न छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोही मुद्दा २२ माघ ०७६ मा विशेष अदालतमा दर्ता गरेको थियो। जुन अहिले पनि विचाराधीन छ। अख्तियारले घटनामा जोडिएका सयजनाविरुद्ध मुद्दा दायर गरे पनि सिआइबीको अनुसन्धानले तीन सय ७० अभियुक्त घटनामा जोडिएको देखाउँछ।

कसरी तानिए पूर्वनिर्वाचन आयुक्त शाह ?

यो मुद्दामा पक्राउ परेका पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह अवकाशप्राप्त सहसचिव हुन्। जग्गा हिनामिना प्रकरणमा उनको प्रत्यक्ष भूमिका छैन। तर, राणा परिवारसँग उनले करिब पाँच रोपनी जग्गा बकस पाएका थिए। त्यो बकसको पुष्टि गर्न नसकेपछि उनी पनि छानबिनमा तानिएका हुन्। सिआइबी स्रोतका अनुसार शाहपत्नी उर्मिलाको नाममा पाँच रोपनी दुई आना जग्गा बकस गएको थियो। उर्मिलासँग दुई वर्षअघि नै सिआइबीले बयान लिएको थियो। जसमा उनले बकस दिने राणा परिवारलाई आफूले नचिन्ने बताएकी थिइन्। स्रोतका अनुसार भक्तपुर मालपोत कार्यालयमा कार्यरत रहँदा शाहले पनि सो जग्गा व्यक्तिको नाममा लैजान अप्रत्यक्ष सहयोग गरेका थिए। सोही आधारमा उनले जग्गा बकस पाएका हुन्। सो जग्गा उनले पहिले नै बिक्री गरिसकेका छन्।

यसरी धेरै कर्मचारीले जग्गा बकस लिएका थिए। तत्कालीन मालपोत विभागका प्रमुख मुकुन्दप्रसाद आचार्यले ससुरा वैकुण्ठ शर्मा रेग्मीको नाममा जग्गा बकस लिएका थिए। त्यस्तै, मालपोतका तत्कालीन अधिकृत प्रेमबहादुर खापुङले श्रीमती खिमादेवी आङबुहाङ, सालोकी श्रीमती शशिकला सुब्बा तथा भिनाजु मोहनप्रसाद भट्टराईको नाममा जग्गा लिएका थिए।

तत्कालीन शाखा अधिकृत गेहनाथ भण्डारीले श्रीमती भुवनकुमारी चापागाईं तथा सासू सोदाकुमारी चापागाईंको नाममा जग्गा लिएका छन्। समरजंग कम्पनीका सहायक लेखापाल रहँदा विनोदप्रसाद पौडेलले श्रीमती विद्या पौडेलको नाममा घुसका रूपमा जग्गा बकस लिएको सिआइबीको निष्कर्ष छ। कलाधर देउजाले साहु इन्द्रबहादुर थापा, जगत पुडासैनीले दिदी मिठु चापागाईंको नाममा जग्गा लिएका छन्। जसमा सबै पक्षको बयान सिआइबीले लिइसकेको छ। जसमा जग्गा लिनेले राणा परिवारसँग बकस लिनुपर्ने कारण खुलाउन सकेका छैनन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यसरी बकस लिने सबैलाई उन्मुक्ति दिएको थियो। सिआइबीले भने सबैलाई अनुसन्धानको दायरामा तानेको छ। त्यसो त अख्तियारको तुलनामा यो मुद्दामा दोब्बर प्रतिवादी हुने सिआइबी निष्कर्ष छ।

राष्ट्रसंघीय महासचिवलाई नेपाल भ्रमणका लागि प्रधानमन्त्री प्रचण्डको निम्तो

संक्रमणकालीन न्याय प्रक्रियामा पनि सहयोगको आग्रह



न्युयोर्कमा **पर्शुराम काप्ले**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरसलाई नेपाल भ्रमणको निमन्त्रणा दिएका छन्। प्रधानमन्त्री प्रचण्डले पत्रमार्फत संक्रमणकालीन न्याय प्रक्रिया टुंग्याउने नेपालको प्रयासमा सहयोग र सद्भावका लागि समेत आग्रह गरेका छन्।

राष्ट्रसंघका लागि नेपाली स्थायी प्रतिनिधि अमृतबहादुर राईले मंगलबार राष्ट्रसंघ मुख्यालयमा महासचिव गुटेरसँग शिष्टाचार बिदाइ भेटका क्रममा प्रधानमन्त्री प्रचण्डको निमन्त्रणपत्र हस्तान्तरण गरेका थिए। 'प्रधानमन्त्रीले औपचारिक निमन्त्रणा गर्नुभएको चिठी महासचिव गुटेरसलाई हस्तान्तरण गर्ने। नेपालको विकास प्रक्रियामा आगामी दिनमा निरन्तर सहयोगका लागि आग्रह गर्ने,' कार्यकाल सकेर स्वदेश फर्किने क्रममा रहेका स्थायी प्रतिनिधि राईले नयाँ पत्रिकासँग भने।

नेपाल भ्रमणका लागि आफू उत्सुक रहेको र भविष्यमा यसबारे कूटनीतिक च्यानलमार्फत छलफल गरिने पनि महासचिवको भनाइ थियो। नेपालको शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघ र तत्कालीन मिसन अनमिनले पुऱ्याएको योगदानको पनि प्रधानमन्त्रीले प्रशंसा गरेका छन्। महासचिव गुटेरसले नेपालको मौलिक शान्ति प्रक्रिया टुंगोमा पुगोस् भन्ने चाहना व्यक्त गर्दै यसका लागि पूर्ण समर्थन रहने वचनबद्धता व्यक्त गरेको राईले जानकारी दिए। प्रधानमन्त्री प्रचण्डले शान्ति प्रक्रियाको बाँकी काम (संक्रमणकालीन न्याय प्रक्रिया) टुंग्याउने प्रयासमा सहयोग र सद्भावका लागि प्रयास गर्न स्थायी प्रतिनिधि राईलाई निर्देशन दिँदै आएका थिए। 'प्रधानमन्त्रीको निर्देशनअनुसार यस विषयमा ध्यानाकर्षण गर्दै आएको छु' राईले भने।

महासचिव गुटेरसलाई यसअघि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले पनि निमन्त्रणा गरेकी थिइन्। यसैगरी, नेपालले आयोजना गर्ने तयारी गरेको सगरमाथा संवाद कार्यक्रममा विशिष्ट अतिथिका रूपमा सहभागी हुन नेपालले निमन्त्रणा पठाएको थियो। तर, कोरोना महामारीका कारण नेपालले चार वर्षअघि जलवायु परिवर्तनसम्बन्धी सम्मेलन सगरमाथा संवाद स्थगित गरेको थियो। सन् २००८ मा तत्कालीन राष्ट्रसंघीय महासचिव वान की मुनले नेपाल भ्रमण गरेका थिए।

स्थायी प्रतिनिधि राईका अनुसार नेपालप्रति राष्ट्रसंघ नेतृत्व सधैं सकारात्मक छ। उनले एक महिनाअघि पनि महासचिव गुटेरसँग शिष्टाचार भेट गरेका थिए। 'कोभिड- १९ पछि नेपालको आर्थिक पुनरुत्थानमा विशेष गरी दिगो विकास लक्ष्य हासिल गर्ने प्रक्रियामा र सन् २०२६ पछि नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुँदै गरेको अवस्थामा हाम्रो विकास प्रक्रियामा सहयोगका लागि महासचिवसँग नेपालले सहयोगको अपेक्षा राखेको जानकारी दिएँ,' राईले भने, 'त्यसका लागि नेपाललाई राष्ट्रसंघका तर्फबाट पूर्ण सहयोग र समर्थन हुने प्रतिबद्धता महासचिवले जनाउनुभयो।' नेपालले विकास प्रक्रियामा राष्ट्रसंघबाट सहयोग, प्रविधि र विशेषज्ञताको अपेक्षा गरेको छ। 'आर्थिक समृद्धि र समुन्नति संविधानमै परिभाषित राष्ट्रिय हित हो। यसका लागि अन्तर्राष्ट्रिय समुदायको साथ र सहयोग खोजेका छौं,' राईले भने।

कार्यकाल सकेर आगामी आइतबार स्वदेश फर्किन लागेका राईले अन्तर्राष्ट्रिय समुदायमाझ राष्ट्रसंघमा नेपालको परिपक्व छवि स्थापित रहेको बताए। नेपालको शान्ति प्रक्रिया छोटो समयमा सहज रूपमा करिब-करिब सम्पन्न भएको विषयलाई धेरैले चाखपूर्वक लिएको पनि उनले सुनाए। 'नेपालले छोटो समयमा हासिल गरेको शान्ति प्रक्रियालाई सबैले नेपालको महत्त्वपूर्ण उपलब्धि मानेका छन्,' उनले भने, 'शान्ति स्थापक मिसनमा नेपाली फौज दोस्रो ठूलो संख्यामा पुगु, शान्ति स्थापक मिसनमा नेपाली महिला सुरक्षाकर्मीको संख्या सबैभन्दा धेरै हुनु भनेको नेपालको विदेश नीतिको उपलब्धि हो।'

आज...

पृष्ठ १ बाट क्रमशः

विज्ञप्ति जारी गर्दै उच्चमा न्यायाधीश नियुक्त गर्दा कानुन व्यवसायीहरूको पनि सम्मानजनक संख्या हुनुपर्ने माग गरेकी छिन्। 'अदालतमा न्यायाधीश नियुक्ति गर्दा सक्षम एवं योग्य व्यक्तिहरू मात्रै न्यायाधीश नियुक्ति गर्नुपर्दछ भन्ने आफ्नो मान्यता रहेको' बारको विज्ञप्तिमा छ। 'उच्च अदालतका न्यायाधीशहरू नियुक्ति गर्दा विगतका परम्पराहरूसमेतलाई मध्यनजर गरी कानुन व्यवसायीको क्षेत्रबाट सम्मानजनक संख्यामा नियुक्त गर्नुहुन नेपाल बार एसोसिएसन न्यायपरिषद्को ध्यानाकर्षण गर्न चाहन्छ,' विज्ञप्तिमा छ।

डलर अर्बपति...

पृष्ठ १ बाट क्रमशः

भनेझैं उनले अनलाइन बिजनेस थाले। सन् १९९९ मा उनले साथीहरूसँग मिलेर ई-कमर्स कम्पनी अलिबाबाको स्थापना गरे। त्यसको सुरुवाती चरणमा चिनियाँ नागरिकले उनलाई ठग भन्ठाने। तर, बिस्तारै इन्टरनेटको विस्तारबाट अलिबाबाको कारोबार बढ्न थाल्यो।

सन् २०१४ मा अलिबाबाले अमेरिकामा २५ अर्ब डलरको आइपिओ ल्यायो। र, विश्वको मूल्यवान् कम्पनीको सूचीमा सूचीकृत भयो। यो अमेरिकी इतिहासकै सबैभन्दा ठूलो आइपिओ थियो। विश्वकै सर्वाधिक ठूलो ई-कमर्स कम्पनी अलिबाबा समूहका संस्थापक ज्याक माले आफ्नो ५५औं जन्मदिनका अवसर (१० सेप्टेम्बर २०१९) मा कम्पनीको अध्यक्षको पदबाट राजीनामा दिएका थिए। त्यतिवेला अमेरिका-चीन करयुद्धले व्यवसायमा पारेको प्रभावका कारण नै उनले अध्यक्ष पदबाट राजीनामा दिएको बताइएको थियो।

सन् २०२० मा चीन सरकारको आलोचना गरेपछि ज्याक मा सार्वजनिक जीवनबाट हराएका थिए। उनले चीनको वित्तीय नियम र सरकारी बैंकको विषयमा भाषण दिने क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङको आलोचना गरेका थिए। यो भाषणपछि चिनियाँ कम्युनिस्ट पार्टीले विरोध गरेको थियो। उनको भाषणलाई पार्टीमाथिको हमलासमेत भनिएको थियो। त्यसपछि उनको व्यापारमा अवरोधसमेत हुन थालेको थियो। पछि उनी जापानमा देखिएका थिए।

ट्रान्सक्रिप्ट तथा प्रमाणपत्र हरायो

मिति २०८०/१/१५ गते कमलपोखरी बाट लगनखेल सम्म जाँदा मेरो इ.एम.बी.ए.को सक्कल मार्कसिट, ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रसमेत हराएकोले पाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध छ।

नाम : समिना श्रेष्ठ
ठेगाना : झम्सिखेल, ललितपुर
Exam Roll No. 439013
PU Reg. No. 2003-2-20-0013
सम्पर्क : ९८५११०४३४१

सिन्धुज्वाला हाइड्रो पावर लि.
तीनकुने, काठमाडौं

निर्वाचन समितिको कार्यालय खडा गरिएको सूचना

शेयरधनी महानुभावहरु कम्पनी रजिष्ट्रारको कार्यालयको प्राप्त निर्देशन र श्री उच्च अदालत पाटनको फैसला वमोजिम यस कम्पनीको विशेष साधारण सभाबाट सञ्चालक समितिको निर्वाचन गराउनु पर्ने भएकाले पूर्व मितिमा प्रकासित सूचना वमोजिम मिति २०८० साल असार १६ गते विशेष साधारणसभा बोलाईएकोले निर्वाचन प्रयोजनको लागि निर्वाचन समिति समेत गठन भइ सकेकाले निर्वाचन समितिको कार्यालय विशेष साधारणसभा स्थल स्काई पार्टि प्यालेस, सिहदरबार वग्गी खानामै खडा गरिएको व्यहोरा सबै शेयरधनी महानुभावहरुमा जानकारी गराइन्छ।

प्रमुख निर्वाचन अधिकृत

नोट : निर्वाचन निर्देशिका वमोजिम प्रोक्सीबाट निर्वाचनमा भाग लिने महानुभावहरूले ४८ घण्टा अघि निर्वाचन समिति समक्ष प्रोक्सी दर्ता हुनु पर्नेछ।

- प्रोक्सि दर्ता गर्दा र साधारण सभामा भाग लिदा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१/२ को निर्णय र निर्देशन पत्र पुर्वको शेयरलगत लाई मानिनेछ।
- पूर्व मितिमा प्रकाशित गरिएको निर्वाचन कार्यक्रम अदालतमा चलेको मुद्दाको कारणले स्थगन भएकोमा सोहि कार्यक्रमलाई पुनः सूचारु गरिनेछ।
- मिति २०८०/३/१६ को निर्वाचन प्रयोजनको लागि निर्वाचन समितिबाट छुट्टै निर्वाचन कार्यक्रम प्रकाशन गरिनेछ।

Buddhashanti Rural Municipality
Office of The Rural Municipal Executive
Budhabare, Jhapa
Koshi Province, Nepal

Invitation For Bids

Date of publication:2080/03/13 (2023/06/28)

Invitation for: Construction of Budhabare Market Commercial Building (Multiyear Project)

Bids No: 12-BRM/WORKS/079/80

1. **Buddhashanti Rural Municipality has allocated funds** from **Internal Source** towards the cost of **Construction of Budhabare Market Commercial Building (Multiyear Project)** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Bids No: 12-BRM/WORKS/079/80**. Bidding is open to all eligible as per Section V of bidding document.
2. **Buddhashanti Rural Municipality** invites sealed bids or electronic bids from eligible bidders for the **Construction of Budhabare Market Commercial Building (Multiyear Project) with sanitary and electrification** under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:

   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs. 2,78,00,000.00**
   - Minimum Work experience of similar size and nature: **NRs. 1,12,00,000.00**
3. Under the **Single Stage, Two Envelope Procedure**, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Bidder should submit their bid electronically, for that Bidder should download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid, should deposit the cost of **NRs. 5000** for bidding document in the Project's Rajaswa (revenue) account as specified below:

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: NIC Asia Bank Ltd.

   Name of Office Account: GA 1.1-ANTARIK RAJASWA KHATA-BUDDHASHANTI GAUPALIKA

   Office Account no.: 0852055499513007

   Office Code no.: 80101327, Rajaswa (revenue) Shirshak no.: 14229
5. Pre-bid meeting shall be held at **Buddhashanti Rural Municipality Office** at **2080-04-02 (2023-07-18 AD), 1:00 PM**
6. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00 PM** on **2080-04-12 (2023-07-28 AD)**. Bids won't be received after this deadline.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM** at **2080-04-12 (2023-07-28 AD)** at the office of **Buddhashanti Rural Municipality**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in e-bid, amounting to a minimum of **NRs. 7,00,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid **(2080-08-08 BS (2023-11-24 AD))**
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Chief Admninistrative Officer

बुधबार १३ असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

साफमा १५ वर्षपछि पाकिस्तानविरुद्ध जित

१४औँ साफ च्याम्पियनसिपको समूह 'ए'को अन्तिम खेलमा आशिष चौधरीको डेब्यु गोलमा नेपालले पाकिस्तानलाई १-० ले हरायो, पाकिस्तानविरुद्ध १५ वर्षपछि यो जित मिलेको हो

नयाँ पत्रिका
काठमाडौं, १२ असार



नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीका लागि भारतको बेंग्लोरमा चलिरहेको १४औँ दक्षिण एसियाली (साफ) च्याम्पियनसिप सुखद रहेन । तीनमध्ये दुई खेलमा हारले नेपाललाई समूह चरणभन्दा माथि उक्लन दिएन । तर, समूह चरणको अन्तिम खेल नेपालका लागि विशेष रह्यो । किनकि, १५ वर्षपछि साफमा नेपालले पाकिस्तानविरुद्ध जित हात निकाल्यो ।

मंगलबार समूह 'ए'को आफ्नो अन्तिम खेलमा नेपालले पाकिस्तानलाई १-० ले हराएको हो । सान्त्वना जितसँगै नेपालले १४औँ साफको यात्रा टुंग्याएको छ । नेपाललाई अन्तिम खेलमा जित दिलाउने क्रममा आशिष चौधरीले डेब्यु गोल गरे । फिफाको प्रतिबन्धपछि अन्तर्राष्ट्रिय फुटबलमा फर्किएको पाकिस्तानको १४औँ साफको यात्रा सुखद भएन । पाकिस्तानले समूहका सबै तीन खेल गुमायो । साफको आमन्त्रित टोली कुवेतसँगको पहिलो खेलमा पाकिस्तान २-० ले पराजित भएको थियो ।

दोस्रो खेलमा पाकिस्तान आयोजक भारतसँग पनि २-० ले नै हाऱ्यो । यता, नेपाल भने उद्घाटन खेलमा कुवेतसँग २-१ ले पराजित भएको थियो । कुवेतविरुद्धको खेलमा नेपाल स्ट्राइकर अञ्जन विष्टले एक मात्र गोल गरेका थिए । नेपाली फुटबल इतिहासमा सर्वाधिक १३ अन्तर्राष्ट्रिय गोलको कीर्तिमान बराबरी गर्न अञ्जन एक गोलले टाढा छन् । नेपालका लागि नीराजन रायमाझी र हरि खड्काले समान १३ अन्तर्राष्ट्रिय गोल गरेका छन् । यी दुवै खेलाडीका रेकर्ड पछ्याइरहेका अञ्जन पाकिस्तानसँगको खेलमा बेन्चमै बसे ।

साफ च्याम्पियनसिपको साबिक उपविजेता नेपाल सन् २०१५ पछि समूह चरणबाट नै बाहिरिएको हो । नेपाल र पाकिस्तानबीच १७ पटक खेल भएको छ । नेपालले पाँच खेलमा जित निकालेको छ । पाकिस्तानले नेपालमाथि ७ खेलमा जित हात पाऱ्यो । यी दुई राष्ट्रबीच पाँच खेल बराबरीमा सकिएका छन् । गत वर्ष नेपालले मैत्रीपूर्ण खेलमा पाकिस्तानलाई १-० ले हराएको थियो ।

आशिषको निर्णायक गोल

बेंग्लोरको कान्तिराव रंगशालामा नेपाल र पाकिस्तानबीच पहिलो हाफमा गोलरहित बराबरी भएको थियो । खेलको ८०औँ मिनेटमा नेपालले १-० को अग्रता लियो । लाकेन लिम्बूले डिबक्सबाहिरबाट दिएको पासमा आशिषले सशक्त भली प्रहार गर्दै बललाई जाली चुमाए ।

प्रशिक्षक भिन्सेन्जोले साफ च्याम्पियनसिपमा युवा खेलाडीलाई बढी मौका दिने क्रममा आशिषलाई दुई खेलमै प्रतिस्पर्धा गराए । आशिषले कुवेतविरुद्धको पहिलो खेलमा ७३औँ मिनेटमा मैदान प्रवेश गरेका थिए । अन्तर्राष्ट्रिय खेलको एक्सपोजर लिने क्रममा उनले १७ मिनेट मैदानमा बिताए । कुवेतसँग औसत प्रदर्शन गरेका आशिषले भारतसँगको खेलमा मौका पाएनन् । पाकिस्तानसँगको खेलमा उनले दोस्रो हाफमा पूरै समय बिताए । समग्रमा आशिषले साफ च्याम्पियनसिपमा ६३ मिनेट मैदानमा बिताए । नेपाललाई महत्त्वपूर्ण जित दिलाउने क्रममा निर्णायक गोल गरेका आशिष दंग छन् । उनले राष्ट्रिय टोलीबाट गोल गर्ने सपना पूरा भएको बताएका छन् । 'मेरो सपना पूरा भएको छ,' खेलपछि आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'अझ राष्ट्रका लागि धेरै गर्न बाँकी छ ।'

घरेलु फुटबलमा उनी चर्च ब्वाइज क्लबसँग आबद्ध छन् । गत महिना सहिद स्मारक 'ए' डिभिजन फुटबलमा चर्च ब्वाइजले पहिलो सहभागितामै उपाधि जित्ने क्रममा आशिषको महत्त्वपूर्ण योगदान थियो । चर्च ब्वाइज 'बी' डिभिजनमा बढुवा हुँदा पनि उनको प्रदर्शन तारिफयोग्य थियो । 'बी' डिभिजन लिगमा उनी प्रतियोगिताकै उत्कृष्ट खेलाडी बनेका थिए ।

दुवै हाफमा गोल अवसर

पाकिस्तानसँगको प्रतिस्पर्धामा नेपालले धेरै गोल अवसर सिर्जना गरेको थियो । यद्यपि, नेपाली खेलाडीले पाकिस्तानको डिफेन्स दोस्रो हाफमा एकपटक मात्र तोडे । पहिलो हाफ सकिन लाग्दा विमल घर्तीमगरले डिबक्सभित्रबाट प्रहार गरेको बललाई पाकिस्तानका गोलरक्षक युसुफ बटले सहजै बचाए । खेलको ६८औँ मिनेटमा नेपालले अग्रता लिन चुकायो ।

देवेन्द्र तामाङले बायाँ साइडबाट प्रहार गरेको फ्रिकिक बल क्रसबारमा लागेको थियो । खेलको ७०औँ मिनेटमा एरिक विष्टको प्रहार पनि पोस्टमा लागेको थियो । खेलको अन्तिम इन्जुरी समयमा नेपालले सहज अग्रता अवसर गुमायो । पाकिस्तानको डिबक्सभित्र लाकेन लिम्बू र नवयुग श्रेष्ठले गोल गर्न सकेनन् ।

अंक तालिका

समूह 'ए'

टोली	खेल	जित	बराबरी	हार	अंक
कुवेत	३	२	१	०	७
भारत	३	२	१	०	७
नेपाल	३	१	०	२	३
पाकिस्तान	३	०	०	३	०



समग्रमा नेपालको प्रदर्शनबाट खुसी छु

भिन्सेन्जो अल्बर्टो, प्रशिक्षक, नेपाल

समग्रमा साफ च्याम्पियनसिपमा हामीले राम्रो प्रदर्शन गरेका छौं । सबै खेलाडीले राम्रो खेले । नेपालको प्रत्येक खेलमा मैले इन्जोए गर्दै । खेलाडी परिवर्तन गर्दै । नेपाली खेलाडीमा पोटेन्सियल र व्यक्तिगत क्षमता छ । यसबीच हामीलाई समय चाहिन्छ । कम तयारीका बाबजुद हामीले साफमा जे गऱ्यौं, त्यो धेरै हो । पहिलो हाफमा हामीले दुई अवसर बनायौं, तर गोल भएन । पाकिस्तानसँगको खेलमा समयअनुसार हरेक क्षेत्रमा अपडेट गऱ्यौं । हामीले स्ट्राइकरलाई मौका दियौं । आशिषले गोल पनि गरे । यो नेपाली फुटबलका लागि धेरै महत्त्वपूर्ण छ । खेलमा कसैले गोल गर्नुपर्ने थियो । आज यो काम आशिषले गरे ।



गोल गर्ने सपना पूरा भयो

आशिष चौधरी, स्ट्राइकर, नेपाल

सानैदेखि नेपालका लागि गोल गर्ने सपना थियो । पाकिस्तानसँगको खेलमा त्यो सपना पूरा भएको छ । म मेरो परिवारलाई सहयोग गर्नेहरूलाई सम्झन चाहन्छु । अहिले एउटा सपना पूरा भएको छ । तर, म यतिमै खुसी हुनुहुँदैन । अझै देशका लागि धेरै गर्न बाँकी छ । देशका लागि अझै खेल्न बाँकी छ । म विदेश नै जानु थियो भने किन खेल्थें ? अहिले बल्ल म मेरो मिहिनेतको फल पाउँदै छु । परिवारबाट विदेश जान दबाब आएको थियो । तर, मैले कुनै पनि हालतमा मानिनँ । अहिले परिवारले विदेश जानुपर्दैन भनिरहेका छन् ।

खेल संक्षेप

आशिष एमेच्योर बुद्धिचाल च्याम्पियन

धनगढी/ आशिष फुयाँल एमेच्योर राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको च्याम्पियन बनेको छ । सुदूरपश्चिम बुद्धिचाल संघको आयोजनामा भएको मुख्यमन्त्री कप राष्ट्रिय एमेच्योर बुद्धिचाल प्रतियोगितामा दोलखाका आशिषले अन्तिम चरणमा पूर्वनेपाल च्याम्पियन पुरुषोत्तम चौलागाईसँग बराबरी खेल्दै उपाधि हात पारेका हुन् । नवौं चरणसम्म अपराजित रहेका आशिषले ६ खेलमा जित निकालेका थिए । उनी तीन खेलमा बराबरीमा रोकिए । समग्रमा उनले ७.५ अंक हात पारे । च्याम्पियन आशिषले ४० हजार रुपैयाँ पनि जितेका छन् । काठमाडौंका १४ वर्षीय पुरुषोत्तम सिलवाल उपविजेता भए । पूर्वनेपाल च्याम्पियन नवीन तन्डुकारलाई टाइब्रेकरमा पछाडि पार्दै पुरुषोत्तमले उपाधि हात पारेका थिए । प्रतियोगिताको महिलातर्फ कुशम पाण्डे पहिलो भएकी छिन् । दोस्रो स्थानमा मोरङकी शान्ति धिमाल र तेस्रो स्थानमा झापाकी पूजा सिंखडा भए ।

सोलुखुम्बुमा योङ स्टार ब्याडमिन्टन हुने

सोलुखुम्बु/ योङ स्टार क्लब सोलुखुम्बुले २० असारदेखि ब्याडमिन्टन प्रतियोगिता गर्ने भएको छ । पहिलोपटक आयोजना हुन लागेको प्रतियोगितामा पाँच विधामा खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन् । महिला र पुरुष जोडीबीच खेल हुने आयोजकले जनाएको छ । यसैगरी, सोलुखुम्बु जिल्लास्तरीय पुरुष डबल, भेट्रान पुरुष डबल र यू-१५ वर्ष पुरुष एकल इभेन्ट्स समावेश रहेका छन् । तीन दिनसम्म चल्ने प्रतियोगिताको पुरुष र महिला जोडीमा पहिलो हुनेले ३५ हजार रुपैयाँ पाउनेछन् । जिल्लास्तरीय खेलमा पहिलो हुनेले २० हजार र दोस्रो स्थान प्राप्त गर्नेले १५ हजार रुपैयाँ हात पार्नेछन् । यू-१५ तर्फको विजेताले १५ हजार र दोस्रो हुने खेलाडीले सात हजार रुपैयाँ पाउनेछन् । यस विधाको तेस्रो स्थानमा रहने खेलाडीद्वयले तीन हजार पाँच सय प्राप्त गर्नेछन् । पुरुषतर्फ नेपाल ब्याडमिन्टन संघको वरीयताअनुसार शीर्ष २० भित्र पर्ने खेलाडी सहभागी हुन पाउनेछैनन् । यसैगरी, जिल्लास्तरीय खेलमा प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा शीर्ष तीन स्थान प्राप्त गर्ने खेलाडी सहभागी हुन पाउनेछैनन् । प्रतियोगितामा दुई सय खेलाडी सहभागी हुने अपेक्षा आयोजक स्टार क्लबले जनाएको छ ।

दुई क्रिकेटरले भारतमा प्रशिक्षण गर्ने

सिन्धुपाल्चोक/ सिन्धुपाल्चोकको पाँचपोखरीका दुई क्रिकेट खेलाडीले भारतमा प्रशिक्षण गर्ने भएका छन् । पाँचपोखरी थाङपाल गाउँपालिकाले दुई क्रिकेट खेलाडीलाई थप तालिमका लागि भारत पठाएको हो । पाँचपोखरी थाङपाल गाउँपालिकाका सार्थक धिताल र पासाङदोर्जे तामाङलाई पालिकाले आर्थिक सहयोग गर्नेछ । यसैगरी, सिन्धुपाल्चोक क्रिकेट संघले खेलाडीहरूलाई भारतमा प्रशिक्षण गराउन समन्वय गरेको सिन्धुपाल्चोक क्रिकेट संघका अध्यक्ष विजयकुमार धितालले जानकारी दिए । सार्थक बागमती प्रदेश यू-१६ कप्तान भएका थिए । भारतको प्रतिष्ठित रणजी ट्रफीसमेत खेलिसकेका खेलाडी पुनित मेहरालेे नेपाली खेलाडीलाई प्रशिक्षण गराउनेछन् ।

पाँच खेलाडीलाई नगरपालिकाको सम्मान

मोरङ/ मोरङको पथरी-शनिश्चरे नगरपालिकाले महिला फुटबल खेलाडीद्वय सरु लिम्बू र दीपा न्यौपानेसहित पाँच खेलाडीलाई नगदसहित सम्मान गरेको छ । १३औँ नगरसभामा राष्ट्रिय टोलीमा प्रतिनिधित्व गरेका तीन र उमेरसमूहका दुई खेलाडीलाई सम्मान गरेको हो । नगरपालिकाले पाँच खेलाडीलाई जनही २५ हजार रुपैयाँ प्रदान गरेको छ । महिला सिनियर टोलीका सरु र दीपा रहेका छन् । पुरुष टोलीका दीपक राई तथा उमेरसमूहका रुपा धिमाल र पुनम चेम्जोङ सम्मानित भए । रुपाले नेपालको यू-१५ र पुनमले यू-१७ बाट नेपालको प्रतिनिधित्व गरेका थिए । नगरपालिकाले पहिलो चरणमा फुटबल खेलाडीलाई सम्मान गरेको हो । आगामी दिनमा नगरपालिकाले अन्य खेलका खेलाडीलाई पनि सम्मान गर्दै जाने जनाएको छ ।

फुटसलको उपाधि पट्टिपालाई

काठमाडौं/ पट्टिपा युथ क्लबले ललितपुरमा आयोजना भएको फुटसल प्रतियोगिताको उपाधि जितेको छ । प्रतियोगिताको फाइनलमा पट्टिपाले अफलडोल युथ क्लबलाई ४-० ले पराजित गऱ्यो । सेमिफाइनलमा पट्टिपाले भनिमण्डल भेट्रानलाई हराएको थियो । अफलडोलले गैंडागोटलाई पाखा लगायो । प्रतियोगितामा पट्टिपाका स्वीकार राना उत्कृष्ट खेलाडी भए । सर्वाधिक गोलकर्ता पट्टिपाकै सुविवेक मल्ल भए । प्रतियोगितामा ललितपुरका आठवटा टिम सहभागी थिए ।

वेस्टहृयामले अस्वीकार गऱ्यो म्यानचेस्टर सिटीको प्रस्ताव

लन्डन/ गत सिजनमा तेहरो उपाधि जितेको म्यानचेस्टर सिटीले कप्तानीका लागि डेक्लन राइसलाई राखेको ९० मिलियन पाउन्डको प्रस्ताव वेस्टहृयामले अस्वीकार गरेको छ । सन् २०२२/०२३ को सिजनमा सिटीले युरोपियन च्याम्पियन्स लिग, एफए कप तथा इंग्लिस प्रिमियर लिग जितेको थियो । सन् १९९९ मा म्यानचेस्टर युनाइटेडपछि 'ट्रेबल' उपाधि जित्ने सिटी दोस्रो इंग्लिस क्लब हो । सिटीले प्रभावशाली कप्तानका रूपमा राइसलाई भित्र्याउन कोसिस गरेको हो । यसका लागि सिटीले प्रारम्भिक ९० मिलियन पाउन्ड प्रस्ताव वेस्टहृयामसमक्ष राखेको एजेन्सीले जनाएको छ ।

> सिटीले डेक्लन राइस भित्र्याउन राखेको ९० मिलियन पाउन्डको प्रस्ताव वेस्टहृयामले अस्वीकार गरेको हो । वेस्टहृयामले सय मिलियन पाउन्डमा मात्र आफ्ना खेलाडीलाई बिक्री गर्ने जनाएको छ ।

तर, वेस्टहृयामले आफ्ना कप्तान राइसलाई कम्तीमा सय मिलियन पाउन्डको प्रस्ताव नआउँदा अन्य क्लबमा बिक्री नगर्ने जनाएको छ ।

यसैगरी, राइसलाई भित्र्याउन प्रिमियर लिगको दोस्रो स्थानमा रहेको आर्सनल पनि पछि लागेको छ । आर्सनलले २४ वर्षीय इंग्लिस मिडफिल्डर राइसलाई सिटीको भन्दा बढी रकम प्रस्ताव राख्ने सम्भावना छ । यद्यपि, आर्सनलले राइसका लागि प्रारम्भिक प्रस्तावका रूपमा ७५ मिलियन पाउन्ड राख्नेछ । साथै, बोनसका रूपमा राइसलाई आर्सनलले थप १५ मिलियन पाउन्ड दिने सम्भावना रहेको छ । सन् २०२४ को अन्त्यमा राइस र वेस्टह्यामबीचको सम्झौता समाप्त हुनेछ ।

वेस्टहृयामले राइसलाई थप एक वर्ष सन् २०२५ सम्म क्लबमै राख्ने इच्छा देखाएको छ । तर, कुनै पनि युरोपियन क्लबले आफ्ना स्टार खेलाडीमाथि सय मिलियन पाउन्ड खर्चिंदा बिक्रीमा रहेको वेस्टहृयामले स्पष्ट पारेको छ ।



■ रुवेन एसी मिलानमा

चेल्सीका मिडफिल्डर रुवेन लोफट्स सिरी ए क्लब एसी मिलानमा आबद्ध भएका छन् । २७ वर्षीय रुवेनले १० पटक इंग्ल्यान्डको राष्ट्रिय टोलीबाट प्रतिस्पर्धा गरेका छन् । चेल्सीले रुवेनलाई युवा अवस्थामै क्रिस्टिल प्यालेस र फुलहामबाट लोनमा भित्र्याएको थियो । चेल्सीमा रहँदा रुवेनले फिफा क्लब विश्वकप, युएफए सुपर कप तथा दुईपटक प्रिमियर लिग जितेका थिए । सोमबार मात्र चेल्सीका काउलिबाय साउदी अरेबियाको प्रो लिगअन्तर्गत अल हिलालसँग आबद्ध भएका थिए ।

■ विश्वकपको खेल तालिका सार्वजनिक

भारतले १५ अक्टोबरमा पाकिस्तानको सामना गर्ने

मुम्बई/ अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको खेल तालिका सार्वजनिक गरेको छ । आइसिसीले मंगलबार खेल तालिका सार्वजनिक गर्दा भारत र पाकिस्तानबीचको खेल १५ अक्टोबरमा तय गरिएको छ । प्रतियोगिताको उद्घाटन खेलमा इंग्ल्यान्डले न्युजिल्यान्डको सामना गर्नेछ । भारतमा अक्टोबर-नोभेम्बरसम्म ४६ दिनसम्म चल्ने विश्वकपमा ४८ खेल हुनेछन् । आइसिसीले बहुप्रतिष्ठित मानिने भारत र पाकिस्तानबीचको खेल नरेन्द्र मोदी अन्तर्राष्ट्रिय रंगशालामा राखेको छ ।

यसै मैदानमा १९ नोभेम्बरमा फाइनल खेल हुनेछ । मुम्बई र कोलकातामा समान एक सेमिफाइनल खेल हुने आइसिसीले जनाएको छ । आयोजक भारतले विभिन्न १० सहरमा विश्वकप प्रतियोगिता आयोजना गर्ने जनाएको छ । अहमदाबाद, बेंग्लोर, चेन्नई, नयाँदिल्ली, धर्मशाला, हैदराबाद, कोलकाता, मुम्बई, लखनउ, पुने, गुवाहाटी र तिरुवनपुम सहरमा विश्वकप आयोजना हुनेछ । आइसिसीले ३ अक्टोबरमा अभ्यास खेल सुरु गर्नेछ । विश्वकपका लागि सीधै आठ राष्ट्र छनोट भएका थिए ।

विश्वकपको ग्लोबल छनोटबाट दुई टोली आउनेछन् । अहिले जिम्बाबेमा ग्लोबल छनोट खेल चलिरहेको छ । आइसिसीले नकआउट प्रतियोगिताअघि रिजर्भ डे राखेको छ । सेमिफाइनल तथा फाइनल खेलअघि रिजर्भ डे हुने आइससीले जनाएको छ । विश्वकप इतिहासमा पहिलोपटक सेमिफाइनल र फाइनलअघि रिजर्भ डे राखिएको हो ।



श्रीलंका सुपर सिक्सको शीर्ष स्थानमा

एजेन्सी
हरारे, १२ असार



सन् १९९६ को विजेता श्रीलंका आइसिसी एकदिवसीय विश्वकप ग्लोबल छनोटको सुपर सिक्समा चार अंकका साथ शीर्ष स्थानमा छ । समूह 'बी'बाट अपराजित रहँदै सुपर सिक्समा पुगेको श्रीलंकाले नेट रनरेटका कारण शीर्ष स्थान पाएको हो । श्रीलंकाले दुई खेलमा चार अंक जोडेको छ । आयोजक जिम्बाबे दुई खेलमा चार अंकका साथ दोस्रो स्थानमा छ । श्रीलंकाको नेट रनरेट २.६९८ र जिम्बाबेको ०.९८२ छ । समूह 'बी'को स्कटल्यान्डले तेस्रो स्थान हात पारेको छ । स्कटल्यान्डको दुई खेलमा समान एक जित र एक हारसहित दुई अंक छ ।

तेस्रो स्थानमा रहेको नेदरल्यान्ड्सले दुई अंक जोडेको छ । नेदरल्यान्ड्सले २ खेलमा समान एक जित र हार प्राप्त गरेको छ । दुईपटकको पूर्वविश्वकप विजेता वेस्ट इन्डिज र ओमान अंकविहीन छन् । वेस्ट इन्डिज र ओमानले दुवै खेलमा हारका साथ पाँचौं र छैटौं स्थान प्राप्त गरेका छन् । जिम्बाबेले समूह 'ए'बाट ४ खेलमा अपराजित रहँदै सुपर सिक्सको स्थान पक्का गरेको हो । जिम्बाबेले समूह चरणमा वेस्ट इन्डिज र नेदरल्यान्ड्सलाई हराउँदै चार अंक जोडेको हो । नेदरल्यान्ड्सले समूह चरणमा चार खेलमा तीन जित र एकमा हारको सामना गऱ्यो ।

नेदरल्यान्ड्सले सोमबार वेस्ट इन्डिजलाई सुपर ओभरमा हराउँदै दुई अंक बटुलेको थियो । सुपर ओभरमा पुगेको वेस्ट इन्डिजले समूह चरणमा नेदरल्यान्ड्स र जिम्बाबेबाट हारको सामना गरेको थियो । यस कारण वेस्ट इन्डिज अंकविहीन बनेको हो ।

यसैगरी, श्रीलंकाले समूह 'बी'बाट चार खेलमा अपराजित रहँदै सुपर सिक्स स्थान सुरक्षित गरेको हो । श्रीलंकाले सुपर सिक्समा पुगेका ओमान र स्कटल्यान्डलाई हराएको थियो । यसकारण सुपर सिक्समा श्रीलंकाले चार अंक पायो । स्कटल्यान्डले समूह चरणमा चार खेलमा तीन जित र एक हार सामना गऱ्यो । स्कटल्यान्डले ओमानलाई समूह चरणमा पाखा लगाउँदा दुई अंक हात पाऱ्यो । ओमान सुपर सिक्समा पुगेका स्कटल्यान्ड र श्रीलंकाबाट पराजित भएको थियो । यस कारण ओमान अंकविहीन बनेको हो । सुपर सिक्समा हरेक टोलीले तीन खेल खेल्नेछन् ।

अंक तालिका

समूह 'ए'

टोली	खेल	जित	हार	अंक	रनरेट
जिम्बाबे	४	४	०	८	२.२४१
नेदरल्यान्डस्	४	३	१	६	०.६६९
वेस्ट इन्डिज	४	२	२	४	०.५२५
नेपाल	४	१	३	२	-१.१७१
अमेरिका	४	०	४	०	-२.१६४

समूह 'बी'

टोली	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	४	४	०	८	३.०४
स्कटल्यान्ड	४	३	१	६	०.५४
ओमान	४	२	२	४	-१.२२
आयरल्यान्ड	४	१	३	२	-०.०६
युएई	४	०	४	०	-२.२४

सुपर सिक्स

टोली	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	२	२	०	४	२.६९
जिम्बाबे	२	२	०	४	०.९८
स्कटल्यान्ड	२	१	१	२	-०.०६
नेदरल्यान्डस्	२	१	१	२	-०.७३
वेस्ट इन्डिज	२	०	२	०	-०.३५
ओमान	२	०	२	०	-३.०४

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com